# सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय र अन्तर्गत कार्यालयबाट सञ्चालन हुने महिला, बालबालिका र समाज कल्याण सम्बन्धी कार्यक्रम तथा बजेट कार्यान्वयन

# मापदण्ड, २०८२

माननीय मन्त्रीस्तरीय निर्णयबाट मिति
२०८२/०५/०६

**आ.व.२०८२/०८३**

गण्डकी प्रदेश सरकार
सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय
पोखरा, नेपाल ।

# विषय सूची


खण्डः एक ........................................................................................................ ६

परिचय तथा उद्देश्य ............................................................................................. ६

१.१ परिचयः ........................................................................................................ ६

१.३ कार्यक्रम कार्यान्वयन सम्वन्धी मार्गदर्शन : ............................................................ ६

१.४ कार्यक्रम कार्यान्वयन गर्दा ध्यान दिनुपर्ने पक्षहरुः ........................................................ ७

१.५ वित्तिय व्यवस्थापन सम्वन्धी : ............................................................................ ८

१.६ कार्यक्रम कार्यान्वयन मापदण्ड परिमार्जन/संशोधन सम्वन्धी ........................................ १०

खण्ड क

मन्त्रालय तर्फ (चालु कार्यक्रम) .................................................................................. १

२.१.१ राष्ट्रिय अपाङ्ग महासंघ गण्डकी प्रदेशसँगको समन्वयमा शारिरीक अपाङ्गता भएका व्यक्तिहरुका लागि केयर टेकर व्यवस्थापन ........................................................................................................ १

२.१.२ राष्ट्रिय वहिरा महासंघ नेपाल गण्डकी प्रदेशसँगको समन्वयमा वहिरा अपाङ्गता भएका व्यक्तिहरुका लागि दोभाषे व्यवस्थापन ........................................................................................................ २

२.१.३ विभिन्न दिवसीय कार्यक्रम तथा अभियान संचालन ....................................................... ३

२.१.४ सामाजिक विकास कार्यालयका कर्मचारी र स्थानीय तहका महिला बालबालिका शाखा हेर्ने कर्मचारीहरुको कार्यसम्पादन वृद्धि अभिमुखिकरण कार्यक्रम ...................................................... ३

२.१.६ लैङ्गिक हिंसा प्रभावितहरुको लागि जिल्ला सेवा केन्द्रका पदाधिकारी तथा सामाजिक विकास कार्यालयका कर्मचारीहरुसँग अन्तरक्रिया एवं समिक्षा कार्यक्रम ................................................ ५

२.१.७ लैङ्गिक तथा यौनिक अल्पसंख्यकहरुका लागि सशक्तीकरण कार्यक्रम ................................. ६

२.१.८ जिल्ला सरकारी वकिल कार्यालयमा पिडित कार्यकक्ष व्यवस्थापन कार्यक्रम ......................... ७

२.१.९ हिंसा प्रभावितहरुको लागि तत्काल उद्धार समन्वय संजाल वैठक संचालन .......................... ८

२.१.१० प्रदेशस्तरमा महिला, बालबालिका ज्येष्ठ नागरिक अपांगता भएका व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पसंख्यकहरुको क्षेत्रमा काम गर्ने संस्थाहरुसँग समन्वय बैठक ................................................ ९

२.१.११ सामाजिक विकास क्षेत्रको नीति, योजना, ऐन, नियम, निर्देशिका, मापदण्ड र कार्यविधि तर्जुमा. ९

२.१.१२ लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्पर्क व्यक्ति समन्वय समिति वैठक संचालन १०

२.१.१३ महिनावारी सुक्ने अवस्था बारे सचेतना कार्यक्रम .................................................. ११

२.१.१४ प्रदेश बाल अधिकार समिति वैठक संचालन ............................................................ १२

२.१.१६ बालबालिकासँग मुख्यमन्त्री कार्यक्रमः ................................................................... १३

२.१.१७ गैह्रसरकारी संस्थाहरुको प्रोफाइल अद्यावधिक तथा प्रकाशनः ....................................... १४

२.१.१८ राष्ट्रिय वहिरा महासंघ नेपाल गण्डकी प्रदेशसँगको समन्वयमा सांकेतिक भाषा पुनर्ताजगी (दोभाषे) आवासीय तालिम ........................................................................................................ १४

२.१.१९ प्रदेश बाल अधिकार समिति र जिल्ला बाल अधिकार समितिका सदस्यहरुको क्षमता विकास कार्यशाला ........................................................................................................ १५

२.१.२० प्रदेशस्तरीय नागरिक सम्मेलन ........................................................................ १६
२.१.२१ प्रदेशस्तरीय अपाङ्गता निर्देशन समिति बैठक संचालन ............................................... १६
२.१.२२ अपाङ्गता ऐन कार्यान्वयनका लागि सिर्जना हुने दायित्व, नियमावली निर्माण र अन्य कार्यक्रमहरु ........................................................................................................ १७
२.१.२३ दलित ऐन कार्यान्वयन गर्दा सिर्जना हुने दायित्व, नियमावली निर्माण लगायतका कार्यहरु.... १८
खण्डः ख.......................................................................................................................१९
३.१ सामाजिक विकास कार्यालय तर्फ ..............................................................................१९
३.१.१ आपत्कालिन उद्धार कार्यक्रम .............................................................................. १९
३.१.३ अपाङ्गता भएका व्यक्तिहरुका लागि सहायता सामग्री तथा प्रविधि वितरण ......................... २०
३.१.४ महिला विकास कार्यक्रमद्वारा प्रवर्द्धित महिला सहकारी संस्था मार्फत उद्यमशीलता प्रवर्द्धन कार्यक्रम ........................................................................................................ २१
३.१.५ अल्पसंख्यक, सिमान्तकृत र लोपोन्मुख समुदायको सामूदायिक उद्यमशीलता कार्यक्रम......... २३
३.१.६ दृष्टिविहिन विद्यार्थीहरु अध्ययन गर्ने विद्यालयलाई सहायक प्रविधि सहयोग कार्यक्रम........... २४
३.१.७ महिलाहरुको लागि निःशुल्क लोकसेवा तयारी कक्षा संचालन ......................................... २५
३.१.८ महिला, बाल, ज्येष्ठ नागरिक अपाङ्गता आदी दिवसीय कार्यक्रम सञ्चालन......................... २६
३.१.९ किशोरीहरुलाई आत्मरक्षा सम्बन्धी तालिम ................................................................ २६
३.१.१० अपाङ्गता भएका व्यक्तिहरुका लागि सशक्तीकरण कार्यक्रम........................................ २७
३.१.११ मिडियासँग सामाजिक विकास कार्यक्रम ................................................................. २८
३.१.१२ सामाजिक कुरीति विरुद्ध अभियान संचालन (लैङ्गिक हिंसा, बालविवाह, दाइजो प्रथा, जातीय भेदभाव, मानव वेचविखन तथा ओसारपसार लगायतका परम्परागत हानीकारक अभ्यासहरु न्यूनिकरण) २८
३.१.१३ जिल्लास्तरमा महिला बालबालिका ज्येष्ठ नागरिक अपाङ्गता भएका व्यक्ति एवम् लैङ्गिक तथा यौनिक अल्पसंख्यकहरुको क्षेत्रमा काम गर्ने संस्थाहरुसँग समन्वय वैठक.................................. २९
३.१.१४ जिल्ला बाल अधिकार समिति र जिल्ला बाल संजाल बैठक संचालन तथा परिचालन ....... ३०
३.१.१५ एकल महिलाहरुको सशक्तीकरणका लागि आय आर्जन सहयोग कार्यक्रम..................... ३१
३.१.१६ ज्येष्ठ नागरिकमा रहेको ज्ञान, सीप र अनुभव अन्तर पुस्ता हस्तान्तरण सम्बन्धी कार्यक्रम.. ३१
३.१.१७ मानसिक स्वास्थ्य प्रवर्द्धनका लागि सचेतनामूलक कार्यक्रम....................................... ३२
३.१.१८ बालमैत्री स्थानीय तह घोषणाका लागि स्थानीय तहसँग साझेदारी कार्यक्रम .................... ३३
३.१.१९ आमा समूहका पदाधिकारी/सदस्यहरुलाई नेतृत्व विकास तालिम................................ ३४
३.१.२१ ज्येष्ठ नागरिक दिवा सेवा केन्द्रहरुलाई संचालन अनुदान.......................................... ३६
३.१.२३ स्थानीय तहको समन्वयमा हिंसा प्रभावित व्यक्तिहरुका लागि अल्पकालिन आश्रय सहितको सेवा केन्द्र संचालन निरन्तरता......................................................................................... ३८
३.१.२४ सञ्चालित ज्येष्ठ नागरिक आश्रमहरुलाई संचालन अनुदान ....................................... ३९
३.१.२५ सडक मानव पहिचान तथा व्यवस्थापनका लागि मानव सेवा आश्रमलाई अनुदान (बाग्लुङ, गोरखा, कास्की र लमजुङ)................................................................................... ३९

३.१.२६ द्वन्द्व पीडित, वेपत्ता, घाइते, अपाङ्ग, सहिद परिवार र विपन्न महिलाहरुको उद्यम व्यवसाय तथा रोजगारी प्रवर्द्धनमूलक कार्यक्रम ........................................................................................ ४०
३.१.२७ महिला विकास कार्यक्रमद्वारा प्रवर्द्धित महिला सहकारी संस्थाहरुलाई सुदृढिकरण अनुदान... ४१
३.१.२८ बाल हेल्पलाइन कास्कीलाई संचालन अनुदान....................................................... ४२
३.१.२९ पूर्ण अशक्त र अति अशक्त अपाङ्गता भएका व्यक्तिहरुको हेरचाहका लागि संचालित दिवा स्याहार केन्द्रलाई अनुदान ........................................................................................................... ४२
३.१.३० दृष्टिविहिन अपाङ्गता भएका व्यक्तिहरुका लागि श्रव्य पुस्तक उत्पादन कार्यक्रम निरन्तरताका लागि नेपाल नेत्रहिन संघ गण्डकी प्रदेशलाई अनुदान............................................................ ४३
३.१.३१ नेपाल अपाङ्गता संघ कास्की मार्फत अपाङ्गता भएका व्यक्तिहरुका लागि विपद पूर्व तयारी तथा व्यवस्थापन तालिम (कास्की)/साझा अभियानका लागि आदिवासी अपाङ्गता भएका व्यक्तिहरुको संस्थासँगको सहकार्यमा सचेतना सहजिकरण कार्यक्रम पोखरा (कास्की)/ सुस्केरा फाउन्डेसन मार्फत अपाङ्गता भएका व्यक्तिहरुको लागि सशक्तिकरण कार्यक्रम (स्याङ्जा) ........................................................... ४४
३.१.३२ अटिजम केयर सोसाइटी गण्डकी संचालन अनुदान................................................. ४५
३.१.३३ लैङ्गिक तथा यौनिक अल्पसंख्यकहरुका लागि अभिमुखिकरण तथा सचेतनामूलक कार्यक्रम संचालन ......................................................................................................................... ४५
३.१.३४ अपाङ्गता भएका व्यक्तिहरुका लागि वैयक्तिक सहयोगी परिचालन तालिम कार्यक्रम.......... ४६
३.१.३५ श्रवण दृष्टिविहिन अपाङ्गता भएका व्यक्तिहरुका लागि संचार र गमनशीलता सम्बन्धी तालिम४७
३.१.३६ शारीरिक अपाङ्गता भएका व्यक्तिहरुका लागि कृत्रिम खुट्टा वितरण कार्यक्रम.................. ४७
३.१.३७ बहिराहरुको लागि क्षमता अभिवृद्धि कार्यक्रम ....................................................... ४८
३.१.३८ अमोर सेवा नेपाल (बालगृह) फेदीखोला १ स्याङ्गजालाई सञ्चालन अनुदान..................... ४९
३.१.३९ जिल्ला बाल अधिकार समिति/जिल्ला बाल सञ्जालका पदाधिकारीहरुलाई बाल अधिकार सम्बन्धि अभिमुखिकरण.................................................................................................................. ४९
३.१.४० श्रवण दृष्टिविहिन अपाङ्गता भएका व्यक्तिहरुका लागि क्षमता अभिवृद्धि कार्यक्रम.............. ५०
३.१.४१ ज्येष्ठ नागरिक आश्रम बाग्लुङ न पा १४ लाई सञ्चालन अनुदान................................ ५१
३.१.४२ स्थानीय तहको सहकार्यमा आत्महत्या दुरुत्साहनको लागि मनोसामाजिक परामर्श, प्रशिक्षक प्रशिक्षण तथा परिचालन कार्यक्रम.................................................................................. ५१
३.१.४३ सर्वोदय सेवाश्रम राइनास ८ लमजुङलाई सञ्चालन अनुदान ........................................ ५२
३.१.४४ स्थानीय तहका प्रमुख उपप्रमुख सहितका अपाङ्गताका क्षेत्रमा काम गर्ने संघ संस्थाका....... ५३
पदाधिकारीहरुका लागि अन्तरक्रिया अभिमुखिकरण कार्यक्रम (नवलपुर) ..................................... ५३
३.१.४५ बुढीगण्डकी वृद्धाश्रम विकास केन्द्र आरुघाट गोरखालाई सञ्चालन अनुदान .................... ५४
अनुसूचि १..................................................................................................................५५
लैङ्गिक तथा यौनिक अल्पसंख्यकहरुले कार्यक्रमको लागि पेश गर्ने व्यवसायिक योजना प्रस्ताव सहितको ढाँचा५५
अनुसूचि २..................................................................................................................५६
लैङ्गिक तथा यौनिक अल्पसंख्यकहरुको लागि मूल्याङ्कनका आधारहरु .............................................. ५६

अनुसूची-३ ........................................................................................................................५७
आपत्कालिन उद्धार कार्यक्रम अन्तर्गत राहत तथा आर्थिक सहयोग उपलब्ध गराउने रकमको हद र आधार५७
अनुसूची-४ ........................................................................................................................५८
अपाङ्गता भएका व्यक्तिहरुका लागि सशक्तीकरण कार्यक्रमको प्रस्ताव मूल्याङ्कनका आधारहरु.................. ५८

## खण्डः एक
## परिचय तथा उद्देश्य

### १.१ परिचयः

गण्डकी प्रदेश सरकारको नीति तथा कार्यक्रम अनुसार महिला, बालवालिका तथा समाज कल्याण क्षेत्रको संरक्षण, विकास, शसक्तिकरण र न्यायका लागि उनीहरुको प्रत्यक्ष सहभागितामा लक्षित कार्यक्रम संचालन गर्ने विषयलाई विशेष प्राथमिकता दिइएको छ ।

प्रदेश सरकार, कार्य विभाजन नियमावली, २०७४,गण्डकी प्रदेश सरकारको दोस्रो पञ्चवर्षिय योजना २०८१/०८२-२०८५/०८६, आर्थिक वर्ष २०८२/८३ को नीति तथा कार्यक्रम, बजेट वक्तव्यमा समेत महिला, बालवालिका तथा समाज कल्याण क्षेत्रको हक अधिकार सुनिश्चित गर्नका लागि लैङ्गिक हिंसा, मानव वेचविखन तथा ओसारपसार नियन्त्रण, बालविवाह, सामाजिक कुरीति र परम्परागत हानीकारक अभ्यास न्यूनीकरण गर्दै लैंगिक समानता, बालमैत्री शासकीय प्रबन्ध, जेष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरुको संरक्षण तथा सशक्तिकरण सामाजिक सुरक्षा र सामाजिक न्यायलाई जोड दिएको सन्दर्भमा बार्षिक स्वीकृत कार्यक्रम कार्यान्वयन प्रक्रियालाई सहज, व्यवस्थित र प्रभावकारी बनाउँदै अपेक्षित गुणस्तरीय परिणाम प्राप्त गर्नका लागि प्रदेश सरकारबाट जारी भएको **बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०८१ को दफा ४१ बमोजिम मन्त्रालयले बार्षिक विकास तथा कार्यक्रमको कार्यान्वयन गर्न आवश्यक मापदण्ड बनाई मन्त्रीस्तरीय निर्णयले कार्यान्वयन गर्न सक्नेछ भन्ने प्रावधान** वमोजिम सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय र अन्तर्गतका कार्यालयबाट कार्यान्वयन हुने महिला, बालबालिका र समाज कल्याणतर्फका कार्यक्रम कार्यन्वयनका लागि **"महिला, बालबालिका र समाज कल्याण सम्बन्धी कार्यक्रम तथा बजेट कार्यान्वयन मापदण्ड, २०८२"** स्वीकृत गरिएको छ ।

### १.२ यस कार्यक्रम कार्यान्वयन मापदण्ड, २०८२ का उद्देश्यहरुः

क. आ.व. २०८२/८३ को वार्षिक विकास कार्यक्रमहरू समयमै सहज र सरल तरिकाले सम्पादन गर्ने,

ख. कार्यक्रम कार्यान्वयनमा एकरुपता र गुणस्तरीयता कायम गर्ने,

ग. कार्यक्रम कार्यान्वयनमा आर्थिक पारदर्शिता तथा मितव्ययिता कायम गर्ने,

घ. सम्बन्धित सरोकारवालाहरूलाई वार्षिक कार्यक्रम तथा कार्यान्वयन प्रक्रिया सम्बन्धमा सूसुचित गर्ने ।

### १.३ कार्यक्रम कार्यान्वयन सम्वन्धी मार्गदर्शन :

कार्यक्रम सञ्चालन गर्दा प्रचलित सार्वजनिक खरिद सम्बन्धी कानून, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ तथा प्रदेश सरकार, गण्डकी प्रदेशद्वारा स्वीकृत खर्चको मापदण्ड,२०७९ एवम् गण्डकी प्रदेश सरकारद्वारा जारी बजेट तथा कार्यक्रम कार्यान्वयन सम्वन्धी एकीकृत कार्यविधि, २०८१ (संशोधन सहित) मा भएको व्यवस्था, आ.व. २०८२/८३ को सेवा र कार्यको लागि प्रदेश

सञ्चित कोषबाट रकम विनियोजन र खर्च गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन एवं आर्थिक मामिला मन्त्रालय, गण्डकी प्रदेशको आ.व. २०८२/८३ को बजेट कार्यान्वयन सम्बन्धी मार्गदर्शन बमोजिम हुनेछ। प्रचलित कानूनसँग यो मापदण्ड बाझिएमा बाझिएको हदसम्म प्रचलित कानून लागु हुनेछ ।

**१.४ कार्यक्रम कार्यान्वयन गर्दा ध्यान दिनुपर्ने पक्षहरुः**

१. यस मापदण्डको पालना गरी प्रभावकारी रुपमा कार्यान्वयन गर्ने गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुनेछ । कार्यान्वयनमा समन्वयकारी भूमिका निर्वाह जिम्मेवार कर्मचारीको हुनेछ।

२. कार्यक्रम शुरु गर्नु अघि कार्यालयमा बैठक बसी कार्यक्रम सञ्चालन प्रकिया, सहभागी संख्या, श्रोत व्यक्ति, सहजकर्ता, कार्यक्रम संचालन हुने मिति, समय र स्थान तथा अन्य आवश्यक विवरण सहितको निर्णय गराई कार्यक्रम संचालनका लागि कार्यालय प्रमुखबाट पूर्व स्वीकृत गराउनु पर्नेछ।

३. यस मापदण्ड अनुसार कार्यक्रम संचालन गर्दा मानव अधिकारसम्बन्धि विश्वव्यापी घोषणा पत्र, महिला विरुद्ध हुने सवै प्रकारका भेदभाव उन्मुलन गर्ने सम्बन्धि महासन्धि, बाल अधिकार सम्वन्धी महासन्धी, जातीय भेदभाव विरद्धको अन्तराष्ट्रिय महासन्धी, नागरिक तथा राजनितिक अधिकार सम्बन्धी अन्तराष्ट्रिय महासन्धी, आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार सम्बन्धी अन्तराष्ट्रिय महासन्धी, अपाङ्गता भएका व्यक्तिहरुको अधिकार सम्वन्धी महासन्धी लगायत नेपाल पइराष्ट्र भएका अन्तराष्ट्रिय महासन्धिहरु, विभिन्न अन्तर्राष्ट्रिय सम्मेलनहरु, वेइजिङ प्लसफाइभ र महिलाका बाह्र सरोकारका क्षेत्रहरु, अन्तर्राष्ट्रिय श्रम संगठनको व्यवस्था, नेपालको संविधान, नेपाल कानुन, गण्डकी प्रदेश सरकारबाट जारी भएका ऐन, नियम, कार्यविधि, मापदण्ड र निर्देशिका, महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, राष्ट्रिय महिला आयोग, राष्ट्रिय बाल अधिकार परिषद् समेतबाट जारी भएका कार्यविधि, मापदण्ड र निर्देशिका समेतलाई आधार मानी कार्यक्रम संचालन गर्नु पर्नेछ ।

४. कार्यक्रम कार्यान्वयन गर्दा कार्यक्रमको प्रकृतिको आधारमा वाह्य विज्ञ परिचालन गर्नुपर्ने अवस्थामा सूचीकृत विज्ञहरूमध्येबाट आवश्यकता अनुसार परिचालन गर्न सकिनेछ ।

५. कार्यालयले कार्ययोजना बनाई सोहिबमोजिम तोकिएको मासिक वा त्रैमासिक अवधि भित्र कार्यक्रम सञ्चालन गर्नु पर्नेछ। यदि समयमा कुनै कार्यक्रम सञ्चालन गर्न नसकिएमा कारण सहित समयमै मन्त्रालयलाई जानकारी गराउनु पर्नेछ।

६. गण्डकी प्रदेश, आर्थिक मामिला मन्त्रालयबाट जारी भएको बजेट तथा कार्यक्रम कार्यान्वयन मार्गदर्शन, २०८२/८३ को पूर्ण पालना गर्नुपर्नेछ। सार्वजनिक खर्चमा मितब्ययिता कायम गर्ने सम्बन्धी मापदण्ड, २०७९ समेत अनुसरण गर्नुपर्नेछ।

७. यस मापदण्डमा अन्यत्र जेसुकै लेखिएको भए पनि स्वीकृत वार्षिक कार्यक्रमहरू सञ्चालन गर्दा गराउँदा बजेटको परिधिभित्र रही प्रचलित सार्वजनिक खरिद सम्बन्धी कानुन, गण्डकी प्रदेश सरकारको खर्च मापदण्ड २०७९, भ्रमण खर्च नियमावली २०६४, बजेट तथा कार्यक्रम

कार्यान्वयन सम्बन्धि एकीकृत कार्यविधि, २०८१ को परिधिभित्र रही कार्यक्रम सञ्चालन गर्नु पर्नेछ।

८. भौगोलिक सन्तुलनका साथै लक्षित वर्ग लाभान्वित हुने गरी आवश्यकताका आधारमा कार्यक्रम वितरण तथा सञ्चालन गर्नुपर्नेछ ।

९. कार्यक्रमको मुख्य मुख्य उपलव्धि सहित भौतिक तथा वित्तीय प्रगति विवरण त्रैमासिक र वार्षिक रुपमा मन्त्रालयमा पठाउनु पर्नेछ।

१०. यस मापदण्डको विषयवस्तु वा कुनै विषयमा अस्पष्ट भएमा मन्त्रालयसँग सम्पर्क गरी स्पष्ट हुनुपर्नेछ

११. मन्त्रालय र मातहतका निकायहरूवाट अनुदान प्राप्त गर्ने विद्यालय तथा अन्य संघ संस्थाहरूले वील भरपाई र स्रेस्ता अद्यावधिक रुपमा राखी नियमानुसार वार्षिक लेखा परीक्षण गराउनुपर्नेछ ।

१२. सम्पादित क्रियाकलापको आन्तरिक र वाह्य लेखा परीक्षण गराउने दायित्व सम्बन्धित कार्यालय प्रमुख र लेखा प्रमुखको हुनेछ। यस कार्यमा सहयोग गर्नको लागि सम्बन्धित कर्मचारी जिम्मेवार रहनेछ।

१३. कार्यक्रम कार्यान्वयन गर्दा लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरणको उद्देश्यलाई विशेष ध्यान दिनुपर्नेछ ।

१४.कार्यक्रम कार्यान्वयन गर्दा हरित वातावरण प्रवर्द्धन हुने गरी गर्नुपर्नेछ।

१५.कार्यक्रम कार्यान्वयन गर्दा यथासम्भव भौगोलिक सन्तुलन र सामाजिक समावेशीकरण कायम गर्नुपर्नेछ।

**नोट : प्रचलित आर्थिक ऐन, नियमावली र कार्यविधि संशोधन वा जारी भएमा सोही बमोजिम कार्यक्रम सञ्चालन गर्नुपर्ने छ ।**

**१.५ वित्तिय व्यवस्थापन सम्वन्धी :**

१. सार्वजनिक खरिद कार्य प्रचलित आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ तथा नियमावली, २०७७ तथा सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४, बमोजिम गर्ने।

२. एक बजेट उपशीर्षकमा विनियोजन भएको रकम अर्को बजेट उपशीर्षकमा खर्च नगर्ने,

३. आर्थिक कारोवारको लेखाङ्कन गर्दा सक्कल बिल भरपाई लगायत आवश्यक कागजात संलग्न राखी अभिलेखन गर्ने व्यवस्था मिलाउने।

४. अनुदानका रूपमा प्राप्त बजेट तथा कार्यक्रम कार्यान्वयन गर्दा उल्लेखित खर्च गर्ने मापदण्ड (Norms) का आधारमा मात्र गर्ने,

५. कार्यक्रमहरूको भुक्तानी गर्दा दोहोरोपन नभएको सुनिश्चित गरेर मात्र भुक्तानी गर्ने (दै.भ्र.भ/कार्यक्रम/अनुदान आदि),

६. मन्त्रालय मातहतका निकाय/कार्यालयहरूले एकीकृत त्रैमासिक प्रगति प्रतिवेदन त्रैमासिक अवधि समाप्त भएको ५ दिनभित्र मन्त्रालयमा अनिवार्य रूपमा पठाउनुपर्नेछ,

७. लेखा परीक्षणबाट औंल्याइएका बेरुजुको समयमै फछ्र्यौट तथा सम्परीक्षण गराउने दायित्व सम्बन्धित कार्यालयको हुनेछ,

८. स्थानिय तहभित्र कार्यान्वयन हुने बिभिन्न कार्यक्रमहरुको जानकारी कार्यक्रम कार्यान्वयन पूर्व नै सम्बन्धित स्थानिय तहलाई दिने र स्थानीय तहबाट समेत अनुगमन गर्ने व्यवस्था मिलाउने,

९. मन्त्रालय र अन्तर्गतका कार्यालयहरूबाट कार्यक्रम कार्यान्वयन गर्दा भुक्तानीका लागि आवश्यक अनिवार्य कागजातहरूको सूचीः

**क. क्षमता विकास, अभिमुखीकरण तथा सहजीकरण लगायतका कार्यक्रम**

- कार्यक्रम कार्यान्वयनको प्रारुप तयारको निर्णय,
- स्वीकृत लागत अनुमान,
- सहभागीहरूको उपस्थिती विवरण,
- सहभागीताको पत्र,
- स्वीकृत भ्रमण आदेश,
- सहभागीहरूको दैनिक तथा भ्रमण खर्च, यातायात खर्च/ईन्धन खर्चको विल र भरपाई,
- सहजकर्ता, संयोजक, प्रतिवेदक, सहयोगीको हाजिरी र भरपाई,
- हल भाडा, खाना, खाजा, स्टेशनरी, मसलन्द आदी खर्चसँग सम्बन्धित बिल भरपाई,
- सहजकर्ताको प्रस्तुतीकरण कार्यपत्र (Word File/ प्रति सेसन ७५० शव्द नघटाई),
- कार्यक्रमको कार्यतालिका,
- कार्यक्रम सम्पन्न प्रतिवेदन,
- म.ले.प. फारम २०२ बमोजिमको भुक्तानी सिफारिस,
- कार्यक्रमको प्रकृति अनुसार अन्य आवश्यक कागजातहरु ।

**ख. संस्थाहरुलाई अनुदान दिने प्रकृतिका कार्यक्रम**

- भुक्तानी मागको निवेदन,
- सम्झौता बमोजिमको विद्यालय/संस्था (व्यवस्थापन समिति वा संचालक समिति) को खर्च अनुमोदन सहित भुक्तानीका लागि माग गरेको निर्णय,
- कोटेशन माग, तुलनात्मक तालिका सहितको मूल्याङ्कन, स्वीकृति एवम् सम्झौताको प्रमाणित कागजातहरू,
- कार्यसम्पन्न प्रमाणित प्रतिवेदन र स्थानीय तहको सिफारिस,
- सक्कल बील र भरपाईहरू (२० हजार भन्दा बढीको भ्याट वील),
- सामग्री खरिदको खरिद आदेश र प्रमाणित दाखिला प्रतिवेदन,
- सामग्री खरिद गरेको अवस्थामा दाखिला गरेको जिन्सी खाताको फोटोकपी,
- कार्यक्रममा संलग्न व्यक्तिको प्रमाणित हाजिरी,
- प्रमाणित डोर हाजिरी फाराम,

- कार्य सम्पन्न भएको तस्विरहरू,
- ढुवानीको लागि गाडी भाडामा लिएको भए बील बुक र सवारी चालक अनुमति पत्रको प्रमाणित प्रतिलिपी,
- संस्थाको पान नं. र बैंक विवरण खुल्ने चेकको फोटोकपी,
- जिल्लास्तर/स्थानीय तहको स्वीकृत दररेटको प्रमाणित प्रतिलिपी,
- फोटो सहितको अनुगमन प्रतिवेदन,
- कार्यक्रम फरफारक गरिदिने पत्र
- कार्यक्रमको प्रकृति अनुसार अन्य आवश्यक कागजातहरु ।

**ग. कार्यक्रम कार्यान्वयनका लागि प्रस्ताव माग गर्नुपर्ने अवस्थामा प्रस्तावसाथ पेश गर्नुपर्ने कागजातहरूको सूची**

- संस्था/उद्योग/व्यावसाय दर्ता/स्थापना सम्बन्धी कागजातको प्रतिलिपि
- संस्थाको विधान
- उद्योग/व्यवसायको व्यावसायिक योजना
- गत आर्थिक वर्षको लेखापरीक्षण प्रतिवेदन
- नवीकरण गर्नुपर्ने भएमा नवीकरण प्रमाणपत्रको प्रतिलिपि
- करचुक्ता प्रमाणपत्रको प्रतिलिपि
- अघिल्लो दुई आर्थिक वर्षमा अनुदानको लागि प्रस्ताव आव्हान गरिएकोमा कुनै कार्यालयबाट अनुदान प्राप्त गरे नगरेको स्वघोषणा पत्र ।
- कार्यक्रमको प्रकृति अनुसार अन्य आवश्यक कागजातहरु ।

**१.६ कार्यक्रम कार्यान्वयन मापदण्ड परिमार्जन/संशोधन सम्वन्धी**

क. यस कार्यक्रम कार्यान्वयन मापदण्ड परिमार्जन/संशोधन गर्नुपरेमा मन्त्रालयको निर्णय अनुसार गर्न सकिनेछ।

ख. कार्यक्रमको ढाँचा परिवर्तन गर्नुपर्ने भएमा वा थप आर्थिक दायित्व सिर्जना हुने अवस्था बाहेकका अन्य परिमार्जन/संशोधन सम्बन्धित महाशाखा प्रमुखले गर्न सक्नेछ।

## खण्ड क

## मन्त्रालय तर्फ (चालु कार्यक्रम)

### २.१.१ राष्ट्रिय अपाङ्ग महासंघ गण्डकी प्रदेशसँगको समन्वयमा शारिरीक अपाङ्गता भएका व्यक्तिहरुका लागि केयर टेकर व्यवस्थापन

| खर्च शीर्षक | इकाई | लक्ष्य | वजेट रु. हजारमा | त्रैमासिक अवधि |
|---|---|---|---|---|
| २६४१३ | संख्या | १ | ३०० | पहिलो/दोस्रो/तेस्रो/चौथो |

| शीर्षक | विवरण |
|---|---|
| १. पृष्ठभूमि | पूर्ण तथा अति अशक्त अपाङ्गता भएका व्यक्तिलाई व्यक्तिगत सहयोगीको व्यवस्था गरी संस्था र संस्थाले प्रतिनिधित्व गर्ने सार्वजनिक कार्यक्रमहरुमा शारिरीक अपाङ्गता भएका व्यक्तिहरुलाई सहयोग पुर्याउने उद्देश्यले राष्ट्रिय अपाङ्ग महासंघ नेपाल गण्डकी प्रदेश मार्फत कार्यक्रम कार्यान्वयन गर्ने गरी यो कार्यक्रम समावेश गरिएको छ । |
| २. कार्यक्रमको उद्देश्य | पूर्ण अशक्त तथा अति अशक्त शारीरिक अपाङ्गता भएका व्यक्तिको सार्वजनिक जीवनयापनमा सहयोग पुऱ्याउने । |
| ३. कार्यजिम्मेवारी | सामाजिक विकास महाशाखा |
| ४. बजेट बाँडफाँट | १ (एक) जना केयर टेकरको पारिश्रमिक (मासिक कार्यालय सहयोगी प्रथम स्तर सरह।) |
| ५. क्रियाकलाप तथा कार्यान्वयन प्रक्रिया | (क) सम्बन्धित संस्थाबाट देहायका कागजातहरु सहित प्रस्ताव माग<br>• संस्था दर्ता र नविकरण प्रमाणपत्र, विधानको प्रतिलिपी,<br>• पान दर्ता प्रमाण पत्र र करचुक्ता पत्र,<br>• केयर टेकरको आवश्यकता तथा कार्य जिम्मेबारी सहितको कार्यक्रम कार्यान्वयन योजना,<br>• गत आ.व.को सोही कार्यक्रम कार्यान्वयनको बार्षिक प्रगति प्रतिवेदन<br>व्यक्तिगत सहयोगीको योग्यताः<br>• व्यक्तिगत सहयोगी परिचालन सम्बन्धी तालिम प्राप्त गरेको व्यक्ति,<br>• उमेर हदः न्युनतम १८ बर्ष उमेर पुरा गरेको र ४० बर्ष ननाघेको,<br>• व्यक्तिगत सहयोगीको रुपमा कार्यअनुभव भएको व्यक्तिलाई प्राथमिकता दिन सकिने ।<br>(ख) सम्झौता गर्ने,<br>(ग) भुक्तानी प्रकृया । |
| अपेक्षित प्रतिफल | पुर्ण तथा अति अशक्त शारीरिक अपाङ्गता भएका व्यक्तिको सार्वजनिक कार्यक्रमहरुमा सहभागिताको लागि सहयोग पुगेको हुने । |

## २.१.२ राष्ट्रिय वहिरा महासंघ नेपाल गण्डकी प्रदेशसँगको समन्वयमा वहिरा अपाङ्गता भएका व्यक्तिहरुका लागि दोभाषे व्यवस्थापन

| खर्च शीर्षक | इकाई | लक्ष्य | वजेट रु. हजारमा | त्रैमासिक अवधि |
|---|---|---|---|---|
| २६४१३ | पटक | १ | ३०० | पहिलो दोस्रो तेस्रो र चौथो |

| शीर्षक | विवरण |
|---|---|
| १. पृष्ठभूमि | वहिरा अपाङ्गता भएका व्यक्तिहरुको संचार सम्बन्धी अवरोधलाई सहयोग पुऱ्याउन राष्ट्रिय वहिरा महासंघ नेपाल गण्डकी प्रदेशमार्फत कार्यान्वयन गर्ने गरी सांकेतिक भाषा दोभाषे व्यवस्थापन गर्न यो कार्यक्रम समावेश गरिएको हो । |
| २. कार्यक्रमको उद्देश्य | वहिरा अपाङ्गता भएका व्यक्तिहरुको संचार प्रकृयामा सहजता ल्याउने। |
| ३. कार्यजिम्मेवारी | सामाजिक विकास महाशाखा |
| ४. बजेट बाँडफाँट | १ (एक) जना सांकेतिक भाषा दोभाषेको पारिश्रमिक (मासिक कार्यालय सहयोगी प्रथम स्तर सरह।) |
| ५. क्रियाकलाप तथा कार्यान्वयन प्रक्रिया | (क) सम्बन्धित संस्थाबाट देहायका कागजातहरु सहित विस्तृत प्रस्ताव माग गर्ने,<br>• संस्था दर्ता प्रमाणपत्र, विधान, नवीकरणको प्रतिलिपी,<br>• पान दर्ता प्रमाण पत्र र करचुक्ता पत्र,<br>• सांङ्केतिक भाषा दोभाषेको आवश्यकता तथा कार्य जिम्मेवारी सहितको कार्यक्रम कार्यान्वयन योजना,<br>• गत आ.व.को सोही कार्यक्रम सम्बन्धी बार्षिक प्रगति प्रतिवेदन,<br>सांकेतिक भाषा दोभाषेको योग्यताः<br>• सांकेतिक भाषा सम्बन्धी तालिम प्राप्त गरी स्पष्ट दोहोरो सञ्चार गर्न सक्ने व्यक्ति,<br>• उमेर हदः न्युनतम १८ बर्ष उमेर पुरा गरेको र ४० बर्ष ननाघेको,<br>• सार्वजनिक कार्यक्रमहरुमा सांकेतिक भाषा सम्बन्धी दोहोरो सञ्चारको कार्यअनुभव भएको व्यक्तिलाई प्राथमिकता दिन सकिने।<br>(ख) सम्झौता गर्ने ।<br>(ग) भुक्तानी प्रकृया |
| ६. अपेक्षित प्रतिफल | बहिरा अपाङ्गता भएका व्यक्तिहरुलाई सार्वजनिक कार्यक्रमहरुमा सञ्चारको लागि सहजिकरणमा सहयोग पुग्ने । |

### २.१.३ विभिन्न दिवसीय कार्यक्रम तथा अभियान संचालन

| खर्च शीर्षक | इकाई | लक्ष्य | वजेट रु.हजारमा | त्रैमासिक अवधि |
|---|---|---|---|---|
| २२५२२ | पटक | १ | ५०० | पहिलो, दोस्रो, तेस्रो र चौथो |

| शीर्षक | विवरण |
|---|---|
| १. पृष्ठभूमि | महिला, बालबालिका तथा किशोरकिशोरी, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति लगायतका वर्गहरुको हक अधिकार संरक्षणका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रुपमा निर्धारण गरिएका दिवस तथा अभियानात्मक कार्यक्रमहरु मार्फत सचेतना अभिवृद्धि गर्नको लागि यो कार्यक्रम संचालन गर्न लागिएको हो । |
| २. कार्यक्रमको उद्देश्य | • राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रुपमा निर्धारण गरिएका दिवस तथा अभियानका कार्यक्रमहरु संचालन गर्ने<br>• सामाजिक जागरण तथा सचेतना अभिवृद्धि गर्ने |
| ३. कार्य जिम्मेवारी | सामाजिक विकास महाशाखा |
| ४. बजेट बाँडफाँड | • दिवस तथा अभियान सञ्चालन र व्यवस्थापन खर्च |
| ५. क्रियाकलाप तथा कार्यान्वयन प्रक्रिया | • सरोकारवालाहरुसँग समन्वयात्मक वैठक तथा तयारी गर्ने,<br>• दिवस तथा अभियानमूलक कार्यक्रम संचालन गर्ने,<br>• समिक्षा तथा प्रतिवेदन। |
| ६. अपेक्षित प्रतिफल | • सामाजिक जागरण तथा सचेतनामा अभिवृद्धि हुने । |

### २.१.४ सामाजिक विकास कार्यालयका कर्मचारी र स्थानीय तहका महिला बालबालिका शाखा हेर्ने कर्मचारीहरुको कार्यसम्पादन वृद्धि अभिमुखिकरण कार्यक्रम

| खर्च शीर्षक | इकाई | लक्ष्य | वजेट रु.हजारमा | त्रैमासिक अवधि |
|---|---|---|---|---|
| २२५२२ | जिल्ला | ६ | ५०० | दोस्रो, तेस्रो र चौथो |

| शीर्षक | विवरण |
|---|---|
| १. पृष्ठभूमि | सामाजिक विकास कार्यालय तथा स्थानीय तहको महिला, बालबालिका, अपाङ्गता, ज्येष्ठ नागरिक क्षेत्र हेर्ने शाखाले महिला, बालबालिका तथा किशोरकिशोरी, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति लगायतको क्षेत्रमा सम्पादन गरिरहेका कार्यहरुको सन्दर्भमा अनुभव आदान प्रदान, अन्तरक्रिया तथा समन्वय र सहकार्यमार्फत कार्यसम्पादन स्तर वृद्धि गराउनका लागि यो कार्यक्रम समावेश गरिएको हो। |
| २. कार्यक्रमको उद्देश्य | सामाजिक विकास कार्यालय तथा स्थानीय तहको महिला, बालबालिका, अपाङ्गता, ज्येष्ठ नागरिक क्षेत्र हेर्ने शाखाबीच अनुभव आदान प्रदान, अन्तरक्रिया, समन्वय र सहकार्यको वृद्धि गर्न । |
| ३. कार्य जिम्मेवारी | सामाजिक विकास महाशाखा |
| ४. बजेट बाँडफाँड | खाजा, खाना, प्रशिक्षक पारिश्रमिक, स्टेशनरी, व्यानर, पानी, इन्धन |

| | |
|---|---|
| | लगायत विविध शिर्षकहरुमा खर्च गरिने |
| ५. क्रियाकलाप तथा कार्यान्वयन प्रक्रिया | • कार्यक्रम सञ्चालन गरिने जिल्लाः नवलपुर, बाग्लुङ, पर्वत, मुस्ताङ, लमजुङ, कास्की<br>• कार्यक्रमको प्रारुप तयारी गर्ने,<br>• कार्यक्रम सञ्चालन गर्ने,<br>• कार्यसम्पन्न प्रतिवेदन र क्रियाकलापसँग सम्बन्धित खर्चका बिल भरपाईका आधारमा भुक्तानी गर्ने । |
| ६. अपेक्षित प्रतिफल | सामाजिक विकास कार्यालय तथा स्थानीय तहका महिला बालबालिका क्षेत्र हेर्ने कर्मचारी अनुभव आदानप्रदान भई कार्यसम्पादनस्तर वृद्धि हुने । |

**२.१.५ सामाजिक विकास कार्यालयहरुका लागि बार्षिक विकास कार्यक्रम कार्यान्वयन अभिमुखिकरण**

| खर्च शीर्षक | इकाई | लक्ष्य | वजेट रु.हजारमा | त्रैमासिक अवधि |
|---|---|---|---|---|
| २२५२२ | पटक | १ | ३०० | पहिलो |

| शीर्षक | विवरण |
|---|---|
| १. पृष्ठभूमि | प्रदेश स्थित सामाजिक विकास कार्यालयबाट आर्थिक वर्ष २०८२/०८३ मा सम्पादन गर्नुपर्ने सामाजिक विकास क्षेत्र तर्फका कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयनका सम्बन्धमा समबुझाई मार्फत एकरुपता कायम गर्नका लागि यो कार्यक्रम समावेश गरिएको हो । |
| २. कार्यक्रमको उद्देश्य | सामाजिक विकास क्षेत्र तर्फका कार्यक्रमहरुको कार्यान्वयनमा प्रभावकारीता ल्याउने । |
| ३. कार्य जिम्मेवारी | सामाजिक विकास महाशाखा |
| ४. बजेट बाँडफाँड | • खाजा, खाना, प्रशिक्षक पारिश्रमिक, स्टेशनरी, व्यानर, इन्धन पानी लगायत विविध शिर्षकहरुमा खर्च गरिने |
| ५. क्रियाकलाप तथा कार्यान्वयन प्रक्रिया | • कार्यक्रम सञ्चालन गर्ने स्थानः तनहुँ<br>• कार्यक्रमको प्रारुप तयारी गर्ने,<br>• कार्यक्रम सञ्चालन गर्ने,<br>• कार्यसम्पन्न प्रतिवेदन र क्रियाकलापसँग सम्बन्धित खर्चका बिल भरपाईका आधारमा भुक्तानी गर्ने । |
| ६. अपेक्षित प्रतिफल | सामाजिक विकास कार्यालयका कर्मचारीहरुसँग अभिभुखिकरण कार्यक्रम सम्पन्न भई कार्यक्रमहरुको कार्यान्वयनमा प्रभावकारीता अभिवृद्धि हुने । |

### २.१.६ लैङ्गिक हिंसा प्रभावितहरुको लागि जिल्ला सेवा केन्द्रका पदाधिकारी तथा सामाजिक विकास कार्यालयका कर्मचारीहरुसँग अन्तरक्रिया एवं समिक्षा कार्यक्रम

| खर्च शीर्षक | इकाई | लक्ष्य | वजेट रु हजारमा | त्रैमासिक अवधि |
|---|---|---|---|---|
| २२५२२ | संख्या | १ | ३०० | पहिलो/ दोस्रो/ तेस्रो |

| शीर्षक | विवरण |
|---|---|
| १. पृष्ठभूमि | लैङ्गिक हिंसा पीडित तथा प्रभावितहरुको न्याय प्रकृयामा सहज पहुँच पुऱ्याई न्याय प्राप्तिको अनुभूति दिलाउने उद्देश्यले गण्डकी प्रदेशका बाग्लुङ, पर्वत, म्याग्दी, गोरखा, तनहुँ, लमजुङ, स्याङ्जा र नवलपुर जिल्लामा विगत वर्षहरुदेखि स्थानीय तहसँगको सहकार्यमा संचालन गरिएको अल्पकालिन आश्रय सहितको जिल्ला सेवा केन्द्रहरुबाट सम्पादन भएका कार्यहरुको समिक्षा गरी आगामी कार्यदिशा समेत तय गर्नका लागि उल्लेखित निकायका प्रमुख, पदाधिकारी, प्रतिनिधिहरुको सहभागितामा अन्तर्क्रिया गर्नको लागि यो कार्यक्रम राखिएको हो । |
| २. कार्यक्रमको उद्देश्य | लैङ्गिक हिंसा पीडित तथा प्रभावितहरुको लागि न्यायमा पहुँच र नियन्त्रणका लागि सेवा केन्द्रहरुबाट सम्पादन भएका कार्यहरुको समिक्षा गरी सुधारका उपायहरु पहिल्याउने । |
| ३. कार्यजिम्मेवारी | सामाजिक विकास महाशाखा |
| ४. बजेट बाँडफाँट | कार्यक्रम संचालन तथा व्यवस्थापन खर्च, स्टेशनरी लगायतको प्रशिक्षण सामग्री, सहजिकरण र यातायात, दैनिक भ्रमण खर्च, इन्धन लगातको विविध खर्च |
| ५. क्रियाकलाप तथा कार्यान्वयन सञ्चालन प्रक्रिया | ➢ कार्यक्रम सञ्चालन गर्ने स्थानः पर्वत र स्याङ्गजा,<br>➢ कार्यक्रमको प्रारुप तयारी गर्ने,<br>➢ कार्यक्रमका सहभागी- जिल्ला सेवा केन्द्रका पदाधिकारी र कार्यक्रम संचालन गरिने जिल्लाका स्थानीय तहका जनप्रतिनिधि,<br>➢ कार्यक्रम सञ्चालन गर्ने,<br>➢ कार्यसम्पन्न प्रतिवेदन र क्रियाकलापसँग सम्बन्धित खर्चका बिल भरपाईका आधारमा भुक्तानी गर्ने । |
| ६. अपेक्षित प्रतिफल | लैङ्गिक हिंसा पीडित तथा प्रभावितहरुको लागि न्यायमा पहुँच अभिवृद्धिमा थप सहयोग पुग्ने। |

## २.१.७ लैङ्गिक तथा यौनिक अल्पसंख्यकहरुका लागि सशक्तीकरण कार्यक्रम

| खर्च शीर्षक | इकाई | लक्ष्य | वजेट रु हजारमा | त्रैमासिक अवधि |
|---|---|---|---|---|
| २२५२२ | पटक | १ | ५०० | दोस्रो |
| शीर्षक | विवरण | | | |
| १. पृष्ठभूमि | लैङ्गिक तथा यौनिक अल्पसंख्यकहरुको आर्थिक सशक्तीकरणमा टेवा पुऱ्याउने उद्देश्यले उद्यमशीलताका क्रियाकलापहरु संचालन गरेका लैङ्गिक तथा यौनिक अल्पसंख्यकहरुलाई उद्यमी बन्नको लागि प्रोत्साहन गर्न र उद्यमीहरुको स्तरोन्नतीका लागि उद्यमशीलता विकासका लागि सहयोग प्रदान गरी सफल उद्यमी/ व्यवसायी बन्न सहयोग पुऱ्याउन यो कार्यक्रम समावेश गरिएको हो । | | | |
| २. कार्यक्रमको उद्देश्य | लैङ्गिक तथा यौनिक अल्पसंख्यक व्यक्तिहरुको आर्थिक सशक्तिकरणमा सहयोग गर्नु । | | | |
| ३. कार्य जिम्मेवारी | सामाजिक विकास महाशाखा | | | |
| ४. बजेट बाँडफाँट | प्रस्ताव मुल्याकंन, अनुगमन, उद्योग/व्यवसायसँग सम्बन्धित मेसिनरी औजार, फर्निचर, फर्निसिङ, भाडाँकुडाँ, कच्चा पदार्थ, सामान्य संरचनात्मक सुधार लगायतका खर्चहरु । | | | |
| ५. क्रियाकलाप तथा कार्यान्वयन प्रक्रिया | क्रियाकलापः उद्योग/व्यवसाय सञ्चालन गर्न इच्छुक लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायका सम्बन्धित उद्यमीहरुबाट १५ दिनको सुचना प्रकाशन गरी देहायका कागजात सहित प्रस्ताव मागः<br>• अनुसूचि १ बमोजिमको ढाँचामा भरिएको व्यावसायिक योजना सहितको प्रस्ताव,<br>• नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,<br>• सम्बन्धित वडाको सिफारिस पत्र,<br>• उद्योग व्यवसाय दर्ता र नविकरणको प्रमाणपत्र,<br>• स्थायी लेखा नम्बर वा मूल्य अभिवृद्ध कर दर्ताको प्रमाणपत्र,<br>• कर दाखिला गरेको प्रमाण वा कर चुक्ताको प्रमाणपत्र,<br>• निवेदक लैंङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायको भएको स्वघोषणा,<br>• आवश्यक सामग्रीको विवरण,<br>➢ २ बमोजिमको ढाँचामा उद्यमीको प्रस्ताव मूल्याङ्कन तथा छनौटका लागि देहाय वमोजिमको समिति रहनेछ ।<br>सामाजिक विकास महाशाखा प्रमुख — संयोजक | | | |

| | |
|---|---|
| | पर्यटन तथा उद्योग कार्यालयको अधिकृत प्रतिनिधि - सदस्य<br>कार्यालयको आर्थिक प्रशासन शाखा प्रतिनिधि - सदस्य<br>सम्बन्धित शाखा प्रमुख/अधिकृत - सदस्य सचिव<br>दोस्रो पटकको सुचना प्रकाशन गर्दा समेत १ भन्दा बढी प्रस्ताव नपरेमा मुल्यांकन तथा छनौटको लाग बाधा पर्ने छैनन् ।<br>• उद्यमीको छनौट, अभिमुखिकरण तथा सम्झौता गर्ने । |
| ६. अपेक्षित प्रतिफल | लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायका व्यक्तिको आर्थिक सशक्तीकरणमा सहयोग पुग्ने । |

## २.१.८ जिल्ला सरकारी वकिल कार्यालयमा पिडित कार्यकक्ष व्यवस्थापन कार्यक्रम

| खर्च शीर्षक | इकाई | लक्ष्य | वजेट रु हजारमा | त्रैमासिक अवधि |
|---|---|---|---|---|
| २२५२२ | संख्या | १ | ३०० | दोस्रो/तेस्रो/चौथो |

| शीर्षक | विवरण |
|---|---|
| १ पृष्ठभूमि | जिल्ला सरकारी वकिल कार्यालय, कास्कीमा लैङ्गिक हिंसा, घरेलु हिंसा, यौनजन्य दुर्व्यवहार लगायतका घटनामा परी पिडित भएका महिला बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिहरु लगायतको व्यक्तिगत गोपनियता, सुरक्षा र सहजताको लागि पिडित सहायता कक्षको व्यवस्थापनको लागि यो कार्यक्रम समावेश गरिएको हो । |
| २ कार्यक्रमको उद्देश्य | ➢ गण्डकी प्रदेश कास्की जिल्लाको सरकारी वकिल कार्यालयमा पिडित सहायता कक्षको व्यवस्थापन गर्नु । |
| ३ कार्य जिम्मेवारी | सामाजिक विकास महाशाखा |
| ४ बजेट बाँडफाँट | जिल्ला सरकारी वकिल कार्यालय कास्कीमा पिडित कार्यकक्ष व्यवस्थापनको लागि आवश्यक फर्निचर, फर्निसिङ, टि.भी, बालबालिकाका लागि खेलौना लगायतका खर्चहरु । |
| ५ क्रियाकलाप तथा कार्यान्वयन प्रक्रिया | ➢ सम्बन्धित पक्षसँग समन्वयात्मक बैठक संचालन,<br>➢ पिडित सहायता कक्ष स्थापनाको लागि आवश्यक प्रकृया निर्धारण (सामग्री खरिद,उपयोग र भुक्तानी) ।<br>➢ कार्यालयसँग सम्झौता गरी कार्यान्वयन गर्ने ।<br>➢ सामग्री खरिद, दाखिला सम्बन्धि कागजातका आधारमा भुक्तानी गर्ने। |
| ६ अपेक्षित प्रतिफल | महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिहरुको लागि पिडित सहायता कक्ष व्यवस्थापन हुने । |

### २.१.९ हिंसा प्रभावितहरुको लागि तत्काल उद्धार समन्वय संजाल वैठक संचालन

| खर्च शीर्षक | इकाई | लक्ष्य | वजेट रु हजारमा | त्रैमासिक अवधि |
|---|---|---|---|---|
| २२५२२ | पटक/संख्या | ३ | २०० | पहिलो/दोस्रो/ तेस्रो |

| शीर्षक | विवरण |
|---|---|
| १. पृष्ठभूमि | गण्डकी प्रदेशभित्र लैंगिक हिंसा र मानव बेचविखन तथा ओसारपसार नियन्त्रणको क्षेत्रमा कार्यरत सरकारी तथा गैरसरकारी संघसंस्थाहरुको कार्यप्रगति समिक्षा गरी लैङ्गिक हिंसा तथा मानव बेचविखन तथा ओसारपसार नियन्त्रण रोकथाम र पीडित तथा प्रभावितको संरक्षण र पुनर्स्थापनाका कार्यहरुलाई प्रभावकारी रुपमा सञ्चालन गर्न आ.ब. २०७५/७६ मा गठन भएको तत्काल उद्धार समन्वय सञ्जालको बैठक संचालन गर्ने यो कार्यक्रम समावेश गरिएको हो। |
| २. कार्यक्रमको उद्देश्य | • गण्डकी प्रदेशमा लैंगिक हिंसा तथा मानव बेचविखन र ओसारपसारका घटनाको विवरण, यसको नियन्त्रण र रोकथामको लागि गरेका प्रयासहरु सम्बन्धमा प्रगति प्रतिवेदन तयार गर्ने,<br>• उल्लेखित सवालहरुको विषयमा छलफल गर्ने र प्रभावकारी प्रयासको लागि समन्वय र सहकार्य गर्ने । |
| ३. कार्यजिम्मेवारी | सामाजिक विकास महाशाखा |
| ४. बजेट बाँडफाँड | बैठक भत्ता र खाजा खर्च |
| ५. क्रियाकलाप तथा सञ्चालन प्रक्रिया | • तत्काल उद्धार समन्वय सञ्जालसँग समन्वय सञ्जालको बैठक सञ्चालन गर्ने ।<br>• गण्डकी प्रदेश भित्रका लैङ्गिक हिंसा तथा मानव बेचबिखन र ओसार पसारका घटनाको तथ्याकं संकलन र नियन्त्रण र रोकथामका लागि भएका कार्यको कार्यप्रगति सहितको प्रतिवेदन तयार गर्ने ।<br>• प्रतिवेदन तयारीको लागि सञ्जालले एक ३ सदस्यीय उपसमिति बनाई प्रतिवेदन तयारीको कार्य गर्न सक्नेछ । |
| ६. अपेक्षित प्रतिफल | लैङ्गिक हिंसा,घरेलु हिँसा र मानव बेचबिखन तथा ओसारपसारका घटनाहरुको तथ्याङ्क संकलन तथा यसको रोकथामका लागि भएका प्रयासहरु सम्बन्धमा प्रतिवेदन तयार भएको हुने । |

### २.१.१० प्रदेशस्तरमा महिला, बालबालिका ज्येष्ठ नागरिक अपांगता भएका व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पसंख्यकहरुको क्षेत्रमा काम गर्ने संस्थाहरुसँग समन्वय बैठक

| खर्च शीर्षक | इकाई | लक्ष्य | वजेट रु हजारमा | | त्रैमासिक अवधि |
|---|---|---|---|---|---|
| २२५२२ | पटक | २ | २०० | | पहिलो/तेस्रो |
| शीर्षक | विवरण | | | | |
| १. पृष्ठभूमि | प्रदेशस्तरमा महिला, बालबालिका ज्येष्ठ नागरिक अपांगता भएका व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पसंख्यकहरुको क्षेत्रमा काम गर्ने संस्थाहरुसँग समन्वय गण्डकी प्रदेशमा क्रियाशील रहेका संघ संस्थाहरुबाट सञ्चालित कार्यक्रमहरुको बारेमा मन्त्रालयले आवश्यक जानकारी लिई आवश्यकता र प्राथमिकताको क्षेत्रमा समन्वय, सहकार्य र परिचालन गर्न यो कार्यक्रम समावेश गरिएको हो। | | | | |
| २. कार्यक्रमको उद्देश्य | • प्रदेशभित्रका गैरसरकारी संस्थाहरुको कार्यक्रमलाई प्रदेशका नीति, योजना तथा कार्यक्रमसँग आबद्ध गर्ने ।<br>• कार्यक्रमको जानकारी, मध्यावधि समिक्षा, योजना तर्जुमा, अन्तिम प्रगति समिक्षा गर्ने । | | | | |
| ३. कार्यजिम्मेवारी | सामाजिक विकास महाशाखा | | | | |
| ४. बजेट बाँडफाँट | बैठक भत्ता, खाना, खाजा, स्टेशनरी, प्रशिक्षण सामाग्री लगायत | | | | |
| ५. क्रियाकलाप तथा कार्यान्वयन प्रक्रिया | • समन्वय बैठक तयारी तथा संचालन,<br>• सम्बन्धित संस्थाहरुबाट भए गरेका कार्यहरुको आदान प्रदान तथा सुझाव संकलन<br>• प्रतिवेदन तयार तथा समीक्षा | | | | |
| ६. अपेक्षित प्रतिफल | गैर सरकारी संस्थाहरुको समन्वयमा अभिवृद्धि हुने । | | | | |

### २.१.११ सामाजिक विकास क्षेत्रको नीति, योजना, ऐन, नियम, निर्देशिका, मापदण्ड र कार्यविधि तर्जुमा

| खर्च शीर्षक | इकाई | लक्ष्य | वजेट रु हजारमा | त्रैमासिक अवधि |
|---|---|---|---|---|
| २२५२२ | पटक | १ | २०० | पहिलो/ दोस्रो/ तेस्रो/चौथो |
| शीर्षक | विवरण | | | |
| १. पृष्ठभूमि | प्रदेशस्तरमा महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति सम्बन्धी भावी नीति तथा कार्यविधि, निर्देशिका एवं कार्यान्वयनमा सहयोग पुऱ्याउनुका साथै उक्त क्षेत्रसँग सम्बन्धित विषयमा प्रदेश ऐन तथा कानून | | | |

| | |
|---|---|
| | बनाउने अभिप्रायले यो कार्यक्रम कार्यान्वयन गर्न लागिएको हो । |
| २. कार्यक्रमको उद्देश्य | महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति सम्बन्धी प्रदेश नीति, ऐन तथा कानूनको निर्माण कार्यविधि निर्देशिका तयार गर्ने। |
| ३. कार्य जिम्मेवारी | सामाजिक विकास महाशाखा |
| ४. बजेट बाँडफाँट | वैठक संचालन खर्च |
| ५. क्रियाकलाप तथा कार्यान्वयन प्रकृया | महाशाखाको कार्यविवरणसँग सम्बन्धित मापदण्ड, निर्देशिका तथा कार्यविधि तर्जुमा गर्ने। |
| ६. अपेक्षित प्रतिफल | मन्त्रालयमा आवश्यक विषयमा मापदण्ड, निर्देशिका तथा कार्यविधि तर्जुमा हुने । |

## २.१.१२ लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्पर्क व्यक्ति समन्वय समिति वैठक संचालन

| खर्च शीर्षक | इकाई | लक्ष्य | वजेट रु हजारमा | त्रैमासिक अवधि |
|---|---|---|---|---|
| २२५२२ | पटक/संख्या | ३ | १०० | पहिलो/ दोस्रो/ तेस्रो |

| शीर्षक | विवरण |
|---|---|
| १. पृष्ठभूमि | समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा सवै प्रकारका विभेदको अन्त्य गर्दै समतामूलक समाजको निर्माण र सामाजिक न्याय सुनिश्चितता गर्न तथा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणलाई आन्तरिकीकरण गर्न गण्डकी प्रदेश सरकारद्वारा जारी भएको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण निर्देशिका, २०७७ मा भएको व्यवस्थाको कार्यान्वयन गर्न यो कार्यक्रम समावेश गरिएको हो। |
| २. कार्यक्रमको उद्देश्य | • गण्डकी प्रदेशको लैङ्गिक उत्तरदायी बजेट परीक्षणको स्वमुल्याकंन गर्ने गराउने ।<br>• गण्डकी प्रदेश सरकारको योजना र बजेट लैससासको दृष्टिकोणले लैङ्गिकमैत्री बनाउने कार्यमा सहयोग गर्ने ।<br>• लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण निर्देशिका, २०७७ को व्यवस्था कार्यान्वयन गर्ने। |
| ३. कार्यजिम्मेवारी | सामाजिक विकास महाशाखा |
| ४. बजेट बाँडफाँट | बैठक भत्ता, खाजा खर्च । |
| ५. क्रियाकलाप तथा कार्यान्वयन प्रक्रिया | • समितिका सदस्यहरुलाई पत्राचार तथा समन्वय गर्ने,<br>• बैठक सञ्चालन गर्ने । |
| ६. अपेक्षित प्रतिफल | लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्पर्क व्यक्तिहरुको कार्यसम्पादनमा सहयोग पुग्ने । |

## २.१.१३ महिनावारी सुक्ने अवस्था बारे सचेतना कार्यक्रम

| खर्च शीर्षक | इकाई | लक्ष्य | वजेट रु हजारमा | त्रैमासिक अवधि |
|---|---|---|---|---|
| २२५२२ | पटक/संख्या | १ | ५०० | पहिलो/ दोस्रो/ तेस्रो |

| शीर्षक | विवरण |
|---|---|
| १. पृष्ठभूमि | सामान्यतया ४० वर्ष नाघेका महिलाहरुमा देखिने रजनोवृत्ती (मेनोपोज) को अवस्थामा हुने भारी रक्तश्राव, अनियमितता, निद्रामा गडबढी, चिडचिडाहड, छटपटी, डर, ढुकढुक, मुडस्विङ जस्ता समस्याहरुको बारेमा परिवार तथा समाजका सदस्यहरुलाई जानकारी गराउन सचेतनामूलक कार्यक्रम गर्न यो कार्यक्रम समावेश गरिएको हो । |
| २. कार्यक्रमको उद्देश्य | • महिलाहरुमा हुने स्वास्थ्य जटिलता रोक्न मानसिक स्वास्थ्य सुदृढ गर्न ।<br>• परिवार र समाजलाई रजनोवृत्ती (मेनोपोज) प्रति संवेदनशील बनाउँदै महिलाको अवस्था र व्यवहार प्रति उत्तरदायी बनाउने |
| ३. कार्यजिम्मेवारी | सामाजिक विकास महाशाखा |
| ४. बजेट बाँडफाँट | कार्यक्रम संचालन, व्यवस्थापन तथा छपाई सम्बन्धी खर्चहरु |
| ५. क्रियाकलाप तथा कार्यान्वयन प्रक्रिया | <u>क्रियाकलाप</u><br>➢ व्यास नगरपालिका तनहुँ, हुप्सेकोट गाउँपालिका नवलपुर र पोखरा महानगरपालिका कास्कीमा स्थानीय तहस्तरीय सचेतनामूलक कार्यक्रम संचालन,<br>➢ ब्रोसर/पर्चा छपाई तथा वितरण,<br><u>कार्यान्वयन प्रक्रिया</u><br>➢ स्थानीय तहहरुसँग समन्वय,<br>➢ कार्यक्रमका सहभागिहरु- जनप्रतिनिधि, ४० वर्ष देखि माथिका शिक्षक, कर्मचारी, आमा समूहका पदाधिकारी, टोल विकास संस्थाका पदाधिकारीहरु सहित प्रति स्थानीय तह ५० जना । |
| ६. अपेक्षित प्रतिफल | रजनोवृत्ती सम्बन्धी सचेतनामूलक कार्यक्रम संचालन भई परिवार र समाजलाई रजनोवृत्ती (मेनोपोज) प्रति संवेदनशील बनाउन सहयोग पुग्ने। |

### २.१.१४ प्रदेश बाल अधिकार समिति वैठक संचालन

| खर्च शीर्षक | इकाई | लक्ष्य | वजेट रु. हजारमा | त्रैमासिक अवधि |
|---|---|---|---|---|
| २२५२२ | पटक | १ | २५० | पहिलो/ दोस्रो/ तेस्रो |

| शीर्षक | विवरण |
|---|---|
| १. पृष्ठभूमि | गण्डकी प्रदेशमा बालबालिकाको अधिकार सम्बन्धमा व्यवस्था गर्न वनेको ऐन, २०७८ मा भएको व्यवस्था वमोजिम गठित समितिलाई प्रभावकारी रुपमा परिचालन गरी बालअधिकारका सवालहरुलाई प्रभावकारी रुपमा संवोधन गर्नुका साथै प्रदेश बाल अधिकार समितिको वैठक संचालन गर्नको लागि यो कार्यक्रम संचालन गर्न लागिएको हो । |
| २. कार्यक्रमको उद्देश्य | • प्रदेश स्तरीय बाल अधिकार समितिको नियमित वैठक संचालन गर्नु<br>• बालअधिकारका सवालहरुलाई प्रभावकारी रुपमा सम्वोधन गर्न मद्दत पुऱ्याउनु। |
| ३. कार्य जिम्मेवारी | सामाजिक विकास महाशाखा |
| ४. बजेट बाँडफाँट | • बैठक भत्ता, खाना, खाजा र यातायात खर्च |
| ५. क्रियाकलाप तथा कार्यान्वयन प्रकृया | • प्रदेश बालअधिकार समितिका सदस्यहरुसँग समन्वय गर्ने,<br>• प्रदेश बाल अधिकार समिति वैठकको स्थान, मिति र समय तय गर्ने,<br>• वैठक संचालन तथा प्रतिवेदन तयारी गर्ने । |
| ६. अपेक्षित प्रतिफल | • बालअधिकारका सवालहरुलाई प्रभावकारी रुपमा सम्वोधन गर्न सहयोग पुग्ने। |

### २.१.१५ प्रदेश बाल परिषद् बैठक संचालन

| खर्च शीर्षक | इकाई | लक्ष्य | वजेट रु. हजारमा | त्रैमासिक अवधि |
|---|---|---|---|---|
| २२५२२ | पटक | १ | २५० | पहिलो/ दोस्रो/ तेस्रो |

| शीर्षक | विवरण |
|---|---|
| १. पृष्ठभूमि | गण्डकी प्रदेशमा बालबालिकाको अधिकार सम्बन्धमा व्यवस्था गर्न वनेको ऐन, २०७८ मा भएको व्यवस्था वमोजिम गठित समितिलाई प्रभावकारी रुपमा परिचालन गरी बालअधिकारका सवालहरुलाई प्रभावकारी रुपमा संवोधन गर्नुका साथै प्रदेश बाल परिषद्को बैठक संचालन गर्नको लागि यो कार्यक्रम संचालन गर्न लागिएको हो । |
| २. कार्यक्रमको उद्देश्य | • प्रदेश बाल परिषद्को नियमित बैठक संचालन गर्नु,<br>• बालअधिकारका सवालहरुलाई प्रभावकारी रुपमा सम्वोधन गर्न मद्दत पुऱ्याउनु। |
| ३. कार्य जिम्मेवारी | सामाजिक विकास महाशाखा |

| | |
|---|---|
| ४. बजेट बाँडफाँट | • कार्यक्रम संचालन तथा व्यवस्थापन खर्च, खाजा, आवास, बैठक भत्ता, यातायात खर्च र स्टेशनरी लगायतका खर्च । |
| ५. क्रियाकलाप तथा कार्यान्वयन प्रकृया | • प्रदेश बाल परिषद्का पदाधिकारीहरुसँग समन्वय गर्ने,<br>• पोखरामा प्रदेश बाल परिषद् बैठक संचालन गर्ने । |
| ६. अपेक्षित प्रतिफल | • प्रदेश बाल परिषद्को नियमित बैठक संचालन हुने,<br>• बाल सहभागिताको प्रवर्द्धनका लागि सहयोग पुगेको हुने । |

### २.१.१६ बालबालिकासँग मुख्यमन्त्री कार्यक्रमः

| खर्च शीर्षक | इकाई | लक्ष्य | वजेट रु. हजारमा | त्रैमासिक अवधि |
|---|---|---|---|---|
| २२५२२ | पटक | १ | ४०० | पहिलो/ दोस्रो |

| शीर्षक | विवरण |
|---|---|
| १. पृष्ठभूमि | बालअधिकारका चार आयाम बाल बचाउ, बाल संरक्षण, बाल विकास, बाल सहभागिताको अधिकारका सम्बन्धमा गण्डकी प्रदेशको प्रादेशिक निति, कार्यक्रम, र समग्रमा बाल अधिकारको संरक्षण तथा प्रवर्द्धनका लागि भएका प्रयासहरुका सन्दर्भमा प्रदेश बाल परिषदसँगको समन्वयमा बालबालिकाको सवाललाई नेतृत्वतहसँग पुर्याउनका लागि यो कार्यक्रम समावेश गरिएको हो। |
| २. कार्यक्रमको उद्देश्य | बालअधिकारका सवालहरुलाई प्रभावकारी रुपमा सम्वोधन गर्न मद्दत पुऱ्याउनु। |
| ३. कार्यजिम्मेवारी | सामाजिक विकास महाशाखा |
| ४. बजेट बाँडफाँट | कार्यक्रम संचालन तथा व्यवस्थापन खर्च |
| ५. क्रियाकलाप तथा कार्यक्रम सञ्चालन प्रक्रिया | • मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको समन्वयमा कार्यक्रमको प्रारुप तयार गर्ने ।<br>• कार्यक्रम सञ्चालन गर्ने,<br>• प्रतिवेदन तयारी तथा भुक्तानी गर्ने, |
| ६. अपेक्षित प्रतिफल | • मुख्यमन्त्रीसँग बालबालिकाहरुको अन्तरक्रिया भएको हुने ।<br>• बालबालिकाका सवाल पहिचान तथा सम्बोधनको लागि पैरवी भएको हुने । |

### २.१.१७ गैह्रसरकारी संस्थाहरुको प्रोफाइल अद्यावधिक तथा प्रकाशनः

| खर्च शीर्षक | इकाई | लक्ष्य | वजेट रु. हजारमा | त्रैमासिक अवधि |
|---|---|---|---|---|
| २२५२२ | पटक | १ | १५० | पहिलो/ दोस्रो/ तेस्रो |

| शीर्षक | विवरण |
|---|---|
| १. पृष्ठभूमि | गण्डकी प्रदेशलाई कार्यक्षेत्र बनाई क्रियाशिल रहेका गैर सरकारी संस्थाहरुको कार्यक्षेत्र सहितको विवरण गैर सरकारी संस्था महासंघ नेपाल गण्डकी प्रदेशसँगको समन्वयमा अद्यावधिक गर्नका लागि यो कार्यक्रम समावेश गरिएको हो। |
| २. कार्यक्रमको उद्देश्य | • गण्डकी प्रदेश भित्र रहेका गैर सरकारी संस्थाको कार्यक्षेत्र सहितको विवरण अद्यावधिक गर्नु । |
| ३. कार्य जिम्मेवारी | सामाजिक विकास महाशाखा |
| ४. बजेट बाँडफाँट | तथ्याङ्क संकलन तथा प्रशोधनका लागि जनशक्ति व्यवस्थापन खर्च (कुल बजेटको ९० प्रतिशत) र प्रकाशन खर्च (कुल बजेटको १० प्रतिशत)। |
| ५. क्रियाकलाप तथा कार्यान्वयन प्रक्रिया | • गैर सरकारी संस्था महासंघ नेपाल गण्डकी प्रदेशसँग प्रोफाइल प्रकाशन सम्बन्धमा लागत अनुमान सहितको विस्तृत प्रस्ताव माग,<br>• प्रस्ताव उपर छलफल गर्ने,<br>• कार्यान्वयनको लागि गैर सरकारी संस्था महासंघ नेपाल गण्डकी प्रदेशसँग सम्झौता गर्ने,<br>• कार्यप्रगतिका आधारमा भुक्तानी गर्ने । |
| ६. अपेक्षित प्रतिफल | गैर सरकारी संस्थाको प्रोफाइल अद्यावधिक हुने । |

### २.१.१८ राष्ट्रिय वहिरा महासंघ नेपाल गण्डकी प्रदेशसँगको समन्वयमा सांकेतिक भाषा पुनर्ताजगी (दोभाषे) आवासीय तालिम

| खर्च शीर्षक | इकाई | लक्ष्य | वजेट रु. हजारमा | त्रैमासिक अवधि |
|---|---|---|---|---|
| २२५२२ | पटक | १ | ११०० | पहिलो/ दोस्रो र तेस्रो |

| शीर्षक | विवरण |
|---|---|
| १. पृष्ठभूमि | बहिरा अपाङ्गता भएका व्यक्तिहरुको सञ्चार सम्बन्धी अवरोध न्यूनिकरणमा सहयोग पुऱ्याउनुका साथै सीपयुक्त जनशक्ति उत्पादन गरी रोजगारीका अवसर सृजनामा सहयोग पुऱ्याउने उद्देश्यले राष्ट्रिय वहिरा महासंघ नेपाल गण्डकी प्रदेशसँगको समन्वयमा सांकेतिक भाषा पुनर्ताजगी (दोभाषे) आवासीय दुई महिना (५२ कार्यदिन)को तालिम संचालन गर्न यो कार्यक्रम समावेश गरिएको हो । |
| २. कार्यक्रमको उद्देश्य | • बहिरा व्यक्तिहरुको संचार सहजिकरणमा सहयोग पुऱ्याउने।<br>• सीपयुक्त जनशक्ति उत्पादन गरी रोजगारीका अवसर सृजनामा सहयोग पुऱ्याउने । |

| | |
|---|---|
| ३. कार्यजिम्मेवारी | सामाजिक विकास महाशाखा |
| ४. बजेट बाँडफाँट | कार्यक्रम संचालनका लागि आवश्यक, यातायात खर्च, खाजा, खाना, प्रशिक्षक खर्च, प्रशिक्षण सामग्री खर्च, स्टेशनरी लगायत आवासीय तालिमका लागि आवश्यक खर्चहरु |
| ५. क्रियाकलाप तथा कार्यान्वयन प्रक्रिया | (क) राष्ट्रिय बहिरा महासंघ नेपाल गण्डकी प्रदेशसँग प्रोफाइल प्रकाशन सम्बन्धमा लागत अनुमान सहितको विस्तृत प्रस्ताव माग गर्ने गर्ने,<br>(ख) प्रस्ताव उपर छलफल गर्ने,<br>(ग) कार्यान्वयनको लागि राष्ट्रिय बहिरा महासंघ नेपाल गण्डकी प्रदेशसँग सम्झौता गर्ने,<br>(घ) कार्यक्रम कार्यान्वयन।<br>(ङ)कार्यक्रमका सहभागीहरु- सांकेतिक भाषा सम्बन्धी ३ महिनाको मात्र तालिम प्राप्त गरेका व्यक्ति।<br>नोटः गत आर्थिक बर्षमा यस मन्त्रालयबाट संचालित तालिममा सहभागीलाई प्राथमिकता दिनुपर्नेछ । |
| ६. अपेक्षित प्रतिफल | सांकेतिक भाषा सम्बन्धी तालिम लिएका व्यक्तिले पुनर्ताजगी तालिम प्राप्त गरी सिपयुक्त जनशक्तिको विकासमा सहयोग पुग्ने । |

**२.१.१९ प्रदेश बाल अधिकार समिति र जिल्ला बाल अधिकार समितिका सदस्यहरुको क्षमता विकास कार्यशाला**

| खर्च शीर्षक | इकाई | लक्ष्य | बजेट रु हजारमा | त्रैमासिक अवधि |
|---|---|---|---|---|
| २२५२२ | जिल्ला | १ | ५०० | तेस्रो/चौथो |

| शीर्षक | विवरण |
|---|---|
| १. पृष्ठभूमि | गण्डकी प्रदेश बालबालिका सम्बन्धी ऐनमा भएको व्यवस्था बमोजिम गठित प्रदेश बाल अधिकार समिति र ११ जिल्लामा गठित जिल्ला बाल अधिकार समितिका सदस्यहरुलाई बाल अधिकार सम्बन्धी अभिमुखिकरण मार्फत बालबालिकाहरुको सहभागिता, अन्तर सम्बन्ध, अधिकार र विकासको लागि समन्वय गर्दै बालअधिकार सम्बन्धमा देखिएका समस्याहरु पहिचान गर्दै समाधानका उपायहरु सहित भावी रणनीतिहरु समेत तय गर्न यो कार्यक्रम समावेश गरिएको हो । |
| २. कार्यक्रमको उद्देश्य | प्रदेश बाल अधिकार समिति र जिल्ला बाल अधिकार समितिका सदस्यहरुलाई बाल अधिकार सम्वन्धी अभिमुखिकरण गर्नु । |
| ३. कार्य जिम्मेवारी | मन्त्रालय |
| ४. बजेट वाँडफाँड | कार्यक्रम संचालन तथा व्यवस्थापन खर्चहरु |
| ५. क्रियाकलाप तथा | • प्रदेश बाल अधिकार समितिको वैठकबाट कार्यक्रम संचालनको |

| | |
|---|---|
| कार्यान्वयन प्रक्रिया | प्रारुप तयार गर्ने,<br>• कार्यक्रम संचालन हुने मिति र स्थान पहिचान गर्ने,<br>• कार्यक्रम संचालन गर्ने,<br>• प्रतिवेदन तथा समीक्षा गर्ने। |
| ६. अपेक्षित प्रतिफल | प्रदेश बाल अधिकार समिति र जिल्ला बाल अधिकार समितिका सदस्यहरुलाई बाल अधिकार सम्वन्धी अभिमुखिकरण हुने। |

## २.१.२० प्रदेशस्तरीय नागरिक सम्मेलन

| खर्च शीर्षक | इकाई | लक्ष्य | वजेट रु. हजारमा | त्रैमासिक अवधि |
|---|---|---|---|---|
| २२५२२ | पटक | १ | ३०० | पहिलो/ दोस्रो/ तेस्रो |

| शीर्षक | विवरण |
|---|---|
| १. पृष्ठभूमि | गण्डकी प्रदेशमा महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पसंख्यकहरुको अवस्था, सवाल, समस्या, चुनौति, अवसर र समाधान तथा व्यवस्थापन पक्षको लागि प्रदेशमा उल्लेखित क्षेत्रमा कार्यरत गैर सरकारी संस्थाहरुको भेला/सम्मेलन गराई आगामी रणनीति तयार गर्नका लागि गैर सरकारी संस्था महासंघ नेपाल गण्डकी प्रदेशसँगको समन्वय तथा सहकार्यमा कार्यक्रम सञ्चालन गर्न यो कार्यक्रम समावेश गरिएको हो । |
| २. कार्यक्रमको उद्देश्य | महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पसंख्यकहरुको अवस्था, क्षेत्रगत समस्याहरु पहिल्याई आगामी रणनीतिहरु तय गर्नु । |
| ३. कार्य जिम्मेवारी | सामाजिक विकास महाशाखा |
| ४. बजेट बाँडफाँट | कार्यक्रम संचालन तथा व्यवस्थापन खर्च, |
| ५. क्रियाकलाप तथा कार्यान्वयन प्रक्रिया | • गैर सरकारी संस्था महासंघ नेपाल गण्डकी प्रदेशसँग समन्वय वैठक गर्ने,<br>• कार्यक्रम संचालनको प्रारुप तयार गर्ने,<br>• कार्यक्रम संचालनको स्थान, मिति  र समय तय गर्ने,<br>• कार्यक्रम संचालन तथा प्रतिवेदन तयारी र भुक्तानी गर्ने । |
| ६. अपेक्षित प्रतिफल | सम्बन्धित क्षेत्रमा कार्यरत व्यक्तिहरु समावेश भई प्रदेशस्तरीय नागरिक सम्मेलन सम्पन्न हुने । |

## २.१.२१ प्रदेशस्तरीय अपाङ्गता निर्देशन समिति बैठक संचालन

| खर्च शीर्षक | इकाई | लक्ष्य | वजेट रु. हजारमा | त्रैमासिक अवधि |
|---|---|---|---|---|
| २२५२२ | पटक | ३ | ३०० | पहिलो/ दोस्रो/ तेस्रो |

| शीर्षक | विवरण |
|---|---|
| १. पृष्ठभूमि | गण्डकी प्रदेशमा अपाङ्गता भएका व्यक्तिहरुको अधिकार सम्बन्धमा व्यवस्था गर्न गठित प्रदेशस्तरीय अपाङ्गता निर्देशन समितिमा भएको व्यवस्था वमोजिम |

| | | |
|---|---|---|
| | | गठित समितिलाई प्रभावकारी रुपमा परिचालन गरी अपाङ्गता भएका व्यक्तिहरुको अधिकारका सवालहरुलाई प्रभावकारी रुपमा सम्बोधन गर्नुका साथै प्रदेशस्तरीय अपाङ्गता निर्देशन समितिमा बैठक संचालन गर्नको लागि यो कार्यक्रम संचालन गर्न लागिएको हो । |
| २. | कार्यक्रमको उद्देश्य | • प्रदेशस्तरीय अपाङ्गता निर्देशन समितिको नियमित बैठक संचालन गर्नु ।<br>• अपाङ्गता भएका व्यक्तिहरु अधिकारको सवालहरुलाई प्रभावकारी रुपमा सम्वोधन गर्न मद्दत पुऱ्याउनु। |
| ३. | कार्य जिम्मेवारी | सामाजिक विकास महाशाखा |
| ४. | बजेट बाँडफाँट | • बैठक भत्ता, खाना, खाजा र यातायात खर्च |
| ५. | क्रियाकलाप तथा कार्यान्वयन प्रकृया | • प्रदेशस्तरीय अपाङ्गता निर्देशन समितिमा सदस्यहरुसँग समन्वय गर्ने,<br>• प्रदेशस्तरीय अपाङ्गता निर्देशन समितिमा बैठकको स्थान, मिति र समय तय गर्ने,<br>• बैठक संचालन तथा प्रतिवेदन तयार गर्ने,<br>• भुक्तानी । |
| ६. | अपेक्षित प्रतिफल | • प्रदेशस्तरीय अपाङ्गता निर्देशन समितिको नियमित बैठक संचालन हुने ।<br>• अपाङ्गता भएका व्यक्तिहरु अधिकारको सवालहरुको संवोधन हुने। |

## २.१.२२ अपाङ्गता ऐन कार्यान्वयनका लागि सिर्जना हुने दायित्व, नियमावली निर्माण र अन्य कार्यक्रमहरु

| खर्च शीर्षक | इकाई | लक्ष्य | वजेट रु. हजारमा | त्रैमासिक अवधि |
|---|---|---|---|---|
| २२५२२ | पटक | १ | ४५०० | पहिलो/ दोस्रो/ तेस्रो |

| शीर्षक | | विवरण |
|---|---|---|
| १. | पृष्ठभूमि | अपाङ्गता भएका व्यक्ति विरुद्ध हुने सबै प्रकारका भेदभाव र असमानताको अन्त्य गरी निजहरुको नागरिक आर्थिक सामाजिक तथा साँस्कृतिक अधिकारको सम्मान गर्दै अपाङ्गता भएका व्यक्तिको सशक्तिकरण गरी समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तको आधारमा नीति निर्माण तथा विकास प्रकृयामा सहभागी गराई स्वाबलम्बी र सम्मानजनक जीवनयापनको सुनिश्चितता गरी सामाजिक न्याय कायम गर्न गण्डकी प्रदेश सभामा पेश भएको **"गण्डकी प्रदेशमा अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक"** ऐन तर्जुमा भए पश्चात् कार्यान्वयन गर्ने गरी यो कार्यक्रम समावेश गरिएको हो। |
| २. | कार्यक्रमको उद्देश्य | गण्डकी प्रदेश सभामा पेश भएको **"गण्डकी प्रदेशमा अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक"** ऐन तर्जुमा भए पश्चात् त्यसका विषयहरु कार्यान्वयन गर्ने । |
| ३. | कार्य जिम्मेवारी | सामाजिक विकास महाशाखा |

| | | |
|---|---|---|
| ४. | बजेट बाँडफाँट | पहिचान भएका कार्यक्रमसँग सम्बन्धित खर्चहरु |
| ५. | क्रियाकलाप तथा कार्यान्वयन प्रकृया | • नियमावली तर्जुमा गर्ने,<br>• अपाङ्गता निर्देशन समितिले ऐनमा भएका व्यवस्था कार्यान्वयनको लागि पहिचान गरेका कार्यक्रम कार्यान्वयन गर्ने । |
| ६. | अपेक्षित प्रतिफल | • नियमावली तर्जुमा हुने ।<br>• ऐनमा भएका व्यवस्था कार्यान्वयन हुने । |

### २.१.२३ दलित ऐन कार्यान्वयन गर्दा सिर्जना हुने दायित्व, नियमावली निर्माण लगायतका कार्यहरु

| खर्च शीर्षक | इकाई | लक्ष्य | वजेट रु. हजारमा | त्रैमासिक अवधि |
|---|---|---|---|---|
| २२५२२ | पटक | १ | ४५०० | दोस्रो/ तेस्रो/चौथो |

| शीर्षक | | विवरण |
|---|---|---|
| १. | पृष्ठभूमि | जातीय भेदभाव तथा छुवाछुतजन्य व्यवहार अन्त्य गर्दै दलित समुदायको हक अधिकारको प्रभावकारी कार्यान्वयन गर्न र दलित समुदायको सामाजिक, आर्थिक, राजनीतिक, साँस्कृतिक तथा शैक्षिक अधिकारको प्रवर्द्धन, सशक्तिकरण र विकास गर्नका लागि गण्डकी प्रदेश सभामा पेश भएको **"गण्डकी प्रदेश दलित अधिकार तथा सशक्तिकरण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक"** ऐन तर्जुमा भए पश्चात् कार्यान्वयन गर्ने गरी यो कार्यक्रम समावेश गरिएको हो । |
| २. | कार्यक्रमको उद्देश्य | गण्डकी प्रदेश सभामा पेश भएको **"गण्डकी प्रदेश दलित अधिकार तथा सशक्तिकरण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक"** ऐन तर्जुमा भए पश्चात् कार्यान्वयन गर्नु । |
| ३. | कार्य जिम्मेवारी | सामाजिक विकास महाशाखा |
| ४. | बजेट बाँडफाँट | पहिचान भएका कार्यक्रमसँग सम्बन्धित खर्चहरु |
| ५. | क्रियाकलाप तथा कार्यान्वयन प्रकृया | • नियमावली तर्जुमा गर्ने,<br>• जातीय भेदभाव तथा छुवाछुत अनुगमन र दलित सशक्तिकरण समिति समितिले ऐनमा भएका व्यवस्था कार्यान्वयनको लागि पहिचान गरेका कार्यक्रम कार्यान्वयन गर्ने । |
| ६. | अपेक्षित प्रतिफल | • नियमावली तर्जुमा हुने ।<br>• ऐनमा भएका व्यवस्था कार्यान्वयन हुने । |

खण्ड: ख

## ३.१ सामाजिक विकास कार्यालय तर्फ

### ३.१.१ आपत्कालिन उद्धार कार्यक्रम

| खर्च शीर्षक | इकाई | लक्ष्य | त्रैमासिक अवधि |
|---|---|---|---|
| २२५२२ | जिल्ला | ११ | प्रथम, दोस्रो, तेस्रो र चौथो |
| **शीर्षक** | **विवरण** | | |
| १. पृष्ठभूमि | विभिन्न कारणले जोखिमपूर्ण अवस्थामा रहेका महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, लैङ्गिक तथा यौनिक अल्प संख्यकहरुलाई तत्काल उद्धार, औषधी उपचार, मनोवैज्ञानिक उपचार, राहत, शिक्षा, लगायतका आधारभूत आवश्यकता परिपूर्ति गर्ने तथा सडक मानव व्यवस्थापन तथा उद्धार कार्यमा पीडित तथा प्रभावितहरुको स्थलगत अनुगमन गरी प्राप्त प्रतिवेदन समेतका आधारमा रकम उपलब्ध गराउन यो कार्यक्रम समावेश गरिएको छ। | | |
| २. कार्यक्रमको उद्देश्य | विभिन्न कारणले जोखिमपूर्ण अवस्थामा व्यक्तिहरुको तत्काल संरक्षण र सहयोग गर्ने, | | |
| ३. कार्य जिम्मेवारी | सामाजिक विकास कार्यालय | | |
| ४. बजेट बाँडफाँट | वैठक भत्ता तथा अनुसूची- ३ मा उल्लेखित मापदण्ड बमोजिम खर्चहरु | | |
| ५. क्रियाकलाप र कार्यान्वयन प्रक्रिया | • कार्यालयको वेवसाइट/सूचना पाटी/स्थानीय तह लगायत विभिन्न माध्यमबाट जानकारीमूलक सूचना प्रकाशन<br>• आपत्कालिन उद्धार कार्यमा सहयोग उपलब्ध गराउनका लागि देहायको समिति गठन गरिनेछः<br>संयोजक- प्रमुख, सामाजिक विकास कार्यालय<br>सदस्य- प्रमुख, महिला तथा बालबालिका सेवा केन्द्र, जि.प्रहरी कार्यालय<br>सदस्य-सचिव- सम्वन्धित शाखा प्रमुख, सामाजिक विकास कार्यालय<br>• प्राप्त निवदेन उपर वैठक संचालन गरी निर्णय गर्ने ।<br>• प्राप्त निवेदनका आधारमा अनुसूची-३ मा उल्लेखित मापदण्ड बमोजिम आर्थिक सहयोग उपलब्ध गराउने ।<br>• आवश्यक अन्य सेवा उपलव्ध गराउन सिफारिस गर्ने (मनोविमर्श परामर्श कानुनी सहायता अल्पकालीन र दीर्घकालीन संरक्षण)<br>• रकम उपलब्ध गराउने<br>• प्रतिवेदन तयार गर्ने । | | |
| ६. अपेक्षित प्रतिफल | विभिन्न कारणले जोखिमपूर्ण अवस्थामा व्यक्तिहरुको तत्काल संरक्षण र सहयोग पुग्ने । | | |

### ३.१.२ दलित समुदायका महिलाहरुको लागि आर्थिक सशक्तीकरण कार्यक्रम

| खर्च शीर्षक | इकाई | लक्ष्य | त्रैमासिक अवधि |
|---|---|---|---|
| २२५२२ | जिल्ला | ९ | दोस्रो/ तेस्रो |

| शीर्षक | विवरण |
|---|---|
| १. पृष्ठभूमि | गण्डकी प्रदेशका विभिन्न जिल्लाहरुमा आर्थिक रुपमा पछाडी परेका दलित समुदायका महिलाहरुको आर्थिक सशक्तीकरणमा टेवा पुऱ्याउन यो कार्यक्रम समावेश गरिएको हो । |
| २. कार्यक्रमको उद्देश्य | दलित महिलाहरुको आर्थिक सशक्तिकरणमा सहयोग पुर्याउने। |
| ३. कार्य जिम्मेवारी | सामाजिक विकास कार्यालय सबै |
| ४. बजेट बाँडफाँट | क्रियाकलाप तथा कार्यक्रम व्यवस्थापनसँग सम्बन्धित खर्चहरु। |
| ५. क्रियाकलाप तथा कार्यान्वयन प्रक्रिया | (१) दलित समुदायका महिलाहरुलाई सीपमूलक तालिम संचालन, उद्योग दर्ता र कर शिक्षा सहजिकरण, उद्योग दर्ता तथा सिफारिस शुल्क, उद्योग सुरुवातका लागि कच्चापदार्थ/ प्रविधि सहयोग समेत वा<br>(२) दलित समुदायका महिलाहरुबाट सञ्चालित उद्योगलाई उद्योगसँग सम्बन्धित उद्यमीको १० प्रतिशत लागत साझेदारीमा प्रविधि/सम्बन्धित मेशिनरी औजार आदी सहयोग<br>• उपर्युक्त (१) वा (२) मध्ये कुनै एक क्रियाकलाप छनौट गरी कार्यालयले सञ्चालन गर्न सक्नेछ ।<br>• क्रियाकलाप सञ्चालन सम्बन्धमा कार्यालयले आवश्यकता अनुसार **बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकिकृत कार्यविधि, २०८१** बमोजिम गर्न सक्नेछ । |
| ६. अपेक्षित प्रतिफल | दलित महिलाहरुको आर्थिक सशक्तिकरणमा सहयोग पुग्ने। |

### ३.१.३ अपाङ्गता भएका व्यक्तिहरुका लागि सहायता सामग्री तथा प्रविधि वितरण

| खर्च शीर्षक | इकाई | लक्ष्य | त्रैमासिक अवधि |
|---|---|---|---|
| २२५२२ | जिल्ला | १० | दोस्रो र तेस्रो |

| शीर्षक | विवरण |
|---|---|
| १. पृष्ठभूमि | आर्थिक अभावले गर्दा अपाङ्गता सहायता सामाग्री तथा प्रविधि उपयोग गर्न नसकेका अपाङ्गता भएका व्यक्तिहरुको दैनिक जीवनयापनमा सहयोग गर्न ल्याउन सम्बन्धित चिकित्सकको सिफारिसमा सहायक सामग्री तथा प्रविधि उपलब्ध गराउनको लागि यो कार्यक्रम समावेश गरिएको हो । |
| २. कार्यक्रमको उद्देश्य | अपाङ्गता भएका व्यक्तिका लागि आवश्यक सहायता सामग्री तथा प्रविधि वितरण गरी उनीहरुको पहुँचयुक्ततामा सहयोग पुर्याउने । |

| | | |
|---|---|---|
| ३. | कार्य जिम्मेवारी | सामाजिक विकास कार्यालय |
| ४. | बजेट बाँडफाँड | सहायता सामग्री सोको प्रयोगका लागि थेरापी सेवा सहितको विल बमोजिमको खर्च र बैठक सञ्चालन खर्च मात्र |
| ५. | क्रियाकलाप तथा कार्यान्वयन प्रक्रिया | • अपाङ्गता भएका व्यक्तिहरुको अधिकार सम्बन्धी नियमावली, २०७७ को अनुसूची ५ बमोजिमका सामग्रीहरु मात्र वितरण गर्नुपर्नेछ ।<br>• अपाङ्गता भएका व्यक्तिहरुलाई सहायक सामग्री र थेरापी सेवा उपलब्ध गराउनु पर्ने भएमा कार्यालयले आवश्यकता अनुसार सम्बन्धित अस्पतालहरुसँग सम्झौता गरी कार्यान्वयन गर्न सक्नेछ ।<br>• चिकित्सकको सिफारिसमा आवश्यक नापजाँच र थेरापी सेवा सहितको सेवा आवश्यक पर्ने सहायता सामग्रीको हकमा सोही बमोजिम उपलब्ध गराउनु पर्नेछ ।<br>• चिकित्सकको सिफारिस आवश्यक नपर्ने सहायता सामग्रीको हकमा कार्यालयले खरिद गरी उपलब्ध गराउन सक्नेछ ।<br>**<u>कार्यान्वयन प्रकृया</u>**<br>• अपाङ्गता भएका व्यक्तिहरुबाट माग निवेदन संकलन गर्ने ।<br>• निवेदन उपर आवश्यक कारवाही गरी कार्यालय समक्ष सिफारिस गर्न देहायको समिति रहनेछः<br>संयोजक- प्रमुख, सामाजिक विकास कार्यालय<br>सदस्य- चिकित्सक, सदरमुकामस्थित सरकारी अस्पताल<br>सदस्य-सचिव- सम्वन्धित शाखा प्रमुख, सामाजिक विकास कार्यालय<br>समितिले वैठकमा आवश्यकता अनुसार जिल्लामा अपाङ्गताको क्षेत्रमा कार्यरत संस्थाहरु मध्येबाट १ जना प्रतिनिधि बोलाउन सक्नेछ ।<br>• प्राप्त निवदेन उपर वैठक संचालन गरी निर्णय गर्ने ।<br>• प्रतिवेदन तयार गर्ने । |
| ६. | अपेक्षित प्रतिफल | अपाङ्गता भएका व्यक्तिका लागि आवश्यक सहायता सामग्री तथा प्रविधि वितरण गरी उनीहरुको पहुँचयुक्ततामा सहयोग पुग्ने। |

### ३.१.४ महिला विकास कार्यक्रमद्वारा प्रवर्द्धित महिला सहकारी संस्था मार्फत उद्यमशीलता प्रवर्द्धन कार्यक्रम

| खर्च शीर्षक | इकाई | लक्ष्य | त्रैमासिक अवधि |
|---|---|---|---|
| २२५२२ | जिल्ला | ११ | दोस्रो र तेस्रो |

| शीर्षक | विवरण |
|---|---|
| १. पृष्ठभूमि | महिला विकास कार्यक्रमबाट प्रवर्द्धन भई वचत तथा ऋण परिचालन |

| | | |
|---|---|---|
| | | लगायत सामाजिक क्रियाकलापहरु समेत संचालन गरी स्थानीय स्तरमा महिला सुरक्षाको पहरेदारको रुपमा संचालनमा रहेका महिला सहकारी संस्थाहरु मार्फत महिला उद्यमशीलता प्रवर्द्धन गर्न यो कार्यक्रम समावेश गरिएको हो । |
| २. | कार्यक्रमको उद्देश्य | महिला सहकारी संस्था मार्फत महिलाहरुको आर्थिक सशक्तीकरण गर्ने |
| ३. | कार्य जिम्मेवारी | सामाजिक विकास कार्यालयहरु |
| ४. | बजेट बाँडफाँड | • क्रियाकलाप तथा कार्यक्रम व्यवस्थापनसँग सम्बन्धित खर्चहरु।<br>• बैठक संचालन तथा कार्यक्रमको स्थलगत अनुगमन मूल्याङ्कनमा कुल बजेटको ४ प्रतिशतमा नबढ्ने गरी खर्च गर्नुपर्नेछ । |
| ५. | क्रियाकलाप तथा कार्यान्वयन प्रकृया | (१) महिला विकास कार्यक्रमबाट प्रवर्द्धित सहकारी संस्थाका महिला सदस्यहरुलाई सीपमूलक तालिम संचालन, व्यवसाय दर्ता र कर शिक्षा सहजिकरण, वा<br>(२) महिला विकास कार्यक्रमबाट प्रवर्द्धित सहकारी संस्थाबाट सञ्चालित उद्योगलाई उद्योगसँग सम्बन्धित १० प्रतिशत लागत साझेदारीमा प्रविधि, कच्चा पदार्थ, उद्योगसँग सम्बन्धित संरचना निर्माण तथा मर्मत सम्भार (खोर,सामान्य स्टोर आदी ) सहयोग<br>• उपर्युक्त (१) र (२) वा (२) मात्र मध्ये कुनै एक क्रियाकलाप छनौट गरी कार्यालयले कार्यान्वयन गर्न सक्नेछ।<br>• उद्योग सञ्चालन गरिरहेका वा नयाँ उद्योग सञ्चालन गर्न इच्छुक जिल्लास्थित महिला विकास कार्यक्रमबाट प्रवर्द्धित महिला सहकारी संस्थाहरुमध्ये बाट २१ दिनको म्याद दिई व्यवसायिक योजना सहितको प्रस्ताव आव्हान गर्ने ।<br>• क्रियाकलाप सहित दुई वटासम्म सहकारी संस्था छनौट गर्नुपर्नेछ।<br>• क्रियाकलाप छनौट, प्रस्ताव मूल्याङ्कन तथा संस्था सिफारिस समेत गर्नको लागि देहाय बमोजिमको समिति रहनेछ ।<br>संयोजक- कार्यालय प्रमुख, सामाजिक विकास कार्यालय<br>सदस्य- प्रमुख, पर्यटन तथा उद्योग कार्यालय<br>सदस्य- कार्यालय रहेको स्थानीय तहको सहकारी सम्बन्धि बिषय हेर्ने प्रतिनिधि<br>सदस्य-सचिव- शाखा प्रमुख, सम्बन्धित शाखा, सामाजिक विकास कार्यालय<br>(प्रस्ताव पेश गर्ने सहकारी भएको स्थानीय तहको प्रतिनिधि सदस्य समितिमा रहने छैन ।)<br>• क्रियाकलाप सञ्चालन सम्बन्धमा कार्यालयले आवश्यकता अनुसार **बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकिकृत** |

| | |
|---|---|
| | **कार्यविधि, २०८१** बमोजिम गर्न सक्नेछ। |
| ६. अपेक्षित प्रतिफल | महिला सहकारी संस्थाले उद्योग सञ्चालन गरेको हुने वा सञ्चालन गरिरहेको उद्योगमा सहयोग पुग्ने । |

## ३.१.५ अल्पसंख्यक, सिमान्तकृत र लोपोन्मुख समुदायको सामूदायिक उद्यमशीलता कार्यक्रम

| खर्च शीर्षक | इकाई | लक्ष्य | त्रैमासिक अवधि |
|---|---|---|---|
| २२५२२ | जिल्ला | ९ | दोस्रो/तेस्रो/चौथो |
| शीर्षक | विवरण | | |
| १. पृष्ठभूमि | गण्डकी प्रदेशभित्रका विभिन्न जिल्लामा वसोवास गर्ने थारु, मुस्लिम, अल्पसंख्यक, सिमान्तकृत र लोपोन्मुख जाति (मुसलमान, दरै, कुमाल, बोटे, थारु, मुसहर, दुरा, छन्त्याल, बराम, चेपाङ लगायत) का समुदायको आर्थिक सशक्तीकरण गर्न यो कार्यक्रम समावेश गरिएको हो। | | |
| २. कार्यक्रमको उद्देश्य | अल्पसंख्यक, सिमान्तकृत र लोपोन्मुख समुदायको सामूदायिक उद्यमशीलता प्रवर्द्धन गर्न । | | |
| ३. कार्य जिम्मेवारी | सामाजिक विकास कार्यालयहरु | | |
| ४. बजेट बाँडफाँट | ➢क्रियाकलाप तथा कार्यक्रम व्यवस्थापनसँग सम्बन्धित खर्चहरु। | | |
| ५. क्रियाकलाप तथा कार्यान्वयन प्रकृया | (१) अल्पसंख्यक, सिमान्तकृत र लोपोन्मुख समुदायका व्यक्तिहरुलाई सीपमूलक तालिम संचालन, उद्योग दर्ता शुल्क तथा सिफारिस शुल्क, उद्योग दर्ता र कर शिक्षा सहजिकरण, वा<br>(२) अल्पसंख्यक, सिमान्तकृत र लोपोन्मुख समुदायका व्यक्तिहरुबाट सञ्चालित उद्योगलाई उद्योगसँग सम्बन्धित १० प्रतिशत लागत साझेदारीमा प्रविधि, कच्चा पदार्थ, उद्योगसँग सम्बन्धित संरचना निर्माण तथा मर्मत सम्भार सहयोग<br>• उपर्युक्त (१) र (२) वा (२) मात्र मध्ये कुनै एक क्रियाकलाप छनौट गरी कार्यालयले सञ्चालन गर्न सक्नेछ ।<br>• क्रियाकलाप सहित कुनै १ मात्र समुदाय छनौट<br>• क्रियाकलाप छनौट, समुदाय छनौट तथा सिफारिस समेत गर्नको लागि देहाय बमोजिमको समिति रहनेछ ।<br>संयोजक- प्रमुख, सामाजिक विकास कार्यालय<br>सदस्य- प्रमुख, पर्यटन तथा उद्योग कार्यालय<br>सदस्य-सचिव- शाखा प्रमुख, सम्बन्धित शाखा, सामाजिक विकास कार्यालय<br>• क्रियाकलाप सञ्चालन सम्बन्धमा कार्यालयले आवश्यकता अनुसार **बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकिकृत कार्यविधि, २०८१** बमोजिम गर्न सक्नेछ । | | |

| | |
|---|---|
| ६. अपेक्षित प्रतिफल | अल्पसंख्यक, सिमान्तकृत र लोपोन्मुख समुदायको सामूदायिक उद्यमशीलता प्रवर्द्धनमा सहयोग पुगेको हुने । |

## ३.१.६ दृष्टिविहिन विद्यार्थीहरु अध्ययन गर्ने विद्यालयलाई सहायक प्रविधि सहयोग कार्यक्रम

| खर्च शीर्षक | इकाई | लक्ष्य | त्रैमासिक अवधि |
|---|---|---|---|
| २२५२२ | विद्यालय | ११ | दोस्रो, तेस्रो |

| शीर्षक | विवरण |
|---|---|
| १. पृष्ठभूमि | अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन २०७४ मा भएको व्यवस्थाको कार्यान्वयन गर्न/गराउन मन्त्रालयबाट आर्थिक वर्ष २०८१/०८२ मा दृष्टि सम्बन्धि अपाङ्गता भएका विद्यार्थीको पठन पाठन गराउने विद्यालयका शिक्षक र विद्यार्थीहरुको लागि सहायक सामग्री, प्रविधिको प्रयोग र कानुनी सचेता सम्बन्धी अभिमुखिकरण कार्यक्रम सम्पन्न भएका विद्यालयहरुलाई सहायक प्रविधि र सामग्री खरिद गरी वितरण गर्ने उद्देश्यले यो कार्यक्रम समावेश गरिएको छ । |
| २. कार्यक्रमको उद्देश्य | दृष्टि सम्बन्धी अपाङ्गता भएका विद्यार्थीहरुको पठन पाठनमा सहयोग गर्ने । |
| ३. कार्य जिम्मेबारी | सामाजिक विकास कार्यालय |
| ४. बजेट बाँडफाँड | सहायक प्रविधि खरिद सम्बन्धी खर्चहरु. |
| ५. क्रियाकलाप तथा कार्यान्वयन प्रकृया | सहायक प्रविधि वितरण गर्नुपर्ने विद्यालयहरु (see table below) • सम्बन्धित विद्यालयसँगको समन्वयमा आवश्यक सहायक |

| जिल्ला | विद्यालय |
|---|---|
| तनहुँ | चण्डिकालिका मा. वि. व्यास न पा |
| गोरखा | सरस्वती आहाले मा. वि. गोरखा न पा, जलकुमारी मा. वि. आरुघाट गाउँपालिका, अमरज्योती मा वि लुईँटेल |
| नवलपुर | जनता मा. वि. मगरकोट |
| कास्की | अमरसिह मा. वि. र कुँडहर आ. वि. |
| स्याङ्जा | कालाभैरव मा. वि. फेदिखोला |
| पर्वत | शिवालय मा.वि. कुश्मा |
| बाग्लुङ | जनधन मा. वि., बा. न. पा. बलेवा |
| म्याग्दी | ज्ञानोदय मा. वि. रघुगंगा |

| | |
|---|---|
| | प्रविधिको पहिचान गर्ने, खरिद तथा वितरण गर्ने ।<br>आवश्यकता अनुसार कार्यालयले सहायक प्रविधिको पहिचानका लागि राष्ट्रिय अपाङ्ग महासंघसँग समन्वय गर्न सक्नेछ । |
| ६. अपेक्षित प्रतिफल | दृष्टि सम्बन्धी अपाङ्गता भएका विद्यार्थीहरुको पठन पाठनमा सहयोग पुगेको हुने। |

## ३.१.७ महिलाहरुको लागि निःशुल्क लोकसेवा तयारी कक्षा संचालन

| खर्च शीर्षक | इकाई | लक्ष्य | त्रैमासिक अवधि |
|---|---|---|---|
| २२५२२ | जना | १८० | दोस्रो |
| शीर्षक | विवरण | | |
| १. पृष्ठभूमि | आर्थिक तथा सामाजिक रुपमा पछाडि परेका महिलाहरुलाई विभिन्न प्रतियोगितात्मक परीक्षाहरुमा सक्रिय रुपमा सहभागी गराउँदै सरकारी सेवा प्रदेशमा जागरुक गराई सकारात्मक भावना अभिवृद्धि गराउने उद्देश्यले गण्डकी प्रदेश सरकारले आ.व.२०८२/०८३ को बजेटमा विभिन्न प्रतियोगितात्मक परिक्षाहरुमा सहभागी हुन इच्छुक महिलाहरुका लागि प्रतियोगितात्मक परीक्षा तयारी कक्षा संचालन गर्ने गरी यो कार्यक्रम र बजेट व्यवस्था गरिएको छ । | | |
| २. कार्यक्रमको उद्देश्य | लोकसेवा तयारी कक्षा संचालनको माध्यमबाट निश्चित योग्यता पुगेका महिलाहरुको सरकारी सेवा प्रवेशमा सशक्तिकरण गर्ने । | | |
| ३. कार्य जिम्मेबारी | सामाजिक विकास कार्यालय | | |
| ४. बजेट बाँडफाँट | तालिम कार्यक्रम संचालन एवं व्यवस्थापन खर्च, प्रशिक्षक भत्ता, प्रशिक्षक भ्रमण भत्ता, सहभागी यातायात, स्टेशनरी लगायतको खर्चहरु | | |
| ५. क्रियाकलाप तथा कार्यान्वयन प्रकृया | १. **कार्यक्रमको लक्षित समूहः**- योग्यता पुगेको इच्छुक महिलाहरु<br>२. पाठ्यक्रमः प्रदेश लोक सेवा आयोग गण्डकीले निर्धारण गरे बमोजिमको अप्राविधिक तर्फको सहायकस्तर चौथो तहको पाठ्यक्रम।<br>३. सहभागी संख्याः कम्तीमा ३० जना ।<br>४. तालिम अवधिः २० दिन । (प्रति दिन ३ सेसनका दरले जम्मा ६० सेसन र एक सेसन १:३० घण्टाको हुनु पर्नेछ।)<br>५. **इच्छुक महिलाहरुबाट निवेदनको लागि १५ दिनको सूचना प्रकाशन गर्ने।** | | |

| | |
|---|---|
| | ६. कार्यालयले तयारी कक्षा भौतिक उपस्थितिमा सञ्चालन गर्नेछ र आवश्यकता अनुसार अनलाइन माध्यमबाट पनि कक्षा सञ्चालन गर्न सक्नेछ ।<br>७. कार्यक्रम कार्यान्वयन सम्बन्धी कार्यालयले थप निर्णय गर्न सक्नेछ । |
| ६. अपेक्षित प्रतिफल | लोकसेवा तयारी कक्षा संचालनको माध्यमबाट निश्चित योग्यता पुगेका महिलाहरुको सरकारी सेवा प्रवेशका लागि सहयोग पुग्ने । |

### ३.१.८ महिला, बाल, ज्येष्ठ नागरिक अपाङ्गता आदी दिवसीय कार्यक्रम सञ्चालन

| खर्च शीर्षक | इकाई | लक्ष्य | त्रैमासिक अवधि |
|---|---|---|---|
| २२५२२ | जिल्ला | ११ | पहिलो,दोस्रो, तेस्रो र चौथो |

| शीर्षक | विवरण |
|---|---|
| १. पृष्ठभूमि | महिला, बालबालिका तथा किशोरकिशोरी, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति लगायतका वर्गहरुको हक अधिकार संरक्षणका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रुपमा निर्धारण गरिएका दिवसीय तथा अभियानात्मक कार्यक्रमहरु मार्फत सचेतना अभिवृद्धि गर्नको लागि यो कार्यक्रम संचालन लागिएको हो। |
| २. कार्यक्रमको उद्देश्य | सामाजिक जागरण तथा सचेतना अभिवृद्धिका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रुपमा निर्धारण गरिएका दिवस तथा अभियानका कार्यक्रमहरु संचालन गर्ने। |
| ३. कार्य जिम्मेबारी | सामाजिक विकास कार्यालय |
| ४. बजेट बाँडफाँड | विभिन्न दिवसिय कार्यक्रम संचालन तथा व्यवस्थापन सम्वन्धी खर्चहरु |
| ५. क्रियाकलाप तथा कार्यान्वयन प्रकृया | • सरोकारवालाहरुसँग समन्वयात्मक वैठक संचालन गर्ने,<br>• कार्यक्रमको प्रारुप तय गर्ने,<br>• दिवस तथा अभियानमूलक कार्यक्रम संचालन गर्ने ।<br>• समिक्षा तथा प्रतिवेदन । |
| ६. अपेक्षित प्रतिफल | सामाजिक जागरण तथा सचेतना अभिवृद्धिका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रुपमा निर्धारण गरिएका दिवस तथा अभियानका कार्यक्रमहरु संचालन भई सामाजिक जागरण तथा सचेतना अभिवृद्धिमा सहयोग पुग्ने । |

### ३.१.९ किशोरीहरुलाई आत्मरक्षा सम्बन्धी तालिम

| खर्च शीर्षक | इकाई | लक्ष्य | चौमासिक अवधि |
|---|---|---|---|
| २२५२२ | जिल्ला | ११ | दोस्रो |

| शीर्षक | विवरण |
|---|---|
| १. पृष्ठभूमि | किशोरीहरु माथि हुन सक्ने विभिन्न खालका हिंसाजन्य कार्यहरुको न्यूनिकरण गर्नका जीवनोपयोगी स्वास्थ्य र शारीरिक अभ्यास मार्फत |

| | |
|---|---|
| | आत्मरक्षा तालिम संचालन गर्ने उद्देश्यले यो कार्यक्रम कार्यान्वयन गर्न लागिएको हो । |
| २. कार्यक्रमको उद्देश्य | किशोरीहरु माथि हुन सक्ने हिंसा विरुद्ध आत्मरक्षा सम्बन्धी तालिम प्रदान गरी आत्मविश्ववासयुक्त किशोरी तयार गर्नु । |
| ३. कार्य जिम्मेवारी | सामाजिक विकास कार्यालय |
| ४. बजेट बाँडफाँट | कार्यक्रम संचालन एवं व्यवस्थापन, स्टेशनरी, प्रशिक्षक खर्च, दैनिक भ्रमण तथा यातायात खर्च लगायत अन्य सामग्रीहरु व्यवस्थापन खर्च । |
| ५. क्रियाकलाप तथा कार्यान्वयन प्रकृया | • जिल्ला प्रहरी कार्यालय तथा अन्य सरोकारवालासँग समन्वय वैठक संचालन गर्ने,<br>• विद्यालयमा आधारित स्थान छनौट गर्ने,<br>• किशोरी समूहहरु परिचालन गर्न सकिने,<br>• तालिम संचालनको प्रारुप तयार गर्ने,<br>• तालिमका सहभागी,मिति तथा प्रशिक्षक र विषयवस्तु छनौट गर्ने,<br>• तालिम संचालन गर्ने,<br>• तालिम संचालन सम्बन्धी विस्तृत प्रतिवेदन। |
| ६. अपेक्षित प्रतिफल | किशोरीहरु माथि हुन सक्ने हिंसा विरुद्ध आत्मरक्षा सम्बन्धी तालिम प्रदान गरी आत्मविश्ववासयुक्त किशोरी तयार गर्न सहयोग पुगेको हुने । |

### ३.१.१० अपाङ्गता भएका व्यक्तिहरुका लागि सशक्तीकरण कार्यक्रम

| खर्च शीर्षक | इकाई | लक्ष्य | त्रैमासिक अवधि |
|---|---|---|---|
| २२५२२ | जिल्ला | ११ | दोस्रो/ तेस्रो |

| शीर्षक | विवरण |
|---|---|
| १. पृष्ठभूमि | गण्डकी प्रदेशका अपाङ्गता भएका व्यक्ति र पूर्ण अशक्त तथा अति अशक्त अपाङ्गता भएका व्यक्तिको अभिभावकहरुबाट सञ्चालिन उद्योगलाई प्रविधि सहयोग गर्न यो कार्यक्रम समावेश गरिएको हो । |
| २. कार्यक्रमको उद्देश्य | अपाङ्गता भएका व्यक्ति र पूर्ण अशक्त तथा अति अशक्त अपाङ्गता भएका व्यक्तिको अभिभावकहरुको आर्थिक सशक्तिकरणमा सहयोग पुर्याउने। |
| ३. कार्य जिम्मेवारी | सामाजिक विकास कार्यालय सबै |
| ४. बजेट बाँडफाँट | क्रियाकलाप तथा कार्यक्रम व्यवस्थापनसँग सम्बन्धित खर्चहरु। |
| ५. क्रियाकलाप तथा कार्यान्वयन प्रक्रिया | • अपाङ्गता भएका व्यक्ति र पूर्ण अशक्त तथा अति अशक्त अपाङ्गता भएका व्यक्तिको अभिभावकहरुबाट सञ्चालित उद्योगलाई उद्योगसँग सम्बन्धित १० प्रतिशत लागत साझेदारीमा प्रविधि, कच्चा पदार्थ, उद्योगसँग सम्बन्धित संरचना निर्माण तथा मर्मत सम्भार (खोर,सामान्य स्टोर आदी) |

| | |
|---|---|
| | सहयोग<br>• प्रस्ताव आव्हानको लागी १५ दिनको सूचना प्रकाशन<br>• प्रस्ताव मूल्याङ्कनका आधारहरु अनुसूचि ४ बमोजिम हुनेछ।<br>• क्रियाकलाप सञ्चालन सम्बन्धमा कार्यालयले आवश्यकता अनुसार **बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकिकृत कार्यविधि, २०८१** बमोजिम गर्न सक्नेछ । |
| ६. अपेक्षित प्रतिफल | अपाङ्गता भएका व्यक्ति र पूर्ण अशक्त तथा अति अशक्त अपाङ्गता भएका व्यक्तिको अभिभावकहरुको आर्थिक सशक्तिकरणमा सहयोग पुगेको हुने । |

### ३.१.११ मिडियासँग सामाजिक विकास कार्यक्रम

| खर्च शीर्षक | इकाई | लक्ष्य | त्रैमासिक अवधि |
|---|---|---|---|
| २२५२२ | पटक | ११ | पहिलो, दोस्रो, तेस्रो र चौथो |
| शीर्षक | विवरण | | |
| १. पृष्ठभूमि | सामाजिक विकास कार्यालयबाट संचालन हुने विभिन्न कार्यक्रमहरुको वारेमा सरोकारवालाहरुमाझ जानकारी गराई सामाजिक विकास कार्यक्रमको प्रभावकारीता अभिवृद्धि गर्न प्रचारप्रसार गर्ने उद्देश्यले यो कार्यक्रम समावेश गरिएको हो । | | |
| २. कार्यक्रमको उद्देश्य | सामाजिक विकास कार्यक्रमको प्रचार प्रसार गरी प्रभावकारीता अभिवृद्धि गर्नु। | | |
| ३. कार्य जिम्मेबारी | सामाजिक विकास कार्यालय | | |
| ४. बजेट बाँडफाँट | कार्यक्रम संचालन तथा व्यवस्थापन खर्चहरु | | |
| ५. क्रियाकलाप तथा कार्यान्वयन प्रकृया | कार्यक्रमहरुको वृत्तचित्र निर्माण/कार्यक्रमहरुको मिडिया कभरेज | | |
| ६. अपेक्षित प्रतिफल | सामाजिक विकास कार्यालयका गतिविधिहरु जिल्लास्तरका सवै जनसंख्यामा पुगेको हुने | | |

### ३.१.१२ सामाजिक कुरीति विरुद्ध अभियान संचालन (लैङ्गिक हिंसा, बालविवाह, दाइजो प्रथा, जातीय भेदभाव, मानव वेचविखन तथा ओसारपसार लगायतका परम्परागत हानीकारक अभ्यासहरु न्यूनिकरण)

| खर्च शीर्षक | इकाई | लक्ष्य | त्रैमासिक अवधि |
|---|---|---|---|
| २२५२२ | जिल्ला | ११ | दोस्रो, तेस्रो |
| शीर्षक | विवरण | | |
| १. पृष्ठभूमि | समाजमा विभिन्न खालका सामाजिक कुरीति, जातीय विभेद, लैङ्गिक हिंसा, मानव बेचबिखन तथा ओसारपसार जस्ता गलत अभ्यासले सामाजिक विकासमा अवरोध खडा गर्नुका साथै समाजमा अशान्तिको | | |

| | | |
|---|---|---|
| | | अवस्था सृजना गर्दछ। यसले महिलाहरुको सशक्तीकरण तथा विकासमा प्रत्यक्ष असर पार्नुका साथै लैगिंक समानता हासिल गर्न अवरोध गर्ने सृजना भएकोले समयमै यसको रोकथाम गर्नका लागि स्थानीय तहसँगको समन्वयमा संचालन गर्ने गरी यो कार्यक्रम समावेश गरिएको हो । |
| २. | कार्यक्रमको उद्देश्य | परम्परागत हानीकारक अभ्यासहरु न्यूनिकरण गर्नमा टेवा पु-याउने । |
| ३. | कार्य जिम्मेबारी | सामाजिक विकास कार्यालय |
| ४. | बजेट बाँडफाँट | क्रियाकलापसँग सम्बन्धित खर्चहरु |
| ५. | क्रियाकलाप तथा कार्यान्वयन प्रकृया | • स्थानीय तह/प्रहरी/विद्यालय/सरोकारवालाहरुसँग समन्वय वैठक संचालन गर्ने, <br>• स्थानीय तह, प्रहरी, विद्यालय, बालक्लब, महिला समूह, समिति, संस्थाको सहयोगमा सचेतना कार्यक्रम संचालन गर्ने । |
| ६. | अपेक्षित प्रतिफल | परम्परागत हानीकारक अभ्यासहरु न्यूनिकरण गर्नमा सहयोग पुग्ने । |

**३.१.१३ जिल्लास्तरमा महिला बालबालिका ज्येष्ठ नागरिक अपाङ्गता भएका व्यक्ति एवम् लैङ्गिक तथा यौनिक अल्पसंख्यकहरुको क्षेत्रमा काम गर्ने संस्थाहरुसँग समन्वय वैठक**

| खर्च शीर्षक | इकाई | लक्ष्य | त्रैमासिक अवधि |
|---|---|---|---|
| २२५२२ | पटक | १ | दोस्रो /तेस्रो |

| | शीर्षक | विवरण |
|---|---|---|
| १. | पृष्ठभूमि | स्थानीय तह, प्राज्ञिक निकाय तथा जिल्लास्तरमा क्रियाशील रहेका संघ संस्थाहरुबाट सञ्चालित कार्यक्रमहरुको बारेमा कार्यालयले आवश्यक जानकारी लिई आवश्यकता र प्राथमिकताको क्षेत्रमा सेवा सुविधाहरु परिचालन गर्न तथा निर्देशन एवम् नियमन गर्न यो कार्यक्रम समावेश गरिएको हो । |
| २. | कार्यक्रमको उद्देश्य | • जिल्लाभित्रका गैरसरकारी संस्थाहरुको कार्यक्रमलाई जिल्ला/प्रदेशका नीति, योजना तथा कार्यक्रमसँग आबद्ध गर्ने, <br>• प्राज्ञिक निकाय तथा स्थानीय तहबाट समेत आवश्यक सुझाव लिई कार्यक्रमको प्रभावकारीता अभिवृद्धि गर्ने । <br>• उद्देश्य र क्रियाकलापहरुको बीचमा एकरुपता ल्याई सामाजिक विकास तर्फका कार्यक्रमहरुको प्रभावकारिता अभिवृद्धि गर्न । <br>• कार्यक्रमको जानाकारी, मध्यावधि समिक्षा, योजना तर्जुमा, अन्तिम प्रगति समिक्षा, |
| ३. | कार्य जिम्मेबारी | सामाजिक विकास कार्यालय |
| ४ | बजेट बाँडफाँट | कार्यक्रम सञ्चालन तथा व्यवस्थापन खर्चहरु |

| | |
|---|---|
| . | |
| ५. क्रियाकलाप तथा कार्यान्वयन प्रकृया | • कार्यक्रमको प्रारुप तयार गर्ने,<br>• कार्यक्रम संचालन गर्ने,<br>• प्रतिवेदन तयार तथा समीक्षा गर्ने । |
| ६. अपेक्षित प्रतिफल | स्थानीय तह र गैरसरकारी संस्थाहरुको कार्यक्रमलाई जिल्ला/प्रदेशका नीति, योजना तथा कार्यक्रमसँग आबद्ध गराउन सहयोग पुग्ने। |

### ३.१.१४ जिल्ला बाल अधिकार समिति र जिल्ला बाल संजाल बैठक संचालन तथा परिचालन

| खर्च शीर्षक | इकाई | लक्ष्य | त्रैमासिक अवधि |
|---|---|---|---|
| २२५२२ | जिल्ला | ११ | पहिलो, दोस्रो |

| शीर्षक | विवरण |
|---|---|
| १. पृष्ठभूमि | गण्डकी प्रदेश अन्तर्गका ११ जिल्लामा गठित जिल्ला बाल अधिकार समिति तथा जिल्ला बाल संजालका सदस्यहरुको नियमित वैठक संचालन र जिल्ला बाल अधिकार समितिहरुको परिचालन मार्फत बालबालिकाहरुको सहभागिता, अन्तर सम्बन्ध, अधिकार र विकासको लागि समन्वय गर्दै बालअधिकार सम्बन्धमा देखिएका समस्याहरु पहिचान गर्दै समाधानका उपायहरु सहित भावी रणनीतिहरु समेत तय गर्न यो कार्यक्रम समावेश गरिएको हो । |
| २. कार्यक्रमको उद्देश्य | • जिल्ला बाल अधिकार समिति र जिल्ला स्तरीय बाल संजालको बैठक संचालन गर्नु ।<br>• बालअधिकार प्रवर्द्धनमा सहयोग पुऱ्याउनु । |
| ३. कार्यजिम्मेवारी | सामाजिक विकास कार्यालयहरु |
| ४. बजेट बाँडफाँड | बैठक भत्ता तथा यातायात खर्च र व्यवस्थापन खर्च |
| ५. क्रियाकलाप र कार्यान्वयन प्रकृया | • जिल्ला बाल अधिकार समिति र जिल्ला स्तरीय बाल संजालको वैठक संचालन<br>• जिल्ला बाल अधिकार समितिलाई बालअधिकार प्रवर्द्धनका लागि परिचालन |
| ६. अपेक्षित प्रतिफल | जिल्ला बाल अधिकार समिति र जिल्ला स्तरीय बाल संजालको बैठक संचालन भई बाल अधिकारको प्रवर्द्धनमा सहयोग पुग्ने । |

### ३.१.१५ एकल महिलाहरुको सशक्तीकरणका लागि आय आर्जन सहयोग कार्यक्रम

| खर्च शीर्षक | इकाई | लक्ष्य | त्रैमासिक अवधि |
|---|---|---|---|
| २२५२२ | जिल्ला | ९ | दोस्रो/ तेस्रो |

| शीर्षक | विवरण |
|---|---|
| १. पृष्ठभूमि | गण्डकी प्रदेशका विभिन्न जिल्लाहरुमा आर्थिक रुपमा पछाडी परेका एकल महिलाहरुको आय आर्जनमा टेवा पुऱ्याउन यो कार्यक्रम समावेश गरिएको हो । |
| २. कार्यक्रमको उद्देश्य | एकल महिलाहरुको आर्थिक सशक्तिकरणमा सहयोग पुर्याउने। |
| ३. कार्य जिम्मेवारी | सामाजिक विकास कार्यालय |
| ४. बजेट बाँडफाँट | क्रियाकलाप तथा कार्यक्रम व्यवस्थापनसँग सम्बन्धित खर्चहरु। |
| ५. क्रियाकलाप तथा कार्यान्वयन प्रक्रिया | • एकल महिलाहरुबाट सञ्चालित उद्योग/व्यवसायलाई १० प्रतिशत साझेदारीमा उद्योग /व्यवसायसँग सम्बन्धित मेशिन/औजार/फर्निचर सहयोग<br>• क्रियाकलाप सञ्चालन सम्बन्धी थप कार्यविधि प्रचलित कानुनबमोजिम कार्यालयले तय गर्न सक्नेछ ।<br>नोटः कार्यक्रम सञ्चालन गर्दा ५० वर्ष उमेर ननाघेका एकल महिलाहरुलाई प्राथमिकता दिन सक्नेछ । |
| ६. अपेक्षित प्रतिफल | एकल महिलाहरुले आय आर्जनका लागि सञ्चालित उद्योग व्यवसायलाई सहयोग पुग्ने। |

### ३.१.१६ ज्येष्ठ नागरिकमा रहेको ज्ञान, सीप र अनुभव अन्तर पुस्ता हस्तान्तरण सम्बन्धी कार्यक्रम

| खर्च शीर्षक | इकाई | लक्ष्य | त्रैमासिक अवधि |
|---|---|---|---|
| २२५२२ | जिल्ला | ११ | दोस्रो, तेस्रो |

| शीर्षक | विवरण |
|---|---|
| १. पृष्ठभूमि | नयाँ पुस्तालाई अघिल्ला पुस्तासंग भएको ज्ञान, सीप, कला, संस्कार, संस्कृतिको जगेर्ना बारे जानकारी दिनुका साथै असल परम्परा, लोक संस्कृति, सभ्यता र रहन सहन एवं ज्येष्ठ नागरिक प्रति श्रद्धा, सम्मानका साथ वर्तमान पुस्ताको कर्तव्य समेत बोध गराउँदै लोप हुँदै गएको संस्कारलाई संरक्षण गर्ने अभिप्रायले यो कार्यक्रम समावेश राखिएको हो। |
| २. कार्यक्रमको उद्देश्य | अघिल्ला पुस्तासंग भएको ज्ञान, सीप, कला, संस्कृति र परम्पराको संरक्षण र दीगोपना कायम राख्न पछिल्लो पुस्तामा हस्तान्तरण गर्ने । |
| ३ कार्यजिम्मेवारी | सामाजिक विकास कार्यालयहरु |

| | |
|---|---|
| . | |
| ४. बजेट बाडफाँड | पुस्तान्तरण सम्वन्धी कार्यक्रम संचालन तथा व्यवस्थापनका खर्चहरु |
| ५. क्रियाकलाप तथा कार्यान्वयन प्रकृया | • ज्येष्ठ नागरिकसँग भएको ज्ञान, सीप, कला, संस्कृति र परम्पराको संरक्षणसँग सम्बन्धित क्रियाकलाप सञ्चालन<br>• सरोकारवालाहरुसँग समन्वय गर्ने,<br>• लागत अनुमान तयार गर्ने,<br>• कार्यक्रम सञ्चालन गर्ने,<br>• कार्यसम्पन्न प्रतिवेदन, क्रियाकलापसँग सम्बन्धित विल भरपाईका आधारमा भुक्तानी गर्ने । |
| ६. अपेक्षित प्रतिफल | ज्येष्ठ नागरिकसँग भएको ज्ञान, सीप, कला, संस्कृति र परम्पराको संरक्षण र दीगोपना कायम राख्न पछिल्लो पुस्तामा हस्तान्तरणमा सहयोग पुगेको हुने । |

### ३.१.१७ मानसिक स्वास्थ्य प्रवर्द्धनका लागि सचेतनामूलक कार्यक्रम

| खर्च शीर्षक | इकाई | लक्ष्य | त्रैमासिक अवधि |
|---|---|---|---|
| २२५२२ | जिल्ला | ११ | तेस्रो |

| शीर्षक | विवरण |
|---|---|
| १. पृष्ठभूमि | समाजमा वढ्दै गइरहेको आत्महत्या वा आत्महत्या प्रयास जस्तो विकराल सामाजिक समस्याहरुको न्यूनिकरण गर्न यो कार्यक्रम समावेश गरिएको हो । |
| २. कार्यक्रमको उद्देश्य | मानसिक स्वास्थ्य प्रवर्द्धन माफर्त आत्महत्या वा आत्महत्या प्रयासका घटनाहरुको न्यूनिकरण गर्नु। |
| ३. कार्य जिम्मेबारी | सामाजिक विकास कार्यालय |
| ४. बजेट वाँडफाँट | कार्यक्रम संचालन तथा व्यवस्थापन सम्बन्धी खर्चहरु । |
| ५. क्रियाकलाप तथा कार्यान्वयन प्रकृया | • सरोकारवाला निकाय/संस्था-जिल्ला प्रहरी कार्यालय, स्वास्थ्य संस्था, मनोसामाजिक परामर्शकर्ता/ मनोविमर्शकर्ता/ सामाजिक सस्थासँग समन्वय वैठक संचालन गर्ने,<br>• कार्यक्रम संचालनको प्रारुप तयार गर्ने,<br>• कार्यक्रम संचालन,<br>• कार्यसम्पन्न प्रतिवेदन, क्रियाकलापसँग सम्बन्धित विल भरपाईका आधारमा भुक्तानी दिने |
| ६. अपेक्षित प्रतिफल | मानसिक स्वास्थ्य प्रवर्द्धन माफर्त आत्महत्या वा आत्महत्या प्रयासका घटनाहरुको न्यूनिकरण गर्न सहयोग पुगेको हुने। |

### ३.१.१८ बालमैत्री स्थानीय तह घोषणाका लागि स्थानीय तहसँग साझेदारी कार्यक्रम

| खर्च शीर्षक | इकाई | लक्ष्य | त्रैमासिक अवधि |
|---|---|---|---|
| २२५२२ | स्थानीय तह | ११ | दोस्रो र तेस्रो |

| शीर्षक | विवरण |
|---|---|
| १. पृष्ठभूमि | स्थानीय तहको योजना तर्जुमा, बालबालिकासँग सम्बन्धी नीति निर्माण र निर्णय प्रकृयामा बालबालिका, अभिभावक तथा बालबालिकासँग सरोकार राख्ने संघ संस्थाहरुको सहभागिता र भूमिका सुनिश्चित गरी बालमैत्री स्थानीय शासनको प्रवर्द्धन तथा व्यवस्थापनमा स्थानीय तहलाई प्रोत्साहन गर्न यो कार्यक्रम समावेश गरिएको हो। |
| २. कार्यक्रमको उद्देश्य | बालमैत्री स्थानीय शासन प्रवर्द्धन तथा व्यवस्थापनमा स्थानीय तहहरुसँग साझेदारी गर्ने । |
| ३. कार्य जिम्मेवारी | सामाजिक विकास कार्यालय |
| ४. बजेट बाँडफाँट | बैठक भत्ता र कार्यक्रम खर्च |
| ५. क्रियाकलाप तथा कार्यान्वयन प्रकृया | - बालमैत्री स्थानीय तह घोषणाका लागि कार्यालयसँग साझेदारी गर्न जिल्लास्थित सबै स्थानीय तहहरुसँग प्राथमिकताक्रमलाई पुष्ट्याईं गर्ने कागजात सहितको प्रस्ताव माग गर्ने ।<br>- प्रस्ताव उपर १ स्थानीय तह छनौट तथा सिफारिसका लागी देहाय बमोजिमको समिति रहनेछः-<br>संयोजक- जिल्ला समन्वय अधिकारी, जिल्ला समन्वय समितिको कार्यालय<br>सदस्य- जिल्ला बाल अधिकार समितिका अध्यक्ष/सदस्य १ जना<br>सदस्य-सचिव- कार्यालय प्रमुख, सामाजिक विकास कार्यालय<br>साझेदारी गर्ने स्थानीय तह छनौटका प्राथमिकताक्रम<br>१. स्थानीय तहमा भएका अधिकतम प्रतिशत बालमैत्री वडा घोषणा गरेका स्थानीय तह<br>२. बालमैत्री स्थानीय शासन घोषणा कार्यविधि, २०७९ को दफा २०(क)बमोजिमको पूर्व तयारी चरण र तयारी चरणका अधिकतम सूचक पूरा गरेका स्थानीय तह<br>३. बालमैत्री स्थानीय तह घोषणाको लागि प्रतिवद्धता जनाएका स्थानीय तह<br><u>साझेदारी गर्ने क्षेत्रहरु</u> |

| | |
|---|---|
| | • बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका, २०७८ को अनुसूची ३ मा उल्लेखित सूचक पूरा गर्न स्थानीय तहहरुले संचालन गर्नुपर्ने क्रियाकलापहरुमा गर्ने कार्यक्रम<br>➢ एक मात्र स्थानीय तहबाट प्रस्ताव पर्न आएमा छनौटको लागी बाधा पर्ने छैन ।<br>- क्रियाकलाप सञ्चालन सम्बन्धी समितिले थप निर्णय गर्न सक्नेछ। |
| ६. अपेक्षित प्रतिफल | स्थानीय तहहरुसँग साझेदारी भई बालमैत्री स्थानीय शासन प्रवर्द्धन तथा व्यवस्थापनमा सहयोग पुगेको हुने । |

### ३.१.१९ आमा समूहका पदाधिकारी/सदस्यहरुलाई नेतृत्व विकास तालिम

| खर्च शीर्षक | इकाई | लक्ष्य | त्रैमासिक अवधि |
|---|---|---|---|
| २२५२२ | जना | २२० | तेस्रो |

| शीर्षक | विवरण |
|---|---|
| १. पृष्ठभूमि | स्थानीय स्तरमा स्वतःस्फूर्त रुपमा गठन भई लैङ्गिक समानता, सहभागीता, स्वास्थ्य, शिक्षा, आर्थिक सशक्तीकरण, सामाजिक चेतना र सामुदायिक विकासको क्षेत्रमा सामाजिक पूँजिको आधारस्तम्भका रुपमा रहेका आमा समूहका पदाधिकारीहरुको नेतृत्व विकास गर्न यो कार्यक्रम समावेश गरिएको हो । |
| २. कार्यक्रमको उद्देश्य | लैङ्गिक हिंसा, सामाजिक कुरीति, परम्परागत हानीकारक अभ्यास न्यूनिकरणमा आमा समूहका पदाधिकारीहरुलाई परिचालनका लागी नेतृत्व विकास गर्नु । |
| ३. कार्य जिम्मेबारी | सामाजिक विकास कार्यालयहरु |
| ४. बजेट वाँडफाँट | कार्यक्रम संचालन तथा व्यवस्थापन खर्च। |
| ५. क्रियाकलाप तथा कार्यान्वयन प्रकृया | <u>कार्यक्रममा विषयवस्तुहरु</u><br>➢ लिङ्ग र लैङ्गिकता /लैङ्गिक हिंसा/घरेलु हिंसा/ मानव वेचविखन नियन्त्रण<br>➢ सामाजिक कुरीति र परम्परागत हानीकारक अभ्यास (बाल विवाह, दाइजो प्रथा, जातिय छुवाछुत )<br>➢ लैङ्गिक हिंसा/घरेलु हिंसा मानव वेचविखन, सामाजिक कुरीति र परम्परागत हानीकारक अभ्यास विरुद्धमा क्रियाशिल संयन्त्रहरु तथा न्यूनिकरणमा आमा समूहहरुको भूमिका<br>➢ सामाजिक संजालको दुरुपयोगबाट उत्पन्न सामाजिक समस्या, प्रभाव र असर<br>➢ वित्तिय साक्षरता सम्बन्धी सामान्य जानकारी |

| | |
|---|---|
| | ➢ मन्त्रालय र कार्यालयबाट सम्पादित क्रियाकलापहरुको जानकारी<br>- क्रियाकलाप सञ्चालन सम्बन्धी कार्यालयले थप निर्णय गर्न सक्नेछ। |
| ६. अपेक्षित प्रतिफल | लैङ्गिक हिंसा, सामाजिक कुरीति, परम्परागत हानीकारक अभ्यास न्यूनिकरणमा आमा समूहका पदाधिकारीहरुलाई परिचालनका लागी नेतृत्व विकासमा सहयोग पुगेको हुने । |

### ३.१.२० लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान संचालन

| खर्च शीर्षक | इकाई | लक्ष्य | त्रैमासिक अवधि |
|---|---|---|---|
| २२५२२ | जिल्ला | ११ | दोस्रो |
| शीर्षक | विवरण | | |
| १. पृष्ठभूमि | प्रत्येक वर्ष नोभेम्बर २५ देखि डिसेम्बर १० सम्म लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान अन्तर्राष्ट्रिय स्तरमा मनाउने सन्दर्भमा गण्डकी प्रदेशका ११ जिल्लाहरुमा १६ दिने अभियानको अवधिभर विविध सचेतनामूलक क्रियाकलापहरु संचालन गरी लैङ्गिक हिंसा विरुद्ध ऐक्यवद्धताको आव्हानका लागी यो कार्यक्रम समावेश गरिएको छ। | | |
| २. कार्यक्रमको उद्देश्य | लैङ्गिक हिंसा विरुद्ध सचेतना अभिवृद्धि गर्ने । | | |
| ३. कार्य जिम्मेवारी | सामाजिक विकास कार्यालय | | |
| ४. बजेट बाँडफाँट | कार्यक्रम सञ्चालन तथा व्यवस्थापन खर्च | | |
| ५. क्रियाकलाप तथा कार्यान्वयन प्रकृया | • सरोकारवालाहरुसँग समन्वय वैठक सञ्चालन गर्ने,<br>• कार्यक्रमहरु पहिचान तथा कार्यान्वयन गर्ने ।<br>कार्यालयले तपसिल बमोजिमका समूहहरुसँगको समन्वय सहकार्यमा कार्यक्रम गर्न संचालन गर्न सक्नेछ ।<br>• स्थानीय तह, बालक्लब, किशोरी संजाल युवाक्लब, आमा समूह, बाबा समूह, महिला समूह, महिला सहकारी संस्था, सामाजिक संघ संस्था, जिल्ला बाल अधिकार समिति, सरकारी तथा गैर सरकारी निकायहरु ।<br>- क्रियाकलाप सञ्चालन सम्बन्धी कार्यालयले थप निर्णय गर्न सक्नेछ । | | |
| ६. अपेक्षित प्रतिफल | लैङ्गिक हिंसा विरुद्ध सचेतना अभिवृद्धि हुने । | | |

### ३.१.२१ ज्येष्ठ नागरिक दिवा सेवा केन्द्रहरुलाई संचालन अनुदान

| खर्च शीर्षक | इकाई | लक्ष्य | त्रैमासिक अवधि |
|---|---|---|---|
| २६४१३ | जिल्ला | १० | दोस्रो/तेस्रो |

| शीर्षक | विवरण |
|---|---|
| १. पृष्ठभूमि | ज्येष्ठ नागरिकहरुलाई आपसमा भेटघाट, अनुभव आदानप्रदान , भावनात्मक साथ, मनोरञ्जन केन्द्र तथा अन्तरपुस्ता ज्ञान सीप हस्तान्तरण केन्द्रका रुपमा दिवा सेवा केन्द्रलाई विकास गर्न यो कार्यक्रम समावेश गरिएको हो । |
| २. कार्यक्रमको उद्देश्य | • ज्येष्ठ नागरिकहरुको आत्मसम्मानको वृद्धि मार्फत जीवन प्रतिको सकारात्मक दृष्टिकोण विकास गर्नु ।<br>• अन्तरपुस्ता ज्ञान सीप अनुभव आदानप्रदान केन्द्रको रुपमा विकास गर्नु । |
| ३. कार्य जिम्मेवारी | सामाजिक विकास कार्यालयहरु (गोरखा बाहेक) |
| ४. बजेट बाँडफाँट | क्रियाकलापसँग सम्बन्धित खर्च |
| ५. क्रियाकलाप तथा कार्यान्वयन प्रकृया | • सूचना प्रकाशन गर्ने,<br>• छनौट, अभिमुखिकरण तथा सम्झौता गर्ने,<br>• चालु आर्थिक वर्षमा ज्येष्ठ नागरिक दिवा सेवा केन्द्र स्थापना भएका संस्थालाई केन्द्र संचालनका लागि आवश्यक सामग्रीहरु जस्तैः भवनको लागि कार्पेट/गुन्द्री, कुर्ची टेवल, भजन किर्तनका लागि आवश्यक वाद्यवादनका सामग्री, पंखा, इन्टरनेट जडान, टिभी, स्पिकर, आवश्यक भाँडाकुँडा, चुलो तथा सिलिण्डर, वाटर डिस्पेन्सर, स्वास्थ्य सामाग्री, खाद्यान्न सामग्रीहरु इत्यादी खरिद तथा व्यवस्थापनको लागि बढिमा एक लाख रुपैयाँ बराबरको अनुदान सहयोग उपलब्ध गराउने ।<br>• विगत वर्षहरु देखि संचालन भैरहेका ज्येष्ठ नागरिक दिवा सेवा केन्द्रहरुलाई चिया, खाजा व्यवस्थापनको लागि मात्र वापत वढिमा पचास हजार रुपैयाँ बराबरको अनुदान सहयोग उपलब्ध गराउने।<br>• कार्यालयले उपलब्ध गराएको अनुदानको शिर्षक र रकम सुचना पाटी बनाई केन्द्रमा टाँस्ने व्यवस्था मिलाउनु पर्नेछ ।<br>- क्रियाकलाप सञ्चालन सम्बन्धमा कार्यालयले आवश्यकता अनुसार गण्डकी प्रदेश सरकारको **बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकिकृत कार्यविधि, २०८१** बमोजिम गर्न सक्नेछ । |
| ६. अपेक्षित प्रतिफल | ज्येष्ठ नागरिक दिवा सेवा केन्द्र संचालनमा सहयोग पुगेको हुने । |

### ३.१.२२ अपाङ्गता भएका व्यक्तिहरुका लागि समुदायमा आधारित पुनर्स्थापना कार्यक्रम (CBR) (११जिल्ला)

| खर्च शीर्षक | इकाई | लक्ष्य | त्रैमासिक अवधि |
|---|---|---|---|
| २२५२२ | जिल्ला | ११ | पहिलो/दोस्रो/तेस्रो |

| शीर्षक | विवरण |
|---|---|
| १. पृष्ठभूमि | अपाङ्गता भएका व्यक्तिहरुको अधिकार सम्बन्धी संयुक्त राष्ट्रसंघीय महासन्धी, अपाङ्गता सम्बन्धी अन्तर्राष्ट्रिय घोषणा, नेपालको संविधान तथा प्रचलित कानून बमोजिम अपाङ्गता भएका व्यक्तिहरुको संरक्षण, प्रवर्द्धन र अधिकारको सुनिश्चित गर्दै उनीहरुको जीवनलाई सहज र सम्मानित तुल्याउन परिवार र समुदायमै सम्मानपूर्ण पुनर्स्थापना गर्ने उद्देश्यले यो कार्यक्रम समावेश गरिएको छ । |
| २. कार्यक्रमको उद्देश्य | अपाङ्गता भएका व्यक्तिहरुको समुदायमा आधारित पुनर्स्थापना गर्ने । |
| ३. कार्य जिम्मेवारी | सामाजिक विकास कार्यालय |
| ४. बजेट बाँडफाँट | अपाङ्गता भएका व्यक्तिहरुलाई समुदायमा आधारित पुनर्स्थापनामा सहयोग पुगेको हुनेछ । |
| ५. क्रियाकलाप तथा कार्यान्वयन प्रकृया | (क) समुदायमा आधारित पुनर्स्थापना कार्यक्रम संचालन गर्न ईच्छुक अपाङ्गता भएका व्यक्तिको क्षेत्रमा कार्यरत संस्थाहरुबाट प्रस्ताव आव्हान<br>संचालन गर्न सकिने क्रियाकलापहरु<br>• पूर्ण अशक्त अपाङ्गता भएका व्यक्तिहरुका व्यक्तिका अभिभावकहरुलाई हेरचाह सम्बन्धी तालिम प्रदान गर्न सकिने,<br>• अति अशक्त अपाङ्गता भएका व्यक्तिहरुका लागि वैयक्तिक सहयोगी परिचालन तालिम,<br>• अपाङ्गता भएका व्यक्तिहरुका लागि निजसँग सम्बन्धित सहायक सामग्री तथा प्रविधिको प्रयोग सम्बन्धी अभिमुखिकरण र वितरण कार्यक्रम,<br>• अपाङ्गता भएका व्यक्तिहरु लागि अनुकुल सीपमूलक तालिम,<br>• उद्योग स्थापनाका लागि कच्चा पदार्थ प्रविधि सहयोग,<br>• अपाङ्गता भएका व्यक्तिको वासस्थान (घर) लाई पहुँचयुक्त बनाउन सामान्य संरचनात्मक सुधार (होम मोडिफिकेसन) बढिमा बीस हजार,<br>- उपर्युक्त क्रियाकलापहरु मध्ये एक वा एक भन्दा बढि क्रियाकलाप संचालन गर्न सकिनेछ ।<br>- क्रियाकलाप सञ्चालन सम्बन्धी प्रचलित कानुनबमोजिम |

| | |
|---|---|
| | कार्यालयले थप निर्णय गर्न सक्नेछ । |
| ६. अपेक्षित प्रतिफल | अपाङ्गता भएका व्यक्तिहरुको पुनर्स्थापनामा सहयोग पुग्ने। |

### ३.१.२३ स्थानीय तहको समन्वयमा हिंसा प्रभावित व्यक्तिहरुका लागि अल्पकालिन आश्रय सहितको सेवा केन्द्र संचालन निरन्तरता

| खर्च शीर्षक | इकाई | लक्ष्य | त्रैमासिक अवधि |
|---|---|---|---|
| २६४१३ | जिल्ला | ८ | पहिलो, दोस्रो, तेस्रो र चौथो |

| शीर्षक | विवरण |
|---|---|
| १. पृष्ठभूमि | हिंसा विरुद्ध शून्य सहनशीलताको नीति अवलम्बन गर्न लैङ्गिक हिंसाजन्य घटनाहरुबाट सृजित असरको न्यूनीकरण गरी प्रभावितहरुलाई सामाजिक न्यायको प्रत्याभूति दिलाउन अल्पकालीन आश्रय सहितको सेवा केन्द्र स्थापना तथा सञ्चालन गर्न आवश्यक देखिएकोले यो कार्यक्रमलाई निरन्तरता दिन लागिएको हो । |
| २. कार्यक्रमको उद्देश्य | ➢ लैङ्गिक हिंसाबाट पीडित तथा प्रभावितहरुको महिला तथा बालिकाहरुको उद्धार, राहत, संरक्षण तथा पुनर्स्थापना गर्ने । |
| ३. कार्य जिम्मेवारी | सामाजिक विकास कार्यालय |
| ४. बजेट बाँडफाँट | प्रदेश सरकारबाट स्वीकृत हिंसा प्रभावितहरुको लागि सेवा केन्द्र स्थापना तथा संचालन सम्बन्धी कार्यविधि, २०७९ मा तोकिएका लैङ्गिक हिंसाबाट पीडित तथा प्रभावितहरुको उद्धार, राहत, संरक्षण तथा पुनर्स्थापना सम्बन्धी खर्चहरु, सेवा केन्द्र संचालन तथा व्यवस्थापन र प्रचार प्रसार खर्चहरु । |
| ५. क्रियाकलाप तथा कार्यान्वयन प्रकृया | <u>क्रियाकलाप</u><br>➢ लैङ्गिक हिंसाबाट पीडित तथा प्रभावितहरुको महिला तथा बालिकाहरुको उद्धार, राहत, संरक्षण तथा पुनर्स्थापना गर्ने,<br>➢ जनशक्ति तथा कार्यालय संचालन र व्यवस्थापन गर्ने,<br>➢ प्रचार प्रसार गर्ने ।<br><u>कार्यान्वयन प्रकृया</u><br>➢ सेवा केन्द्र संचालन तथा व्यवस्थापन समितिको वैठकबाट खर्चका शीर्षक तथा खर्च रकम निर्धारण र अनुमोदन गर्ने,<br>➢ जिल्लाका सबै स्थानीय तहहरुसँग समन्वय,<br>➢ प्रगति प्रतिवेदनका आधारमा भुक्तानी दिने । |
| ६. अपेक्षित प्रतिफल | म्याग्दी, पर्वत, बाग्लुङ, तनहुँ, लमजुङ, नवलपुर, स्याङ्जा र गोरखा जिल्लामा संचालित अल्पकालिन आश्रय सेवा केन्द्रहरुबाट निरन्तर सेवा संचालन हुने। |

### ३.१.२४ सञ्चालित ज्येष्ठ नागरिक आश्रमहरुलाई संचालन अनुदान

| खर्च शीर्षक | इकाई | लक्ष्य | त्रैमासिक अवधि |
|---|---|---|---|
| २६४१३ | जिल्ला | ३ | पहिलो र दोस्रो त्रैमासिक |

| शीर्षक | विवरण |
|---|---|
| १. पृष्ठभूमि | ज्येष्ठ नागरिकहरुलाई सहज, मर्यादित तथा सम्मानपूर्ण रुपमा जीवनयापन गर्नमा सहयोग गरी उनीहरुको दैनिक जीवनयापनमा सहजता ल्याउनको लागि सञ्चालित ज्येष्ठ नागरिक सेवा भवन तथा आश्रमको संचालन उपलब्ध गराउन आवश्यक भएकोले यो कार्यक्रम समावेश गरिएको छ । |
| २. कार्यक्रमको उद्देश्य | • आश्रित ज्येष्ठ नागरिकहरुको सम्मानपूर्ण जीवनयापनमा सहजता ल्याउने । |
| ३. कार्य जिम्मेवारी | सामाजिक विकास कार्यालय |
| ४. बजेट बाँडफाँट | क्रियाकलाप बमोजिमका खर्चहरु |
| ५. क्रियाकलाप तथा कार्यान्वयन प्रकृया | (क) सूचना प्रकाशन गर्ने,<br>(ख) छनौट, अभिमुखिकरण तथा सम्झौता गर्ने,<br>(ग)ज्येष्ठ नागरिक आश्रम संचालन गरेका संस्थाहरुका लागि आवश्यक सामग्रीहरु (खाद्यान्न, लत्ताकपडा, स्वास्थ्योपचार तथा अत्यावश्यक सामाग्रीहरु जस्तै- वासिङ मेशिन, वाटर डिस्पेन्सर, पंखा, भाँडाकुँडा इत्यादी) सहयोग उपलब्ध गराउने ।<br>(घ) कार्यालयले उपलब्ध गराएको अनुदानको शिर्षक र रकम सुचना पाटी बनाई केन्द्रमा टाँस्ने व्यवस्था मिलाउनु पर्नेछ<br>(ङ)क्रियाकलाप सञ्चालन सम्बन्धमा कार्यालयले प्रचलित कानून बमोजिम थप निर्णय गर्न सक्नेछ । |
| ६. अपेक्षित प्रतिफल | ज्येष्ठ नागरिक आश्रम संचालनमा सहयोग पुग्ने । |

### ३.१.२५ सडक मानव पहिचान तथा व्यवस्थापनका लागि मानव सेवा आश्रमलाई अनुदान (बाग्लुङ, गोरखा, कास्की र लमजुङ)

| खर्च शीर्षक | इकाई | लक्ष्य | त्रैमासिक अवधि |
|---|---|---|---|
| २६४१३ | जिल्ला | ३ | पहिलो, दोस्रो तेस्रो, चौथो |

| शीर्षक | विवरण |
|---|---|
| १. पृष्ठभूमि | सडकमा रहने वेवारिसे नागरिकहरुको सहज तथा सम्मानपूर्ण जीवनयापनमा सहयोग प्रदान गर्दै सोको उचित व्यवस्थापनका लागि गण्डकी प्रदेशलाई सहयोगापेक्षी सडक आश्रित मानवमुक्त प्रदेश घोषणा |

| | |
|---|---|
| | पश्चात् सम्बन्धित संस्थाको लागि संचालन अनुदान उपलब्ध गराउन यो कार्यक्रम समावेश गरिएको छ । |
| २. कार्यक्रमको उद्देश्य | सहयोगापेक्षी सडक आश्रित उद्धार, राहत, संरक्षण तथा पुनर्स्थापना भएको हुने । |
| ३. कार्य जिम्मेवारी | सामाजिक विकास कार्यालय कास्की/ बाग्लुङ/ गोरखा/ लमजुङ |
| ४. बजेट बाँडफाँट | कार्यक्रम संचालनका लागि लाग्ने खर्च। |
| ५. क्रियाकलाप तथा कार्यान्वयन प्रकृया | • मानव सेवा आश्रमसँग कार्यक्रम संचालनसँग सम्बन्धित अनुमानित लागत समेत सहितको विस्तृत विवरण माग गर्ने,<br>• मानव सेवा आश्रमसँग २०७८/०७/०९ गते भएको सम्झौता बमोजिम कार्यक्रम कार्यान्वयन गर्ने,<br>➢ आश्रममा रहेका आश्रितहरुलाई २०८२ श्रावण १ गते देखि नै सम्बोधन हुने गरी कार्यक्रम संचालन गर्ने व्यवस्था मिलाउने।<br>➢ क्रियाकलाप सञ्चालन सम्बन्धमा कार्यालयले प्रचलित कानून बमोजिम थप निर्णय गर्न सक्नेछ । |
| ६. अपेक्षित प्रतिफल | सहयोगापेक्षी सडक आश्रित मानवको संरक्षणमा सहयोग पुग्ने । |

### ३.१.२६ द्वन्द्व पीडित, वेपत्ता, घाइते, अपाङ्ग, सहिद परिवार र विपन्न महिलाहरुको उद्यम व्यवसाय तथा रोजगारी प्रवर्द्धनमूलक कार्यक्रम

| खर्च शीर्षक | इकाई | लक्ष्य | त्रैमासिक अवधि |
|---|---|---|---|
| २२५२२ | जिल्ला | २ | दोस्रो/ तेस्रो/ चौथो |

| शीर्षक | विवरण |
|---|---|
| १. पृष्ठभूमि | गण्डकी प्रदेश भित्रका विभिन्न जिल्लाहरुमा बसोवास गर्ने द्वन्द्व पीडित, वेपत्ता, घाइते, अपाङ्ग, सहिद परिवार र विपन्न महिलाहरुको उद्यम व्यवसाय तथा रोजगारी प्रवर्द्धनका कार्यक्रमहरु संचालन गर्ने उद्देश्यले यो कार्यक्रम समावेश गरिएको छ । |
| २. कार्यक्रमको उद्देश्य | द्वन्द्व पीडित, वेपत्ता, घाइते, अपाङ्ग, सहिद परिवार र विपन्न महिलाहरुको उद्यम व्यवसाय तथा रोजगारी प्रवर्द्धनमा सहयोग पुऱ्याउनु। |
| ३. कार्य जिम्मेवारी | सामाजिक विकास कार्यालय कास्की र नवलपुर |
| ४. बजेट बाँडफाँट | • कार्यक्रम संचालन एवं व्यवस्थापन खर्च ।<br>• वीउ पुंजी/प्रविधि हस्तान्तरणको लागि प्रति व्यक्ति बढिमा रु.एक लाखसम्म। |
| ५. क्रियाकलाप तथा कार्यान्वयन प्रकृया | • प्रस्ताव आव्हान गर्ने,<br>• मूल्याङ्कन र छनौट गर्ने,<br>• एकाघर परिवारबाट एक जनालाई मात्र छनौट गर्ने ।<br>• कार्यक्रम सम्झौता र संचालन गर्ने, |

| | |
|---|---|
| | - कार्यालयले क्रियाकलाप सञ्चालन सम्बन्धमा आवश्यकता अनुसार **बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकिकृत कार्यविधि, २०८१** बमोजिम गर्न सक्नेछ । |
| ६. अपेक्षित प्रतिफल | • द्वन्द्व पीडित, वेपत्ता, घाइते, अपाङ्ग, सहिद परिवार र विपन्न महिलाहरुको उद्योग/व्यवसायमा सहयोग पुग्ने। |

## ३.१.२७ महिला विकास कार्यक्रमद्वारा प्रवर्द्धित महिला सहकारी संस्थाहरुलाई सुदृढिकरण अनुदान

| खर्च शीर्षक | इकाई | लक्ष्य | त्रैमासिक अवधि |
|---|---|---|---|
| २२५२२ | १ | जिल्ला | दोस्रो र तेस्रो |

| शीर्षक | विवरण |
|---|---|
| १. पृष्ठभूमि | महिला विकास कार्यक्रमबाट प्रवर्द्धन भई वचत तथा ऋण परिचालन लगायत सामाजिक क्रियाकलापहरु समेत संचालन गरी स्थानीय स्तरमा महिला सुरक्षाको पहरेदारको रुपमा संचालनमा रहेका महिला सहकारी संस्थाहरुलाई प्रविधिमैत्री वनाउनुका साथै संस्थागत क्षमता अभिवृद्धि गर्न यो कार्यक्रम समावेश गरिएको हो । |
| २. कार्यक्रमको उद्देश्य | महिला विकास कार्यक्रमद्वारा प्रवर्द्धित सहकारी संस्थाहरुको संस्थागत सुदृढिकरणमा सहयोग गर्ने । |
| ३. कार्य जिम्मेवारी | सामाजिक विकास कार्यालय, कास्की |
| ४. बजेट बाँडफाँड | संस्थागत सुधारका सामग्रीहरु (कम्प्यूटर, फर्निचर तथा फर्निसिङ, आदि) को व्यवस्थापन लगायतको खर्चहरु |
| ५. क्रियाकलाप तथा कार्यान्वयन प्रकृया | गत आर्थिक वर्षमा सुदृढिकरण वापतको अनुदान रकम प्राप्त नगरेका महिला विकास कार्यक्रमद्वारा प्रवर्द्धित सहकारी संस्थाहरुको लागि मात्र यो कार्यक्रम सञ्चालन गर्नुपर्नेछ।<br>• सूचना प्रकाशन गर्ने,<br>• मूल्याङ्कन तथा छनौट गर्ने,<br>- कार्यालयले क्रियाकलाप सञ्चालन सम्बन्धमा आवश्यकता अनुसार **बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकिकृत कार्यविधि, २०८१** बमोजिम गर्न सक्नेछ । |
| ६. अपेक्षित प्रतिफल | महिला विकास कार्यक्रमद्वारा प्रवर्द्धित सहकारी संस्थाहरुको संस्थागत सुदृढिकरणमा सहयोग पुग्ने । |

### ३.१.२८ बाल हेल्पलाइन कास्कीलाई संचालन अनुदान

| खर्च शीर्षक | इकाई | लक्ष्य | त्रैमासिक अवधि |
|---|---|---|---|
| २६४१३ | संख्या | १ | प्रथम/दोस्रो/तेस्रो |
| शीर्षक | विवरण | | |
| १. पृष्ठभूमि | जोखिममा परेका बालबालिकाको उद्धार, राहात, मनोविमर्श, परामर्श, अल्पकालिन आश्रय एवं संरक्षण, पारिवारिक पुनर्मिलन, सामाजिक तथा संस्थागत पुनर्स्थापना सम्बन्धी बाल संरक्षणका कार्यहरु व्यवस्थापनमा चौविसै घण्टा सुरक्षा कवचको रुपमा रही आपत्कालिन/आकस्मिक उद्धार एवं संरक्षणका लागि काम गर्ने बाल हेल्पलाइन कास्कीको संचालन गर्न यो कार्यक्रम समावेश गरिएको हो । | | |
| २. कार्यक्रमको उद्देश्य | बालहेल्पलाइन कास्की मार्फत जोखिममा परेका बालबालिकाको उद्धार, राहात, मनोविमर्श, परामर्श, अल्पकालिन आश्रय एवं संरक्षण, पारिवारिक पुनर्मिलन, सामाजिक तथा संस्थागत पुनर्स्थापना सम्बन्धी बाल संरक्षणका कार्यहरुमा सहयोग पु-याउने । | | |
| ३. कार्य जिम्मेवारी | सामाजिक विकास कार्यालय कास्की | | |
| ४. बजेट बाँडफाँट | कार्यक्रम संचालन तथा व्यवस्थापन खर्च । | | |
| ५. क्रियाकलाप तथा कार्यान्वयन प्रकृया | (क) सम्बन्धित संस्थासँग समन्वय बैठक गर्ने,<br>➢ संचालन गर्ने कार्यक्रमको अनुमानित रकम समेत खुल्ने विस्तृत विवरण सहितको प्रस्ताव माग गर्ने,<br>➢ प्राप्त कागजात समेतका आधारमा सम्बन्धित संस्थासँग सम्झौता तथा कार्यक्रम कार्यान्वयन गर्ने,<br>- क्रियाकलाप सञ्चालन सम्बन्धमा कार्यालयले प्रचालित कानून बमोजिम थप निर्णय गर्न सक्नेछ । | | |
| ६. अपेक्षित प्रतिफल | बालबालिकाको खोजतलास कार्यमा सहयोग पुग्ने। | | |

### ३.१.२९ पूर्ण अशक्त र अति अशक्त अपाङ्गता भएका व्यक्तिहरुको हेरचाहका लागि संचालित दिवा स्याहार केन्द्रलाई अनुदान

| खर्च शीर्षक | इकाई | लक्ष्य | त्रैमासिक अवधि |
|---|---|---|---|
| २६४१३ | जिल्ला | ४ | प्रथम/दोस्रो/तेस्रो |
| शीर्षक | विवरण | | |
| १. पृष्ठभूमि | पुर्ण अशक्त अपाङ्गता, बौद्धिक अपाङ्गता अटिज्म लगायतका अपाङ्गता भएका व्यक्तिलाई दिवा रुपमा संरक्षण, स्याहार तथा आवश्यक तालिम तथा थेरापी लगातयका सेवा मार्फत<br>अभिभावकको दैनिकी सहज बनाउनका लागि संचालनमा रहेका दिवा | | |

| | |
|---|---|
| | सेवा केन्द्रहरुलाई सञ्चालन अनुदान प्रदान गर्ने उद्देश्यले यो कार्यक्रम समावेश गरिएको हो । |
| २. कार्यक्रमको उद्देश्य | पुर्ण अशक्त अपाङ्गताबौद्धिक अपाङ्गता अटिज्म लगायतका अपाङ्गता , स्याहा ,भएका व्यक्तिलाई दिवा रुपमा संरक्षणर गर्नु । |
| ३. कार्य जिम्मेवारी | सामाजिक विकास कार्यालय कास्की, नवलपुर र बाग्लुङ । |
| ४. बजेट बाँडफाँट | दिवा खाजा, थेरापीका सामग्रीहरु, प्रशिक्षण तथा हेरविचार सामग्री, आवश्यकता अनुसार तालिम संचालन सम्बन्धी खर्च, फर्निचर फर्निसिङ मेसिनरी औजार तथा संस्था व्यवस्थापनका लागि अत्यावश्यक सामग्री लगायतमा खर्च गरिने । |
| ५. क्रियाकलाप तथा कार्यान्वयन प्रकृया | (क) सूचना प्रकाशन गर्ने,<br>(ख) मूल्याङ्कन तथा छनौट गर्ने,<br>(ग) सम्झौता गर्ने ।<br>- क्रियाकलाप सञ्चालन सम्बन्धमा कार्यालयले प्रचलित कानून बमोजिम थप निर्णय गर्न सक्नेछ । |
| ६. अपेक्षित प्रतिफल | पुर्ण अशक्त अपाङ्गता, बौद्धिक अपाङ्गता अटिज्म लगायतका अपाङ्गता भएका व्यक्तिलाई दिवा रुपमा संरक्षण, स्याहार पुग्ने । |

**३.१.३० दृष्टिविहिन अपाङ्गता भएका व्यक्तिहरुका लागि श्रव्य पुस्तक उत्पादन कार्यक्रम निरन्तरताका लागि नेपाल नेत्रहिन संघ गण्डकी प्रदेशलाई अनुदान**

| खर्च शीर्षक | इकाई | लक्ष्य | त्रैमासिक अवधि |
|---|---|---|---|
| २६४१३ | जिल्ला | १ | प्रथम/दोस्रो/तेस्रो |
| शीर्षक | विवरण | | |
| १. पृष्ठभूमि | दृष्टिविहिन अपाङ्गता भएका व्यक्तिहरुको लागि आफुले चाहे अनुसार प्रतियोगितात्मक परीक्षाको तयारीका लागि सहज वातावरण तयार गर्न सुचना तथा सञ्चार पाठ्यसामाग्री पहुँच पुर्याउन आवश्यक भएकोले शिक्षक सेवा आयोग, लोक सेवा आयोग र विद्यालय तह तथा उच्च शिक्षा तहका स्वीकृत पाठ्यक्रममा आधारित भई प्रकाशित पाठ्यपुस्तकको पहुँचयुक्त ढाँचामा अडियो पुस्तक तयार गरी सार्वजनिक गर्न यो कार्यक्रम समावेश गरिएको हो । | | |
| २. कार्यक्रमको उद्देश्य | दृष्टीविहिन व्यक्तिहरुको लागि श्रव्य पुस्तकहरुमार्फत सुचना तथा सञ्चार पाठ्यसामाग्रीमा पहुँच पुर्याउने । | | |
| ३. कार्य जिम्मेवारी | सामाजिक विकास कार्यालय कास्की | | |
| ४. बजेट बाँडफाँट | कार्यक्रम सञ्चालन र व्यवस्थापन खर्च | | |
| ५. क्रियाकलाप तथा | (क) सम्बन्धित संस्थासँग समन्वय बैठक सञ्चालन गर्ने, | | |

| | |
|---|---|
| कार्यान्वयन प्रकृया | (ख) कार्यक्रम कार्यान्वयन प्रारुप तयार गर्ने,<br>(ग) कार्यक्रम कार्यान्वयन गर्ने,<br>- क्रियाकलाप सञ्चालन सम्बन्धमा कार्यालयले प्रचलित कानून बमोजिम थप निर्णय गर्न सक्नेछ । |
| ६. अपेक्षित प्रतिफल | दृष्टीविहिन व्यक्तिहरुको लागि श्रव्य पुस्तकहरुमार्फत सुचना तथा सञ्चार पाठ्यसामाग्रीमा पहुँच पुग्ने । |

**३.१.३१ नेपाल अपाङ्गता संघ कास्की मार्फत अपाङ्गता भएका व्यक्तिहरुका लागि विपद पूर्व तयारी तथा व्यवस्थापन तालिम (कास्की)/साझा अभियानका लागि आदिवासी अपाङ्गता भएका व्यक्तिहरुको संस्थासँगको सहकार्यमा सचेतना सहजिकरण कार्यक्रम पोखरा (कास्की)/ सुस्केरा फाउन्डेसन मार्फत अपाङ्गता भएका व्यक्तिहरुको लागि सशक्तिकरण कार्यक्रम (स्याङ्जा)**

| खर्च शीर्षक | इकाई | लक्ष्य | त्रैमासिक अवधि |
|---|---|---|---|
| २२५२२ | जिल्ला | ३ | दोस्रो/तेस्रो |

| शीर्षक | विवरण |
|---|---|
| १. पृष्ठभूमि | अपाङ्गता भएका व्यक्ति विरुद्ध हुने भेदभाव अन्त्य गरी उनीहरुको नागरिक, राजनीतिक, आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारको सम्मान गर्न तथा अपाङ्गता भएका व्यक्तिलाई सशक्तीकरण गरी नीति निर्माण र विकास प्रक्रियामा सहभागी गराई स्वावलम्बी र सम्मानजनक जीवनयापनको वातावरण सुनिश्चित गर्न उल्लेखित कार्यक्रमहरु समावेश गरिएको हो । |
| २. कार्यक्रमको उद्देश्य | • अपाङ्गता भएका व्यक्तिहरुका लागि विपद पूर्व तयारी तथा व्यवस्थापन तालिम संचालन गर्नु ।<br>• अपाङ्गता भएका व्यक्तिहरुका लागि सचेतना तथा सशक्तिकरण कार्यक्रम संचालन गर्नु । |
| ३. कार्य जिम्मेवारी | सामाजिक विकास कार्यालय कास्की र स्याङ्जा |
| ४. बजेट बाँडफाँट | कार्यक्रम संचालन तथा व्यवस्थापन खर्चहरु |
| ५. क्रियाकलाप तथा कार्यान्वयन प्रकृया | (क) सम्बन्धित संस्थाहरुसँग समन्वय वैठक तथा कार्यक्रम संचालन सम्बन्धी विस्तृत प्रस्ताव माग गर्ने,<br>(ख) प्राप्त कागजातको आधारमा मूल्याङ्कन तथा सम्झौता,<br>क्रियाकलाप सञ्चालन सम्बन्धमा कार्यालयले थप निर्णय गर्न सक्नेछ । |
| ६. अपेक्षित प्रतिफल | • अपाङ्गता भएका व्यक्तिहरुका लागि विपद पूर्व तयारी तथा व्यवस्थापन तालिम संचालन भई विपदका सम्बन्धमा जानकारी पुग्ने।<br>• अपाङ्गता भएका व्यक्तिहरुमा सचेतना वृद्धि तथा सशक्तिकरणमा सहयोग पुग्ने । |

### ३.१.३२ अटिजम केयर सोसाइटी गण्डकी संचालन अनुदान

| खर्च शीर्षक | इकाई | लक्ष्य | त्रैमासिक अवधि |
|---|---|---|---|
| २२५२२ | जिल्ला | १ | दोस्रो/तेस्रो |

| शीर्षक | विवरण |
|---|---|
| १. पृष्ठभूमि | अटिजम भएका बालबलिकाको शारिरीक अवस्था  सामान्य हुने तथा उनीहरुमा भएका विभिन्न सामाजिक सीप, संचार सम्बन्धी सीप र सिकाइको क्षमता अभिवृद्धि गर्नका लागि अटिजम केयर सोसाइटी गण्डकीलाई संचालन अनुदान उपलब्ध गराउन यो कार्यक्रम समावेश गरिएको हो । |
| २. कार्यक्रमको उद्देश्य | अटिजम भएका बालबलिकाको सामाजिक सीप, संचार सम्बन्धी सीप र सिकाइको क्षमता अभिवृद्धि गर्नु । |
| ३. कार्य जिम्मेवारी | सामाजिक विकास कार्यालय कास्की । |
| ४. बजेट बाँडफाँट | कार्यक्रम संचालन तथा व्यवस्थापन खर्चहरु,  बालबालिकाको क्षमता तथा आवश्यकता अनुसार खेलौना, मेशिन र उपकरण खरिद, आवश्यकता अनुसार तालिम लगायतका खर्चहरु.। |
| ५. क्रियाकलाप तथा कार्यान्वयन प्रकृया | (क) सम्बन्धित संस्थाहरुसँग समन्वय वैठक तथा कार्यक्रम संचालन सम्बन्धी विस्तृत प्रस्ताव माग गर्ने,<br>(ख) प्राप्त कागजातको आधारमा मूल्याङ्कन तथा सम्झौता,<br>- क्रियाकलाप सञ्चालन सम्बन्धमा कार्यालयले प्रचलित कानून बमोजिम थप निर्णय गर्न सक्नेछ । |
| ६. अपेक्षित प्रतिफल | अटिजम भएका बालबलिकाको सामाजिक सीप, संचार सम्बन्धी सीप र सिकाइको क्षमता अभिवृद्धिमा सहयोग पुग्ने । |

### ३.१.३३ लैङ्गिक तथा यौनिक अल्पसंख्यकहरुका लागि अभिमुखिकरण तथा सचेतनामूलक कार्यक्रम संचालन

| खर्च शीर्षक | इकाई | लक्ष्य | त्रैमासिक अवधि |
|---|---|---|---|
| २२५२२ | जना | २५ | तेस्रो/चौथो |

| शीर्षक | विवरण |
|---|---|
| १. पृष्ठभूमि | लैङ्गिक तथा यौनिक अल्पसंख्यकहरुको मानव अधिकारको अवस्थालाई विश्लेषण गरी आगामी दिनमा चाल्नुपर्ने कदमहरुको पहिचान यौनिक तथा लैङ्गिक अल्पसंख्यकहरुको मानव अधिकारको अवस्था स्थित समस्यार चुनौतीको अध्ययन गर्न तथा ती समुदायको मानव अधिकार संरक्षण र सम्बर्द्धनका लागि लैङ्गिक तथा यौनिक अल्पसंख्यकहरुको सशक्तीकरण एवम् क्षमता विकास गर्नका  लागि यो कार्यक्रम समावेश गरिएको हो। |
| २. कार्यक्रमको | लैङ्गिक तथा यौनिक अल्पसंख्यकहरुको सशक्तीकरण एवम् क्षमता |

| | | |
|---|---|---|
| | उद्देश्य | विकास गर्ने। |
| ३. | कार्य जिम्मेवारी | सामाजिक विकास कार्यालय कास्की |
| ४. | बजेट बाँडफाँट | कार्यक्रम संचालन तथा व्यवस्थापन खर्चहरु |
| ५. | क्रियाकलाप तथा कार्यान्वयन प्रकृया | - सम्बन्धित क्षेत्रमा कार्य गरिरहेका संस्थासँग समन्वय बैठक गरी तालिमका विषयवस्तुहरु निर्धारण गर्ने।<br>- निर्धारित विषयवस्तुमा कार्यालय आँफैले वा सम्बन्धित संस्थाहरु बीच प्रतिस्पर्धा गराई कार्यक्रम कार्यान्वयन गर्न सकिनेछ । |
| ६. | अपेक्षित प्रतिफल | लैङ्गिक तथा यौनिक अल्पसंख्यकहरुको सशक्तीकरण एवम् क्षमता विकास हुने । |

### ३.१.३४ अपाङ्गता भएका व्यक्तिहरुका लागि वैयक्तिक सहयोगी परिचालन तालिम कार्यक्रम

| खर्च शीर्षक | इकाई | लक्ष्य | त्रैमासिक अवधि |
|---|---|---|---|
| २२५२२ | जिल्ला | १ | तेस्रो/चौथो |

| | शीर्षक | विवरण |
|---|---|---|
| १. | पृष्ठभूमि | अपाङ्गता भएका व्यक्तिको हेरचाह र स्याहार सुसार तथा उनीहरुको दैनिकी जीवनमा सहयोग पुर्याउने वैयक्तिक सहयोगीको सीप तथा क्षमता विकास गर्न साथै रोजगारी सिर्जना गर्ने उद्देश्यले यो कार्यक्रम समावेश गरिएको छ । |
| २. | कार्यक्रमको उद्देश्य | अपाङ्गता भएका व्यक्तिको सार्वजनिक तथा नीजि जीवनयापनमा सहयोग पुऱ्याउने ।<br>रोजगारीको अवसरका लागि आवश्यक सिपयुक्त जनशक्ति तयार गर्ने । |
| ३. | कार्य जिम्मेवारी | सामाजिक विकास कार्यालय कास्की |
| ४. | बजेट बाँडफाँट | कार्यक्रम संचालनका लागि आवश्यक दैनिक भ्रमण खर्च, यातायात खर्च, खाजा, खाना, प्रशिक्षक खर्च, प्रशिक्षण सामग्री खर्च, स्टेशनरी लगायतका खर्चहरु। |
| ५. | क्रियाकलाप तथा कार्यान्वयन प्रकृया | - सम्बन्धित क्षेत्रमा कार्य गरिरहेका संस्थासँग समन्वय बैठक गरी तालिमका विषयवस्तुहरु निर्धारण गर्ने।<br>- निर्धारित विषयवस्तुमा कार्यालय आँफैले वा सम्बन्धित संस्थाहरु बीच प्रतिस्पर्धा गराई कार्यक्रम कार्यान्यिन गर्न सकिनेछ । |
| ६. | अपेक्षित प्रतिफल | -अपाङ्गता भएका व्यक्तिको सार्वजनिक तथा नीजि जीवनयापनमा सहयोग पुग्ने।<br>-रोजगारीको अवसरका लागि आवश्यक सिपयुक्त जनशक्ति तयार हुने । |

### ३.१.३५ श्रवण दृष्टिविहिन अपाङ्गता भएका व्यक्तिहरुका लागि संचार र गमनशीलता सम्बन्धी तालिम

| खर्च शीर्षक | इकाई | लक्ष्य | त्रैमासिक अवधि |
|---|---|---|---|
| २२५२२ | जिल्ला | १ | तेस्रो/चौथो |

| शीर्षक | विवरण |
|---|---|
| १. पृष्ठभूमि | अपाङ्गता भएका व्यक्तिको हेरचाह र स्याहार सुसार तथा उनीहरुको दैनिकी जीवनमा सहयोग पुर्याउन श्रवण दृष्टिविहिन अपाङ्गता भएका व्यक्तिहरुका लागि संचार र गमनशीलतामा सहयोग गर्न यो कार्यक्रम समावेश गरिएको छ । |
| २. कार्यक्रमको उद्देश्य | श्रवण दृष्टिविहिन अपाङ्गता भएका व्यक्तिहरुका लागि संचार र गमनशीलतामा सहयोग गर्ने । |
| ३. कार्य जिम्मेवारी | सामाजिक विकास कार्यालय कास्की |
| ४. बजेट बाँडफाँट | कार्यक्रम संचालनका लागि आवश्यक दैनिक भ्रमण खर्च, यातायात खर्च, खाजा, खाना, प्रशिक्षक खर्च, प्रशिक्षण सामग्री खर्च, स्टेशनरी लगायतका खर्चहरु. |
| ५. क्रियाकलाप तथा कार्यान्वयन प्रकृया | - सम्बन्धित क्षेत्रमा कार्य गरिरहेका संस्थासँग समन्वय वैठक गरी तालिमका विषयवस्तुहरु निर्धारण गर्ने।<br>- निर्धारित विषयवस्तुमा कार्यालय आँफैले वा सम्बन्धित संस्थाहरु वीच प्रतिस्पर्धा गराई कार्यक्रम कार्यान्यिन गर्न सकिनेछ । |
| ६. अपेक्षित प्रतिफल | श्रवण दृष्टिविहिन अपाङ्गता भएका व्यक्तिहरुका लागि संचार र गमनशीलतामा सहयोग पुग्ने। |

### ३.१.३६ शारीरिक अपाङ्गता भएका व्यक्तिहरुका लागि कृत्रिम खुट्टा वितरण कार्यक्रम

| खर्च शीर्षक | इकाई | लक्ष्य | त्रैमासिक अवधि |
|---|---|---|---|
| २२५२२ | जिल्ला | १ | दोस्रो र तेस्रो |

| शीर्षक | विवरण |
|---|---|
| १. पृष्ठभूमि | आर्थिक अभावले गर्दा अपाङ्गता सहायता सामाग्री तथा प्रविधि उपयोग गर्न नसकेका अपाङ्गता भएका व्यक्तिहरुको दैनिक जीवनयापनमा सहयोग गर्न ल्याउन सम्बन्धित चिकित्सकको सिफारिसमा कृतिम खुट्टा उपलब्ध गराउनको लागि यो कार्यक्रम समावेश गरिएको हो । |
| २. कार्यक्रमको उद्देश्य | शारीरिक अपाङ्गता भएका व्यक्तिहरुका लागि कृत्रिम खुट्टा वितरण गर्नु। |
| ३. कार्य जिम्मेवारी | सामाजिक विकास कार्यालय म्याग्दी |

| | | |
|---|---|---|
| ४ . | बजेट बाँडफाँड | कृत्रिम खुट्टा खरिदको विल बमोजिमको खर्च र बैठक सञ्चालन खर्च मात्र |
| ५ . | क्रियाकलाप तथा कार्यान्वयन प्रक्रिया | • अपाङ्गता भएका व्यक्तिहरुबाट माग निवेदन संकलन गर्ने,<br>• चिकित्सकको सिफारिसमा आवश्यक नापजाँच सहितको कृतिक खुट्टा उपलब्ध गराउनु पर्नेछ ।<br>• निवेदन उपर आवश्यक कारवाही गरी कार्यालय समक्ष सिफारिस गर्न देहायको समिति रहनेछः<br>संयोजक- प्रमुख, सामाजिक विकास कार्यालय<br>सदस्य- चिकित्सक, सदरमुकामस्थित सरकारी अस्पताल<br>सदस्य-सचिव- सम्वन्धित शाखा प्रमुख, सामाजिक विकास कार्यालय<br>• प्राप्त निवदेन उपर वैठक संचालन गरी निर्णय गर्ने ।<br>• प्रतिवेदन तयार गर्ने ।<br>कार्यक्रम कार्यान्वयन सम्बन्धी समितिले आवश्यकता अनुसार थप निर्णय गर्न सक्नेछ । |
| ६ . | अपेक्षित प्रतिफल | शारीरिक अपाङ्गता भएका व्यक्तिहरुले कृत्रिम खुट्टा प्राप्त गरी उनीहरुको दैनिक जिवनयापनका क्रियाकलाप सञ्चालनमा सहयोग पुग्ने। |

## ३.१.३७ बहिराहरुको लागि क्षमता अभिवृद्धि कार्यक्रम

| खर्च शीर्षक | | इकाई | लक्ष्य | त्रैमासिक अवधि |
|---|---|---|---|---|
| २२५२२ | | जिल्ला | १ | दोस्रो/तेस्रो |
| शीर्षक | | विवरण | | |
| १. | पृष्ठभूमि | नेपालको संविधानमा अपाङ्गता भएका व्यक्तिहरुको हक अधिकार संरक्षण र प्रवर्धनका लागि भएका विभिन्न व्यवस्थाहरु रहेका छन् । यिनै व्यवस्थाहरुको कार्यान्वयन गर्नुका साथै वहिरा अपाङ्गता भएका व्यक्तिहरुलाई लक्षित गरी उनीहरुको क्षमता अभिवृद्धि कार्यान्वयन गर्नका लागि यो कार्यक्रम समावेश गरिएको हो । | | |
| २. | कार्यक्रमको उद्देश्य | वहिरा अपाङ्गता भएका व्यक्तिहरु लक्षित क्षमता अभिवृद्धि कार्यक्रम मार्फत अधिकार संरक्षणमा सहयोग गर्नु । | | |
| ३. | कार्य जिम्मेवारी | सामाजिक विकास कार्यालय स्याङ्जा | | |
| ४. | बजेट बाँडफाँड | कार्यक्रम संचालन तथा व्यवस्थापनका लागि आवश्यक खर्चहरु । | | |
| ५. | क्रियाकलाप तथा कार्यान्वयन प्रकृया | - सम्बन्धित क्षेत्रमा कार्य गरिरहेका संस्थासँग समन्वय वैठक गरी तालिमका विषयवस्तुहरु निर्धारण गर्ने।<br>- निर्धारित विषयवस्तुमा कार्यालय आँफैले वा सम्बन्धित संस्थाहरु वीच प्रतिस्पर्धा गराई कार्यक्रम कार्यान्यन गर्न सकिनेछ । | | |
| ६. | अपेक्षित प्रतिफल | वहिरा अपाङ्गता भएका व्यक्तिहरु लक्षित क्षमता अभिवृद्धि कार्यक्रम मार्फत | | |

| | |
|---|---|
| | अधिकार संरक्षणमा सहयोग पुग्ने । |

### ३.१.३८ अमोर सेवा नेपाल (बालगृह) फेदीखोला १ स्याङ्गजालाई सञ्चालन अनुदान

| खर्च शीर्षक | इकाई | लक्ष्य | त्रैमासिक अवधि |
|---|---|---|---|
| २२५२२ | गोटा | १ | दोस्रो/तेस्रो |
| **शीर्षक** | **विवरण** | | |
| १. पृष्ठभूमि | स्याङ्जा जिल्लाको फेदिखोला गाउँपालिका वडा नं १ स्थित संचालनमा रहेको अमोर सेवा नेपालको संचालनमा सहयोग पुर्‍याउन यो कार्यक्रम समावेश गरिएको हो । | | |
| २. कार्यक्रमको उद्देश्य | अमोर सेवा नेपाल बालगृहलाई संचालन अनुदान उपलब्ध गराउनु । | | |
| ३. कार्य जिम्मेवारी | सामाजिक विकास कार्यालय स्याङ्जा | | |
| ४. बजेट बाँडफाँट | बालगृह संचालनका लागि आवश्यक खर्च व्यवस्थापन वापतको खर्चहरु | | |
| ५. क्रियाकलाप तथा कार्यान्वयन प्रकृया | (ग) सम्बन्धित संस्थासँग समन्वय वैठक तथा कार्यक्रम संचालन सम्बन्धी विस्तृत प्रस्ताव माग गर्ने,<br>(घ) प्राप्त कागजातको आधारमा मूल्याङ्कन तथा सम्झौता गर्ने,<br>- क्रियाकलाप सञ्चालन सम्बन्धमा कार्यालयले थप निर्णय गर्न सक्नेछ । | | |
| ६. अपेक्षित प्रतिफल | अमोर सेवा नेपाल बालगृहलाई संचालन अनुदान उपलब्ध भई बालगृह सञ्चालनमा सहयोग पुग्ने। | | |

### ३.१.३९ जिल्ला बाल अधिकार समिति/जिल्ला बाल सञ्जालका पदाधिकारीहरुलाई बाल अधिकार सम्बन्धि अभिमुखिकरण

| खर्च शीर्षक | इकाई | लक्ष्य | त्रैमासिक अवधि |
|---|---|---|---|
| २२५२२ | जिल्ला | १ | दोस्रो/तेस्रो/चौथो |
| **शीर्षक** | **विवरण** | | |
| १. पृष्ठभूमि | बालअधिकारका चार आयामहरु **बाँच्न पाउने अधिकार, संरक्षणको अधिकार, विकास गर्न पाउने अधिकार, सहभागिताको अधिकार** सुनिश्चित गर्नका लागि जिल्ला/स्थानीय तहस्तरमा संचालन हुने हरेक गतिविधिमा बालअधिकारको सुनिश्चितता गर्न कार्यान्वयन तहमा देखिएका/देखिन सक्ने समस्याहरु पहिचान गर्दै समाधानका उपायहरु सहित भावी रणनीतिहरु समेत तय गर्नका लागि जिल्ला बाल अधिकार समिति मार्फत अनुगमन गरी सुझाव पेश गर्न यो कार्यक्रम समावेश गरिएको हो । | | |
| २. कार्यक्रमको उद्देश्य | जिल्ला बाल अधिकार समिति मार्फत जिल्ला/स्थानीय तहस्तरमा बाल | | |

| | |
|---|---|
| | अधिकार संरक्षण प्रवर्द्धन तथा अनुगमन गर्नु । |
| ३. कार्य जिम्मेवारी | सामाजिक विकास कार्यालय तनहुँ |
| ४. बजेट बाँडफाँड | कार्यक्रम संचालन तथा व्यवस्थापन सम्बन्धी खर्चहरु |
| ५. क्रियाकलाप तथा कार्यान्वयन प्रकृया | • समितिका पदाधिकारीहरुसँग समन्वय तथा कार्यक्रम संचालनको प्रारुप तयार<br>• कार्यक्रम संचालन<br>- क्रियाकलाप सञ्चालन सम्बन्धमा कार्यालयले थप निर्णय गर्न सक्नेछ । |
| ६. अपेक्षित प्रतिफल | जिल्ला बाल अधिकार समिति मार्फत जिल्ला/स्थानीय तहस्तरमा बाल अधिकार संरक्षण तथा प्रवर्द्धनमा सहयोग पुग्ने । |

### ३.१.४० श्रवण दृष्टिविहिन अपाङ्गता भएका व्यक्तिहरुका लागि क्षमता अभिवृद्धि कार्यक्रम

| खर्च शीर्षक | इकाई | लक्ष्य | त्रैमासिक अवधि |
|---|---|---|---|
| २२५२२ | जिल्ला | १ | दोस्रो/तेस्रो |

| शीर्षक | विवरण |
|---|---|
| १. पृष्ठभूमि | नेपालको संविधानमा अपाङ्गता भएका व्यक्तिहरुको हक अधिकार संरक्षण र प्रवर्धनका लागि भएका विभिन्न व्यवस्थाहरु रहेका छन् । यिनै व्यवस्थाहरुको कार्यान्वयन गर्नुका साथै श्रवण दृष्टिविहिन अपाङ्गता भएका व्यक्तिहरुलाई लक्षित गरी उनीहरुको क्षमता अभिवृद्धि कार्यान्वयन गर्नका लागि यो कार्यक्रम समावेश गरिएको हो । |
| २. कार्यक्रमको उद्देश्य | श्रवण दृष्टिविहिन अपाङ्गता भएका व्यक्तिहरु लक्षित क्षमता अभिवृद्धि कार्यक्रम मार्फत अधिकार संरक्षणमा सहयोग गर्नु । |
| ३. कार्य जिम्मेवारी | सामाजिक विकास कार्यालय तनहुँ । |
| ४. बजेट बाँडफाँड | कार्यक्रम संचालन तथा व्यवस्थापनका लागि आवश्यक खर्चहरु । |
| ५. क्रियाकलाप तथा कार्यान्वयन प्रकृया | • सम्बन्धित क्षेत्रमा कार्य गरिरहेका संस्थासँग समन्वय वैठक गरी तालिमका विषयवस्तुहरु निर्धारण गर्ने।<br>• निर्धारित विषयवस्तुमा कार्यालय आँफैले वा सम्बन्धित संस्थाहरु वीच प्रतिस्पर्धा गराई कार्यक्रम कार्यान्यिन गर्न सकिनेछ । |
| ६. अपेक्षित प्रतिफल | श्रवण दृष्टिविहिन अपाङ्गता भएका व्यक्तिहरु लक्षित क्षमता अभिवृद्धि कार्यक्रम मार्फत अधिकार संरक्षणमा सहयोग पुग्ने। |

### ३.१.४१ ज्येष्ठ नागरिक आश्रम बाग्लुङ न पा १४ लाई सञ्चालन अनुदान

| खर्च शीर्षक | इकाई | लक्ष्य | त्रैमासिक अवधि |
|---|---|---|---|
| २६४१३ | जिल्ला | १ | दोस्रो/तेस्रो/चौथो |
| **शीर्षक** | **विवरण** | | |
| १. पृष्ठभूमि | जेष्ठ नागरिक आश्रम बाग्लुङमा आश्रित ज्येष्ठ नागरिकहरुको दैनिक आवास सम्बन्धी व्यवस्थापन कार्यमा संचालनमा सहयोग पुऱ्याई आश्रित ज्येष्ठ नागरिकहरुको दैनिक जीवनयापनमा सहयोग गर्ने अभिप्रायले यो कार्यक्रम समावेश गरिएको हो । | | |
| २. कार्यक्रमको उद्देश्य | जेष्ठ नागरिक आश्रम बाग्लुङलाई संचालन अनुदान उपलब्ध गराउनु । | | |
| ३. कार्य जिम्मेवारी | सामाजिक विकास कार्यालय बाग्लुङ। | | |
| ४. बजेट बाँडफाँट | आश्रम संचालनका लागि आवश्यक खर्च व्यवस्थापन वापतको खर्चहरु | | |
| ५. क्रियाकलाप तथा कार्यान्वयन प्रकृया | (क) सम्बन्धित संस्थासँग समन्वय वैठक तथा कार्यक्रम संचालन सम्बन्धी विस्तृत प्रस्ताव माग गर्ने,<br>(ख) प्राप्त कागजातको आधारमा मूल्याङ्कन तथा सम्झौता गर्ने ।<br>- क्रियाकलाप सञ्चालन सम्बन्धी कार्यालयले थप निर्णय गर्न सक्नेछ । | | |
| ६. अपेक्षित प्रतिफल | जेष्ठ नागरिक आश्रम बाग्लुङलाई संचालन अनुदान उपलब्ध भई आश्रम सञ्चालनमा सहयोग पुग्ने । | | |

### ३.१.४२ स्थानीय तहको सहकार्यमा आत्महत्या दुरुत्साहनको लागि मनोसामाजिक परामर्श, प्रशिक्षक प्रशिक्षण तथा परिचालन कार्यक्रम

| खर्च शीर्षक | इकाई | लक्ष्य | त्रैमासिक अवधि |
|---|---|---|---|
| २२५२२ | जिल्ला | १ | तेस्रो |
| **शीर्षक** | **विवरण** | | |
| १. पृष्ठभूमि | समाजमा बढ्दै गइरहेको आत्महत्या वा आत्महत्या प्रयास जस्तो विकराल सामाजिक समस्याहरुको न्यूनिकरण गर्न मनोसामाजिक परामर्शदाता उत्पादन गरी परिचालन गर्न यो कार्यक्रम समावेश गरिएको हो । | | |
| २. कार्यक्रमको उद्देश्य | मानसिक स्वास्थ्य प्रवर्द्धन माफर्त आत्महत्या वा आत्महत्या प्रयासका घटनाहरुको न्यूनिकरण गर्नु। | | |
| ३. कार्य जिम्मेबारी | सामाजिक विकास कार्यालय, लमजुङ | | |
| ४. बजेट बाँडफाँट | कार्यक्रम संचालन तथा व्यवस्थापन । | | |
| ५. क्रियाकलाप तथा कार्यान्वयन प्रकृया | (१) आवश्यक संख्यामा मनोसामाजिक परामर्श सम्बन्धी TOT तालिम लिएका प्रशिक्षक छनौट, १ दिने अभिमुखिकरण र | | |

| | |
|---|---|
| | स्थानीय तहसँगको सहकार्यमा समुदाय स्तरमा परिचालन<br>(२) मनोसामाजिक परामर्श सम्बन्धी TOT तालिम सञ्चालन, स्थानीय तहसँगको सहकार्यमा समुदाय स्तरमा परिचालन<br>उपर्युक्त (१) र (२) वा (२) मात्र मध्ये कुनै एक क्रियाकलाप छनौट गरी कार्यालयले सञ्चालन गर्न सक्नेछ।<br>मनोसामाजिक परामर्शदाता परिचालन गर्न सकिने क्षेत्रहरु:<br>- आमा समुह, बालक्लव, टोल विकास संस्था, युवा कल्व, शिक्षक आदी<br>- क्रियाकलाप सञ्चालन सम्बन्धी कार्यालयले प्रचलित कानून बमोजिम थप निर्णय गर्न सक्नेछ । |
| ६. अपेक्षित प्रतिफल | मानसिक स्वास्थ्य प्रवर्द्धन माफर्त आत्महत्या वा आत्महत्या प्रयासका घटनाहरुको न्युनिकरणमा सहयोग पुग्ने। |

### ३.१.४३ सर्वोदय सेवाश्रम राइनास ८ लमजुङलाई सञ्चालन अनुदान

| खर्च शीर्षक | इकाई | लक्ष्य | त्रैमासिक अवधि |
|---|---|---|---|
| २२५२२ | जिल्ला | १ | दोस्रो/तेस्रो |
| शीर्षक | विवरण | | |
| १. पृष्ठभूमि | सर्वोदय सेवाश्रम लमजुङमा आश्रित ज्येष्ठ नागरिकहरुको दैनिक आवास सम्बन्धी व्यवस्थापन कार्यमा संचालनमा सहयोग पुऱ्याई आश्रित ज्येष्ठ नागरिकहरुको दैनिक जीवनयापनमा सहयोग गर्ने अभिप्रायले यो कार्यक्रम समावेश गरिएको हो । | | |
| २. कार्यक्रमको उद्देश्य | सर्वोदय सेवाश्रम राइनास ८ लमजुङलाई संचालन अनुदान उपलब्ध गराउनु । | | |
| ३. कार्य जिम्मेवारी | सामाजिक विकास कार्यालय लमजुङ | | |
| ४. बजेट बाँडफाँट | आश्रम संचालनका लागि आवश्यक खर्च व्यवस्थापन वापतको खर्चहरु | | |
| ५. क्रियाकलाप तथा कार्यान्वयन प्रकृया | (ग) सम्बन्धित संस्थासँग समन्वय वैठक तथा कार्यक्रम संचालन सम्बन्धी विस्तृत प्रस्ताव माग<br>(घ) प्राप्त कागजातको आधारमा मूल्याङ्कन तथा सम्झौता<br>- क्रियाकलाप सञ्चालन सम्बन्धी कार्यालयले प्रचलित कानून बमोजिम थप निर्णय गर्न सक्नेछ । | | |
| ६. अपेक्षित प्रतिफल | सर्वोदय सेवाश्रम राइनास ८ लमजुङलाई संचालन अनुदान उपलब्ध भई सेवाश्रम सञ्चालनमा सहयोग पुग्ने । | | |

## ३.१.४४ स्थानीय तहका प्रमुख उपप्रमुख सहितका अपाङ्गताका क्षेत्रमा काम गर्ने संघ संस्थाका पदाधिकारीहरुका लागि अन्तरक्रिया अभिमुखिकरण कार्यक्रम (नवलपुर)

| खर्च शीर्षक | इकाई | लक्ष्य | त्रैमासिक अवधि |
|---|---|---|---|
| २२५२२ | जिल्ला | १ | दोस्रो/तेस्रो |

| शीर्षक | विवरण |
|---|---|
| १. पृष्ठभूमि | अपाङ्गता भएका व्यक्तिहरुको अधिकारका सम्बन्धमा स्थानीय तहका जनप्रतिनिधि तथा अपाङ्गताका क्षेत्रमा कार्य गर्ने संघ संस्थासँगको समन्वय तथा सहकार्यलाई प्रभावकारी बनाइ अपाङ्गता भएका व्यक्तिहरुको अधिकारलाई सुनिश्चित गर्न यो कार्यक्रम समावेश गरिएको हो । |
| २. कार्यक्रमको उद्देश्य | अपाङ्गता भएका व्यक्तिहरुको अधिकारको सुनिश्चितताका सम्बन्धमा स्थानीय तहका जनप्रतिनिधि तथा अपाङ्गताका क्षेत्रमा कार्य गर्ने संघ संस्थासँगको समन्वय तथा सहकार्यलाई प्रभावकारी बनाउने । |
| ३. कार्य जिम्मेवारी | सामाजिक विकास कार्यालय नवलपुर |
| ४. बजेट बाँडफाँट | कार्यक्रम संचालन तथा व्यवस्थापन खर्चहरु |
| ५. क्रियाकलाप तथा कार्यान्वयन प्रकृया | • सरोकारवाला पक्षसँगको समन्वय गर्ने,<br>• कार्यक्रमको प्रारुप तयारी गर्ने,<br>• कार्यक्रम सञ्चालन गर्ने,<br>- क्रियाकलाप सञ्चालन सम्बन्धी कार्यालयले प्रचलित कानून बमोजिम थप निर्णय गर्न सक्नेछ । |
| ६. अपेक्षित प्रतिफल | अपाङ्गता भएका व्यक्तिहरुको अधिकारको सुनिश्चितताका सम्बन्धमा स्थानीय तहका जनप्रतिनिधि तथा अपाङ्गताका क्षेत्रमा कार्य गर्ने संघ संस्थासँगको समन्वय तथा सहकार्यलाई प्रभावकारी बनाउन सहयोग पुग्ने। |

## ३.१.४५ बुढीगण्डकी वृद्धाश्रम विकास केन्द्र आरुघाट गोरखालाई सञ्चालन अनुदान

| खर्च शीर्षक | इकाई | लक्ष्य | त्रैमासिक अवधि |
|---|---|---|---|
| २६४१३ | जिल्ला | १ | दोस्रो/तेस्रो/चौथो |

| शीर्षक | विवरण |
|---|---|
| १. पृष्ठभूमि | वुढिगण्डकी वृद्धाश्रम विकास केन्द्र आरुघाट गोरखामा आश्रित ज्येष्ठ नागरिकहरुको दैनिक आवास सम्बन्धी व्यवस्थापन कार्यमा संचालनमा सहयोग पुऱ्याई आश्रित ज्येष्ठ नागरिकहरुको दैनिक जीवनयापनमा सहयोग गर्ने अभिप्रायले यो कार्यक्रम समावेश गरिएको हो । |
| २. कार्यक्रमको उद्देश्य | वुढिगण्डकी वृद्धाश्रम विकास केन्द्र आरुघाट गोरखालाई संचालन अनुदान उपलब्ध गराउनु |
| ३. कार्य जिम्मेवारी | सामाजिक विकास कार्यालय गोरखा । |
| ४. बजेट बाँडफाँट | आश्रम संचालनका लागि आवश्यक खर्च व्यवस्थापन वापतको खर्चहरु |
| ५. क्रियाकलाप तथा कार्यान्वयन प्रकृया | (क) सम्बन्धित संस्थासँग समन्वय वैठक तथा कार्यक्रम संचालन सम्बन्धी विस्तृत प्रस्ताव माग<br>(ख) प्राप्त कागजातको आधारमा मूल्याङ्कन तथा सम्झौता<br>- क्रियाकलाप सञ्चालन सम्बन्धी कार्यालयले प्रचलित कानून बमोजिम थप निर्णय गर्न सक्नेछ । |
| ६. अपेक्षित प्रतिफल | बुढिगण्डकी वृद्धाश्रम विकास केन्द्र आरुघाट गोरखालाई संचालन अनुदान उपलब्ध हुने। |

# अनुसूचि १

## लैङ्गिक तथा यौनिक अल्पसंख्यकहरुले कार्यक्रमको लागि पेश गर्ने व्यवसायिक योजना प्रस्ताव सहितको ढाँचा

श्री सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय
पोखरा ।

१. उद्यमी/व्यवसायीको नामथरः         ठेगानाः       सम्पर्क नं.

२. उद्योग/व्यवसाय संचालन गरेको स्थानः

३. उद्योग/व्यवसाय

क. नाम

ख. पृष्ठभूमि

ग. उद्योग/व्यवसायको दर्ता नं. र दर्ता मिति            पान नं.

घ. व्यवसाय स्थापनाको उद्देश्य

ङ. शुरु लगानी (नगद तथा अन्य)

च. उद्योग/व्यवसायको प्रकृतिः (पशुजन्य/कृषिजन्य/जडिवुटी/लघु उद्यम/अन्य)

छ. हाल जनशक्तिको अवस्थाः महिला.....पुरुष....कुल .....जना

ज. उद्योग/व्यावसाय संचालनमा रहेको जग्गाको स्वामित्व/प्रमाण

झ. व्यवसायको हालको अववस्थाः

ञ. उत्पादन र बजारको अवस्था तथा सम्भावना

ट. व्यवसायः उत्पादनजन्य/प्रशोधनजन्य/बजारीकरण

ठ. आवश्यक कच्चा पदार्थ र संचालन सामग्री आपूर्तिको व्यवस्था

ड. कच्चा पदार्थको उपलब्धताः स्थानीयस्तरमा उपलब्ध/जिल्लाभित्र उपलब्ध/जिल्ला बाहिरबाट ल्याउनुपर्ने

ढ. भावी योजना अनुसार आवश्यक पर्ने प्राविधिक तथा अन्य जनशक्तिः महिला र पुरुष संख्या खुलाउने

ण. जोखिम व्यवस्थापनको सोचः

त. माग/अपेक्षा गरेको सहयोगको क्षेत्रः

थ. व्यवसायमा प्रयोग हुने प्रविधि र अनुमानित लागत

द. लगानी विस्तारको योजना

ध. अन्य केही भए खुलाउने ।

**पेश गर्नेको**

नामथरः

हस्ताक्षरः

उद्योग/व्यवसायको छापः

# अनुसूचि २

## लैङ्गिक तथा यौनिक अल्पसंख्यकहरुको लागि मूल्याङ्कनका आधारहरु

| क्रसं. | सूचक | पूर्णाङ्क | अंक विभाजन | कैफियत |
|---|---|---|---|---|
| १ | उद्योग सञ्चालनको कार्यानुभव (अवधि) | १० | ४ वर्ष भन्दा कम भए- अंक १०<br>४ देखि ७ वर्षसम्म भए- अंक ८<br>७ वर्ष वढि भए — अंक ६ | |
| २ | उद्योग/व्यवसाय रहेको स्थानीय तह | १० | गाउँपालिका भए- अंक १०<br>नगरपालिका भए — अंक ८<br>महानगरपालिका भए — अंक ६ | |
| ३ | उद्यमको प्रकृति | १० | उत्पादनमुलक भए -अंक १०<br>सेवामुलक भए — अंक ८<br>अन्य भए- अंक ६ | |
| ४ | गत वर्ष यसै बमोजिमको कार्यक्रमबाट लाभान्वित | १० | नभएको — अंक १०<br>भएको - अंक ० | |
| ५ | योजना मागको समग्र मूल्याङ्कन | १० | राम्रो — अंक १०<br>ठिकै — अंक ८<br>सामान्य — अंक ६ | |
| जम्मा | | ५० | | |

## अनुसूची-३

### आपत्कालिन उद्धार कार्यक्रम अन्तर्गत राहत तथा आर्थिक सहयोग उपलब्ध गराउने रकमको हद र आधार

(क) विभिन्न कारणले जोखिमपूर्ण अवस्थामा रहेका महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, लैङ्गिक तथा यौनिक अल्पसंख्यकहरुलाई तत्काल उद्धार, औषधी उपचार, कानूनी सहायता, शिक्षा, स्वास्थ्य लगायतका आधारभूत आवश्यकता परिपूर्तिको लागि आर्थिक सहयोग प्रदान नगरेमा गम्भीर मानवीय क्षति हुने देखिएमा कार्यालयले सो प्रयोजनको लागि बढीमा रु.पचास हजारसम्म खर्च गर्न सक्नेछ

(ख) पीडितले कुनै सिपमूलक तालिम प्राप्त गरी व्यवसाय संचालन गर्नका लागि वस्तुगत तथा नगद अनुदान माग गरेमा प्रति व्यक्ति बढीमा रु.बीस हजार बीउपूँजि रकम उपलव्ध गराउन सकिनेछ।

(ग) पिडितलाई तत्काल उद्दारको क्रममा सवारी साधन भाडा रकम (सम्भव भएसम्म सार्वजनिक सवारी साधनको प्रयोगलाई प्राथमितकता दिनु पर्नेछ), प्रति दिन प्रति व्यक्ति खाना खर्च वापत रु. तीन सय र बास बस्नु पर्ने भए सो वापत बढिमा रु. पाँच सयका दरले प्रति घटना बढीमा जम्मा रु. सात हजारसम्म उपलव्ध गराइनेछ।

(घ) पिडितलाई अस्पताल भर्ना गरी औषधी उपचार गर्नु पर्ने भएमा अस्पताल जाँदाको सवारी साधन भाडा रकम (सम्भव भएसम्म सार्वजनिक सवारी साधनको प्रयोगलाई प्राथमितकता दिनु पर्नेछ), प्रति व्यक्ति प्रति दिन खाना खर्च वापत रु.तीन सय र अस्पतालमा बस्ने व्यवस्था नभई वाहिर बस्नु परेमा बास खर्च वापत बढीमा रु. पाँच सयसम्म तथा उपचार खर्च समेत गरी प्रति घटना बढीमा रु. छ हजार पाँच सयसम्म उपलव्ध गराइनेछ

(ङ) सडक मानव उद्धार तथा व्यवस्थापनका लागि लाग्ने यातायात ,आवास, खाना, खाजा वापत लाग्ने वास्तविक खर्च ।

(च) पीडितसंग कुनै बालबच्चा भए पिडित सरहको खाना खर्च रकम उपलव्ध गराइनेछ । ।

(छ) जोखिममा परेका उल्लेखित व्यक्तिहरुको संरक्षण र पुनर्स्थापनाका लागि समितिले आवश्यक ठानेका खर्चहरु।

## अनुसूची-४

## अपाङ्गता भएका व्यक्तिहरुका लागि सशक्तीकरण कार्यक्रमको प्रस्ताव मूल्याङ्कनका आधारहरु

| क्र सं. | सूचक | पूर्णाङ्क | प्राप्ताङ्क | कैफियत |
|---|---|---|---|---|
| १ | गत आ. व. मा मन्त्रालयमा अपाङ्गता भएका व्यक्तिको सशक्तीकरण कार्यक्रम वा सामाजिक विकास कार्यालयबाट समुदायमा आधारित पुनर्स्थापना कार्यक्रम अन्तर्गत सीपमूलक तालिम लिई उद्योग दर्ता गरेका | **१० अंक** | | |
| २ | **उद्योगको प्रकार**<br>-साझेदारी<br>-व्यक्तिगत | **१० अंक**<br>१० अंक<br>*५ अंक* | | |
| ३ | **उद्योग सञ्चालन अवधि**<br>- १ वर्ष सम्म भए<br>- ३ वर्ष सम्म भए<br>- ५ वर्ष वा सो भन्दा वढि भए | **१० अंक**<br>१० अंक<br>७ अंक<br>४ अंक | | |
| ४ | **उद्योगको प्रकृति**<br>–उत्पादनमूलक<br>–अन्य | **१० अंक**<br>१०अंक<br>५ अंक | | |
| ५ | प्रस्ताव उपर कार्यालयको समग्र मूल्याङ्कन<br>- उत्तम<br>- मध्यम<br>- ठिकै | **१० अंक**<br>१० अंक<br>८ अंक<br>६ अंक | | |
| | **जम्मा** | **५०** | | |